जलवायु परिवर्तन एवं रेडप्लस शब्दावली

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं

२०७१

जलवायु परिवर्तन एवं रेडप्लस शब्दावली

(नेपाली भावार्थ)
(चौथो संस्करण)

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं

२०७१

जलवायु परिवर्तन एवं रेडप्लस शब्दावली

प्रकाशन मितिः २०८१ असार (आ.व. २०८०/२०८१)

प्रकाशन प्रतिः १००० प्रति (चौथो संस्करण)

प्रकाशकः नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं
फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेवसाइट : www.redd.gov.np

प्रकाशकीय

नेपाल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय प्रारुप महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौताको पक्ष राष्ट्र हो । जलवायु परिवर्तन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूको पक्ष राष्ट्रका रुपमा नेपाल रहेको सन्दर्भमा नेपालमा प्रभावकारी रुपमा रेडप्लस सम्बन्धी कार्य सञ्चालनका लागि आर्थिक वर्ष २०६६/२०६७ सालमा रेड कार्यान्वयन केन्द्रको स्थापना भएको थियो । यस केन्द्रको स्थापनाकालदेखि आजसम्म आइपुग्दा रेडप्लसका सम्बन्धमा विभिन्न रेड तयारीका गतिविधि एवम् नतिजामुलक कार्यान्वयनका लागि प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ । नेपालमा रेडप्लसको विकासक्रममा भएका मुख्य कार्यहरूमा तराई भू-परिधि क्षेत्रका १३ वटा जिल्लाको उत्सर्जन न्यूनीकरण कार्यक्रम स्वीकृति (सन् २०१८), नेपाल राष्ट्रिय रेडप्लस रणनीति (सन् २०१८), विश्व बैंकसँगको उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता (सन् २०२१), प्रथम उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन पेश (सन् २०२३), नेपाल सरकार र इमर्जेन्ट बीच बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ जिल्लाहरूमा उत्सर्जन कटौतिको कारोबार गर्ने आशयपत्रमा हस्ताक्षर (सन् २०२१) आदि पर्दछन् ।

नेपालले जलवायु परिवर्तन एवम् रेडप्लसका क्षेत्रमा विभिन्न कार्य गरिरहेको अवस्थामा सम्पूर्ण सरोकारवाला निकाय, आदिवासी जनजाति एवम् स्थानीय समुदायहरूलाई जलवायु परिवर्तन र रेडप्लसका शब्दावलीका बारेमा जानकारी दिनु अति नै महत्वपूर्ण छ। यसैक्रममा रेड कार्यान्वयन केन्द्रले पहिलो पटक वि.सं. २०६७ सालमा जलवायु परिवर्तन तथा रेडप्लस शब्दावली प्रकाशनमा ल्याएको थियो । यसैगरी रेड कार्यान्वयन केन्द्रले पहिलो संस्करणमा नयाँ शब्द थप एवम् परिमार्जन गरी समयक्रम अनुसार वि.सं. २०७० सालमा दोस्रो र वि.सं. २०७५ सालमा तेस्रो परिमार्जित संस्करण प्रकाशित गरेको थियो। सरोकारवालाहरूबाट जलवायु परिवर्तन र रेडप्लसका शब्दावलीहरूको बारेमा अत्याधिक चासोका कारण हाल २०८१ सालमा अघिल्ला प्रकाशनहरूमा केही नयाँ शब्द थप एवम् केही समयानुकूल परिमार्जन तथा सम्पादन गरी जलवायु परिवर्तन एवम् रेडप्लस शब्दावली चौथो संस्करण (२०८१) तपाईहरूको हातमा ल्याएका छौं ।

जलवायु परिवर्तन एवम् रेडप्लस शब्दावली चौथो संस्करण (२०८१) लाई अन्तिम रुप दिन अहोरात्र खटिने रेड कार्यान्वयन केन्द्रका उपसचिव प्रकाश थापालाई धन्यवाद दिन चाहन्छु । यसैगरी यस पुस्तकको तयारी चरणमा योगदान पुऱ्याउने उपसचिव प्रकाश नेपाल, भू-संरक्षण अधिकृत विष्णुकुमारी अधिकारी, वन अधिकृत शान्ता काफ्ले, वन अधिकृत सुजस फुयाल, स. कम्प्युटर अपरेटर रनिता राई, प्राविधिक लिजा केसी र इन्टर्न विद्यार्थी सुरज साह लगायत यस केन्द्रका सम्पूर्ण कर्मचारीहरू प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा, यस पुस्तकमा भएका शब्दावलीहरूको गहन अध्ययन गरी पुस्तकमा कमी कमजोरी भेटिएमा यस केन्द्रलाई जानकारी दिई आगामी संस्करण प्रकाशनका लागि सुझाव सल्लाह दिन हार्दिक अनुरोध गर्दछु ।

नवराज पुडासैनी
केन्द्र प्रमुख (सह-सचिव)

विषय सूची

शब्द सूची

A

B

C

D

E

E

G

H

I

J

K

L

M

N

O

P

R

T

U

V

W

Z

जलवायु परिवर्तन र रेडप्लस शब्दावलीहरूको नेपाली भावार्थ

A

Abatement (उत्सर्जन मत्थर): यस शब्दको प्रयोग हरितगृह ग्याँस उत्सर्जन कटौती गर्ने कार्यबाट प्राप्त नतिजा अर्थात् परिणामलाई जनाउन गरिन्छ । यसलाई अर्को अर्थमा हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने कार्यको नतिजाको रुपमा पनि लिइन्छ ।

Above-ground biomass (जमिन माथिको जैविक पिण्ड): रुख बिरुवाको जमिन माथि रहेका हाँगाबिँगा, काण्ड, बोक्रा, ठुटा, पात तथा बिउ लगायतका जैविक पिण्डको कुलतौल भन्ने बुझिन्छ ।

Accelerated Erosion (तीव्र भू-क्षय): मानविय क्रियाकलापका कारण माटोको भौतिक तथा रासायनिक गुणमा ह्रास हुने गरी अत्याधिक रुपमा भू-क्षय हुने प्रक्रियालाई तीव्र भू-क्षय भनिन्छ । यसबाट माटोमा रहेको कार्बन समेत प्राकृतिक रुपमा उत्सर्जन हुने गर्दछ ।

Acclimatization (पारिस्थितिक अनुकूलन, जलवायु अनुकूलन): जीवनलाई बदलिँदो हावापानीमा सजिलैसित बस्न सक्ने बनाउनु, वनस्पति वा जीवजन्तुले बदलिँदो परिस्थितिसँग मिल्नु भन्ने बुझिन्छ ।

Accounting Area (लेखाजोखा गरिएको क्षेत्र): कार्बनउत्र्सन सम्बन्धी आधारभूत तह (Reference Level) स्थापना गरिएको भौगोलिक क्षेत्र जसमा वन क्षेत्रबाट हुने उत्र्सजन र अवशोषण वा REDD+ गतिविधिहरूको मापन, प्रतिवेदन र प्रमाणीकरण गरिन्छ ।

Acid Rain (अम्लीय वर्षा): औद्योगिक क्रियाकलापका कारण उत्सर्जन हुने हरितगृह ग्याँस (खासगरी सल्फरडाइअक्साइड र नाइट्रोजन अक्साइडहरू) वायुमण्डलमा प्रवेश गरी वायुमण्डलमा रहेको पानीको वाफसँग सम्मिश्रण भई पुन: अम्लीय पानीको रुपमा पृथ्वीमा झर्ने प्रक्रिया नै अम्लीय वर्षा हो । यस्तो प्रकारको अम्लीय वर्षाले खासगरी मानव स्वास्थ्य, जैविक विविधता, जलस्रोत, सांस्कृतिक सम्पदा, भौतिक

पूर्वाधार आदिमा नकारात्मक असर पार्दछ। अम्लीय वर्षा नियन्त्रणका लागि उर्जा उत्पादन गर्न अधिक मात्रामा प्रयोग गरिने सल्फर, क्लोरिन र नाइट्रोजनको प्रयोगमा कटौती गर्नु पर्दछ।

Activity (गतिविधि): कुनै निश्चित क्षेत्रमा दिइएको समयावधिमा गरिएका अभ्यास वा गतिविधिहरू भन्ने बुझिन्छ।

Activity data (गतिविधि आंकडा): मानव कृयाकलाप (जस्तै, वनसँग सम्बन्धित भूमि प्रयोग र भू-उपयोग परिवर्तन) को परिमाण सम्बन्धी आंकडा।

Adaptation (अनुकूलन): जलवायु परिवर्तनका कारणबाट श्रृजित परिस्थितिमा विभिन्न उपायहरू अवलम्बन गरी जीवनयापन गर्ने क्षमतामा अभिवृद्धि गर्नु नै अनुकूलन हो। अनुकूलनका उपायहरूको माध्यमबाट वास्तविक र सम्भावित जलवायु परिवर्तनका कारण सृजित चुनौती वा जोखिम मोलेर मानव निर्मित वा प्राकृतिक वातावरणमा समाहित हुने अवसरहरूको खोजी गरिन्छ। अन्य वैकल्पिक उपायहरूका अतिरिक्त वन व्यवस्थापनका माध्यमबाट पनि अनुकूलन क्षमतामा अभिवृद्धि गर्न सकिन्छ। आइ.पी.सी.सीका अनुसार जलवायु अनुकूलनलाई निम्न प्रकारमा वर्गिकरण गरिएको छ:

- **Anticipatory Adaptation (सम्भावित जोखिमको अनुकूलन वा पूर्व अनुकूलन)**: जलवायु परिवर्तनको प्रत्यक्ष असर देखिनु भन्दा पहिला नै सम्भावित जोखिम व्यवस्थापन गर्दै सोही अनुरुप जीवनयापनमा परिवर्तन ल्याउनुलाई पूर्व अनुकूलन भनिन्छ।
- **Autonomous Adaptation (स्वत:स्फूर्त अनुकूलन)**: जलवायु परिवर्तनबाट श्रृजना हुने सम्भावित परिस्थितिसँग स्वत:स्फूर्त रुपमा सचेत भई सोही अनुसार जीवनयापनमा परिवर्तन ल्याउने प्रतिक्रियालाई स्वत:स्फूर्त अनुकूलन भनिन्छ। यसमा मानिसले नजानिदो रुपमा सहज जीवनयापनका लागि गर्ने क्रियाकलापहरू पर्दछन्। यो जलवायु परिवर्तनबाट आईपर्न सक्ने परिणामको सामनाका लागि योजना अनुरुप वा पूर्व तयारी भई गरिने कार्य भने होइन।
- **Plan Adaptation (योजनाबद्ध अनुकूलन)**: जलवायु परिवर्तनका कारण श्रृजना हुने परिस्थिति प्रति चनाखो भई त्यसलाई व्यवस्थित रुपमा सम्बोधन गर्न अपनाइने क्रियाकलापलाई योजनाबद्ध अनुकूलन भनिन्छ। जलवायु परिवर्तनबाट पर्ने असरको आँकलन गरी सोही अनुरुपको परिस्थितिमा जीवनयापन गर्न सहयोग पुऱ्याउनु नै योजनाबद्ध अनुकूलन हो।

Adaptation Framework (अनकूलन संरचना): अनुकूलनका कार्यहरू अभिवृद्धिका लागि विकासोन्मूख देशहरूले बनाएका योजनाहरू कार्यान्वयनका लागि विकसित देशहरूले सहयोग गर्ने गरी सन् २०१० मा सम्पन्न क्यानकुन सम्झौतामा उल्लेख गरिएको सहमतिलाई अनुकूलन संरचना भनिन्छ । यसमा अनुकूलन योजनाहरूको कार्यान्वयन, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिका लागि सहयोग, संस्थागत विकास, अनुकूलन सम्बन्धमा महासन्धिमा उल्लेखित सिद्धान्तहरूको पालना र अनुकूलनका सबै प्रक्रियाहरूमा सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता गरी पाँच वटा विषयहरू उल्लिखित छन् ।

Adaptation Fund (अनुकूलन कोष): विकासोन्मुख देशहरूमा अनुकूलनसम्बन्धी परियोजना एवं कार्यक्रमहरू सञ्चालनका लागि सहयोग गर्ने उद्देश्यले क्योटो प्रोटोकल अन्तर्गत निर्माण गरिएको कोष नै अनुकूलन कोष हो । यस कोषमा स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism - CDM) अन्तर्गत जारी गरिएका प्रमाणित उत्सर्जन कटौती (Certified Emission Reduction - CER) का क्रेडिट बिक्रीबाट प्राप्त हुने शेयरको २ प्रतिशत रकम र अभिसन्धिले तोकेको दायित्व अनुसार औद्योगिक देशहरूबाट प्राप्त हुने रकम जम्मा गरिन्छ र यस कोषको रकम महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलनबाट निर्णय गरिए अनुसार जलवायु परिवर्तनका कारण जोखिममा परेका मुलुकहरूमा अनुकूलन कार्यका लागि उपलब्ध गराइन्छ ।

Adaptation Technologies (अनुकूलनका प्रविधिहरू): अनुकूलनका लागि विकास गरिएका परम्परागत र वैज्ञानिक प्रविधिहरू नै अनुकूलन प्रविधिहरू हुन् । धेरैजसो अनुकूलन प्रविधिहरू स्थानीय रुपमा लाभदायक प्रमाणित भएका प्रविधि, ज्ञान र प्रयासहरूमा केन्द्रित रहेका हुन्छन् । परम्परागत प्रविधिले प्रतिकूल मौसमका चुनौतीसँग जुध्न सक्ने किसिमको प्रविधिको विकास र उपयोग गर्न सिकाएको हुन्छ । जस्तैः जडीबुटीको प्रयोग गर्ने विधि, घरमा बाढीको पानी नपसोस् भनी अग्लो जग वा अग्ला खम्बामा आधारित घर बनाउने शैली, बाढी छिर्नबाट रोक्नका लागि खोला किनारका खेतबारी छेउमा अग्लो आली बनाउनु, बाँस वा बैंसका रुखहरू रोप्नु, पहाडी क्षेत्रका डाँडाहरूमा सुख्खा समयमा पनि वस्तुभाउलाई पानीका लागि पोखरी बनाउनु आदि । त्यस्तै मौसमबारे पूर्व जानकारी दिने प्रविधि विकास जस्ता आधुनिक सूचना प्रविधिहरूले पनि अनुकूलनका लागि सहज बनाएको हुन्छ ।

Adaptive Capacity (अनुकूलन क्षमता): जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरूसँग अनुकूलन हुन सक्ने क्षमतालाई अनुकूलन क्षमता भनिन्छ। यसले जलवायु परिवर्तनका सम्भावित प्रतिकूल प्रभावहरूसँग जुध्ने र प्रभाव कम गर्न सक्ने समग्र क्षमतालाई जनाउँछ।

Additionality (अतिरिक्तता): वन व्यवस्थापनको विद्यमान अवस्थामा परिवर्तन नगरी वन क्षेत्रबाट हुने कार्बन उत्सर्जनमा कमी गर्न सम्भव नहुने भएमा वन व्यवस्थापन सम्बन्धी नयाँ क्रियाकलापको कार्यान्वयनबाट कार्बन उत्सर्जन घटेमा वा कार्बन सञ्चिति बढेमा त्यसरी प्राप्त हुने नतिजालाई अतिरिक्तता मानिन्छ।

Addressing safeguards (सुरक्षा संयन्त्रको सम्बोधन): रेडप्लस कार्यान्वयनबाट पर्न सक्ने सामाजिक र वातावरणीय दुष्प्रभावहरूलाई सम्बोधन गर्न बनाइएका नीति नियम तथा कानूनको प्रभावकारी संरचनागत संयन्त्र सहितको व्यवस्थालाई बुझिन्छ।

Ad-hoc Working Groups (तदर्थ कार्यसमूहहरू): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको पक्ष राष्ट्रका विभिन्न सम्मेलनहरूले महासन्धिको कार्यान्वयनको लागि आवश्यक पर्ने संरचना, कानुन एवं मापदण्डहरूको कार्यसूची तयार गर्नका लागि विभिन्न विषयमा तदर्थ कार्य समूहहरू गठन गर्ने व्यवस्था गरेका छन्। महासन्धिका पक्षराष्ट्रहरूको इन्डोनेशियाको वाली सहरमा सम्पन्न १३ औं सम्मेलनमा महासन्धिको कार्यान्वयनका लागि दीर्घकालीन सहकार्यसम्बन्धी कार्यहरूको सिफारिस गर्न गठन गरेको तदर्थ कार्यसमूह (Ad-hoc Working Group on Logn-term Cooperative Action) र क्योटो अभिसन्धिको पूनरावलोकन गरी संशोधनका लागि सिफारिस गर्न गठित तदर्थ कार्यसमूह (Ad-hoc Working Group on Kyoto Protocol) जलवायु परिवर्तनसम्बन्धी वार्ताका क्रममा निकै चर्चामा रहेका थिए।

Adverse Effects/Impacts (प्रतिकूल असर/प्रभाव): जलवायु परिवर्तनका सन्दर्भमा प्रतिकूल प्रभाव भन्नाले जलवायु परिवर्तनबाट पर्ने सम्भावित नकारात्मक असर/प्रभावलाई जनाउँछ। समुद्री सतहको वृद्धि, वर्षा हुने प्रक्रियाहरूमा परिवर्तन, आँधी आउने शैलीमा परिवर्तन आदि जलवायु परिवर्तनका नकारात्मक असर हुन्।

Afforestation (वृक्षारोपण): वृक्षारोपण भन्नाले विगतमा वन नभएको नाङ्गो जमिनमा रुख प्रजातिका बिरुवा रोपी स्थायी रुपमा वन कायम गर्ने प्रत्यक्ष मानवीय क्रियाकलापलाई जनाउँछ ।

African Group (अफ्रिकन समूह): जलवायु परिवर्तनसम्बन्धी सम्मेलनहरूमा आफ्नो आवाज बुलन्द पार्न अफ्रिकन मुलुकहरूले आफ्नो समूह बनाएका छन् । संयुक्त राष्ट्रसङ्घमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको यस समूहले जलवायु परिवर्तनका सन्दर्भमा हुने वार्ता प्रक्रियामा अफ्रिकाको हितका लागि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । यस समूहमा रहेका कतिपय देशहरू टापु राष्ट्रहरूको संगठन र कतिपय देशहरू अतिकम विकसित देशहरूको समूहमा रहेर आफ्नो हितका लागि भूमिका निर्वाह गरिरहेका हुन्छन् । अधिकांश अफ्रिकी मुलुकहरू एकभन्दा बढी समूहको सदस्यका रुपमा सक्रिय रहेका छन् ।

Age of Forest (वनको उमेर): वन जङ्गलमा उम्रेका रुखबिरुवाहरूको औसत उमेर ।

Agriculture, Forestry and Other Land Uses (AFOLU) (कृषि, वन र अन्य भू–उपयोग): यस मापदण्डको विकास प्रमाणित कार्बन मापदण्ड (Verified Carbon Standards – VCS) ले गरेको हो । यस मापदण्ड अनुसारका कार्बन व्यापार सम्बन्धी परियोजनाहरूको विकास गर्नका लागि सन् २००६ मा VCS ले **कृषि, वन र अन्य भू–उपयोग** (AFOLU) क्षेत्रको हरितगृह ग्याँस मापनका लागि बनाएको मार्गदर्शन अनुसारको विधि अपनाउनु पर्ने हुन्छ । यस मार्गदर्शन अनुसार हरितगृह ग्याँस उत्सर्जन कटौती गर्न वा हरितगृह ग्याँस सञ्चिति गर्नका लागि सञ्चालन गरिने क्रियाकलापहरू अन्तर्गत कृषि क्षेत्र समेतलाई समेटेर कार्बन व्यापार परियोजना बनाउन सकिन्छ ।

Agro-ecosystem (कृषि पारिस्थितिकीय प्रणाली): कृषि, वनस्पति र जीवजन्तु बीचको अन्तरसम्बन्धबाट श्रृजित पारिस्थितिकीय प्रणालीलाई कृषि पारिस्थितिकीय प्रणाली भनिन्छ । यस्तो प्रणालीमा उपयुक्त व्यवस्थापन विधिबाट कृषिबाली तथा जीवजन्तुलाई तालमेलमा राख्ने किसिमले विभिन्न प्रणालीहरूको विकास गरिएको हुन्छ ।

Agro-forestry (कृषि वन): कृषिबाली सँगसँगै रुख बिरुवा हुर्काउने प्रणालीलाई कृषि वन भनिन्छ । कृषि वनको माध्यमबाट कुनै पनि कृषि बाली लगाइने क्षेत्रमा पारिस्थितिकीय र आर्थिक रुपमा उत्तम हुने र कृषिको उत्पादकत्वमा प्रतिकूल असर

नपर्ने गरी अधिकतम फाईदा लिन सकिन्छ । यस प्रणालीबाट खाद्यान्नका लागि बाली, वस्तुभाउलाई डालेघाँस तथा पोषण र इन्धनका लागि दाउरा एकैसाथ प्राप्त गर्न सकिने अवस्था रहन्छ भने माटोको उर्वराशक्ति कायम राखी भू-क्षय नियन्त्रण र वातावरणको संरक्षणमा समेत सहयोग पुगेको हुन्छ । त्यस्तै गरी कृषिवन मार्फत् जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा योगदान पुगिरहेको हुन्छ । त्यसैले कृषि वनलाई पनि कार्बन व्यापारमा लैजान सकिने गरी विभिन्न तहमा मापदण्डहरूको विकास र अभ्यास भइरहेको छ ।

Albedo (एल्बेडो): सूर्यबाट आएको प्रकाश वा तापशक्ति (Solar Radiation) लाई परावर्तन गर्न सक्ने कुनै वस्तु वा सतहको क्षमतालाई Albedo भनिन्छ । कुनै वस्तु वा सतहले प्राप्त गरेको कूल प्रकाश वा ताप शक्तिमध्ये त्यसले परावर्तन गरेको शक्तिको प्रतिशत वा अनुपातको रुपमा यसको मापन गरिन्छ । पृथ्वीमा हिउँले ढाकेको सतहको Albedo (९० प्रतिशत वा ०.९ सम्म) हुन्छ भने वन जङ्गल तथा समुन्द्रको Albedo (सामान्यत: १० प्रतिशत वा ०.१ मात्र) हुन्छ । औसतमा पृथ्वीको Albedo करिब ३० (०.३) प्रतिशत हुन्छ ।

Allelopathic (एलेलोप्याथिक): बीउ अंकुरणमा बाधा पुऱ्याउन वा नजिकैका बिरुवाहरूको वृद्धिलाई रोक्न रसायनहरू उत्पादन गर्ने बिरुवालाई जनाउँछ ।

Alliance of Small Island States- AOSIS (साना द्वीपराष्ट्रहरूको संगठन): जलवायुसम्बन्धी दोस्रो विश्व सम्मेलनका क्रममा सन् १९९० मा स्थापना भएको यस संगठनमा ४३ वटा साना द्वीपीय राष्ट्रहरू सदस्य रहेका छन् । प्राय सबै साना द्वीपीय विकासोन्मुख मुलुकहरू पनि यसका सदस्य रहेका छन् । विश्वव्यापी जलवायु परिवर्तनका कारण समुन्द्र सतह वृद्धि हुँदै आएकोले यी राष्ट्रहरू बढी जोखिममा पर्दै गएका छन् । जलवायु परिवर्तनसम्बन्धी वार्ताहरूमा यी राष्ट्रहरूले आफ्नो अस्तित्वका लागि साझा आवाज उठाउँदै आएका छन् । यी राष्ट्रहरूले विकसित राष्ट्रहरूद्वारा छिटोभन्दा छिटो हरितगृह ग्याँस उत्सर्जनमा व्यापक कटौती गर्नुपर्ने अडान राख्दै आएका छन् ।

Allometric Equation (एलोमेट्रिक इक्वेशन): एलोमेट्रिक इक्वेशन भन्नाले रुखको आयतन र यसको जैविक पिण्डका बीचको परिमाणात्मक सम्बन्धलाई जनाउँछ । रुखको पुरै उचाई, छातिसम्मको उचाई, मोटाई आदि जस्ता मापनका सजिला उपायहरू प्रयोग गरी रुखको जैविक पिण्ड अनुमान गर्न यस विधिको प्रयोग हुन्छ ।

Allometry (आकार मापन): रुखको व्यास, गोलाई, उचाई, छत्रको आकार आदिका आधारमा आयतन तथा जैविक पिण्ड अनुमान गर्ने पद्धति भन्ने बुझिन्छ ।

Allowances (उत्सर्जन अनुमति): विकसित राष्ट्रहरूलाई निश्चित मात्रामा हरितगृह ग्याँस उत्सर्जन गर्न पाउने गरी सिमा तोकिएको हुन्छ, जसलाई उत्सर्जन अनुमति भनिन्छ । ती राष्ट्रहरूले आफूले पाएको अनुमति अर्थात् कोटाभन्दा बढी हरितगृह ग्याँस उत्सर्जन गरेमा सो उत्सर्जन बराबरको हरितगृह ग्याँस सञ्चिति गर्नेलाई भुक्तानी दिनु पर्दछ । हरितगृह ग्याँस उत्सर्जन गर्न पाउने गरी अनुमति प्राप्त गर्नेले कानून बमोजिम परिभाषित गरिएका हरितगृह ग्याँसका एकाईहरू खरिद गरेपछि त्यसमा आफ्नो अधिकार प्राप्त गरेको हुन्छ । क्योटो अभिसन्धि अन्तर्गत ३ किसिमका एकाईहरू रहेका हुन्छन् र यस्ता एकाईहरू सरकारहरूका बीच वा बैंकहरूका बीच कारोबार वा आदान-प्रदान गर्न सकिन्छ ।

Alternative Energy (वैकल्पिक उर्जा): हरितगृह ग्याँस उत्सर्जन गर्ने उर्जाका परम्परागत स्रोतको रुपमा रहेका काठ दाउरा र खनिजजन्य इन्धनको रुपमा रहेका कोइला, तेल, प्राकृतिक ग्याँस आदिको सट्टा कम भन्दा कम हरितगृह ग्याँस उत्सर्जन गर्ने उर्जाका स्रोतहरू जस्तैः जैविक ग्याँस, वायु उर्जा, सौर्य उर्जा, लघु जलविद्युत आदिलाई वैकल्पिक उर्जा भनिन्छ । वैकल्पिक उर्जाले अत्यन्त न्यूनमात्र हरितगृह ग्याँस उत्सर्जन गर्ने र जलवायु परिवर्तन न्यूनीकरणमा समेत योगदान गर्ने भएकोले विश्वव्यापी लोकप्रियताको विषय बन्दै आएको छ ।

Annex-B (अनुसूची बी राष्ट्रहरू): क्योटो अभिसन्धिमा निर्धारित मात्रा अनुसार हरितगृह ग्याँस उत्सर्जन कटौती गर्नका लागि उक्त अभिसन्धि अनुमोदन गर्ने ३९ वटा राष्ट्रहरूलाई अनुसूची बी राष्ट्रहरू भनिन्छ । क्योटो अभिसन्धिको पहिलो प्रतिबद्धता अवधिमा यस समूहमा ३९ वटा राष्ट्रहरू संलग्न रहेको भए तापनि उक्त अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधि (सन् २०१३-२०२०) मा भने क्यानडा, जापान, न्यूजील्याण्ड र रसियन फेडरेशन प्रतिबद्धताबाट बाहिरिएका छन् ।

Annex-I Parties (अनुसूची-१ अन्तर्गतका राष्ट्रहरू): जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२ को अनुसूची-१ अन्तर्गत ४१ वटा औद्योगिक मुलुकहरू सूचीकृत गरिएका छन् । यी मुलुकहरू अन्तर्गत आर्थिक सम्बन्ध तथा विकास संगठन (OECD) का सबै सदस्य देशहरू, रुसी महासंघ लगायत बजारमूखी

अर्थतन्त्रउन्मूख युरोपेली राष्ट्रहरू, वाल्टिक गणराज्यहरू र मध्य तथा पूर्वी युरोपका कैयौं देशहरू पर्दछन् । विकासोन्मुख देशहरूको तुलनामा यी राष्ट्रहरूमा प्रतिव्यक्ति हरितगृह ग्याँस उत्सर्जन दर अत्यन्त उच्च रहेको छ । क्योटो प्रोटोकल १९९७ अनुसार महासन्धिको अनुसूची-१ मा परेका राष्ट्रहरूले सन् १९९० लाई आधार वर्ष मानी आफ्नो कूल हरितगृह ग्याँस उत्सर्जन मध्ये पहिलो प्रतिबद्धता अवधि (सन् २००८-२०१२) मा ५.२ प्रतिशत उत्सर्जन कटौती गर्ने प्रतिबद्धता गरेका थिए भने दोस्रो प्रतिबद्धता अवधि (सन् २०१३-२०२०) मा १८ प्रतिशत उत्सर्जन कटौती गर्ने प्रतिबद्धता गरेका छन् ।

Annex-II Parties (अनुसूची–२ अन्तर्गतका राष्ट्रहरू): जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको अनुसूची-२ अन्तर्गत २४ वटा औद्योगिक मुलुकहरू र युरोपेली युनियन पर्दछन् र यी सबै आर्थिक सम्बन्ध तथा विकास संगठन (OECD) का सदस्य देशहरू हुन् । महासन्धिको प्रावधान अनुसार जलवायु परिवर्तनबाट सृजित जोखिमहरूको सामना गर्नका लागि अनुसूची-२ मा परेका औद्योगिक राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूमा नयाँ र अतिरिक्त आर्थिक स्रोत उपलब्ध गराउनु पर्दछ । महासन्धिले अङ्गिकार गरेको साझा तर पृथक जिम्मेवारीको सिद्धान्त अनुसार यी औद्योगिक राष्ट्रहरूले जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि बढी दायित्व व्यहोर्नुका साथै यसका लागि विकासोन्मुख देशहरूलाई समेत सहयोग गर्नु पर्दछ । त्यस्तै यी राष्ट्रहरूले विकासोन्मुख तथा बजारमूखी अर्थतन्त्रउन्मूख देशहरूमा जलवायु परिवर्तन नगर्ने खालका प्रविधि विकास र हस्तान्तरण गर्नुपर्छ ।

Annual growth ring (वार्षिक वृद्धि चक्र/रेखा): एक वर्षको वृद्धिले गर्दा रुखको गोलाइमा थपिने वा बन्ने वृद्धिको रेखा ।

Annual Increment of Forest (वनको वार्षिक वृद्धि): वनको वार्षिक वृद्धि भन्नाले एक वर्षमा हुने रुखको वृद्धिलाई जनाउँछ । यसले रुखको गोलाई, उचाइ, आयतन तथा जैविक पिण्डमा हुने वार्षिक वृद्धि समेतलाई जनाउँछ ।

Anthropogenic Emission (मानवीय क्रियाकलापका कारण हुने उत्सर्जन): वन विनाश, वन क्षयीकरण, वन अतिक्रमण, अव्यवस्थित कृषि प्रणाली, पशुपालन तथा चरिचरण, कृत्रिम वन डढेलो आदि जस्ता मानवीय क्रियाकलापहरूका कारण हरितगृह ग्याँस उत्सर्जन भइरहेको हुन्छ । जलवायु परिवर्तन न्यूनीकरणका लागि यस्ता मानवीय क्रियाकलापहरूमा कमी ल्याउनु आवश्यक हुन्छ ।

ART – The Architecture for REDD+ Transaction (रेडको कारोबार संरचना): यो एउटा स्वतन्त्र संस्था हो, जसले रेडको वातावरणीय उत्कृष्ट मापदण्ड अनुसार आधिकारीक रेड प्लस कार्यक्रम दर्ता गर्ने र कार्बन क्रेडिट जारी गर्ने काम गदर्छ ।

Artificial regeneration (कृत्रिम पुनरूत्पादन): बीउ रोपेर वा शिशु बिरुवा रोपेर, कलमी गरेर वा अन्य तरिकाद्वारा कृत्रिम रूपले नयाँ रुख बिरुवाहरू उमार्ने प्रविधि ।

Aspect (मोहडा): कुनै जमिनको सतह फर्किएको दिशा जस्तैः उत्तरी मोहडा, दक्षिणी मोहडा ।

Assigned Amount (विनियोजित परिमाण): क्योटो अभिसन्धि अनुसार पहिलो प्रतिबद्धता अवधि (सन् २००८-२०१२) र दोस्रो प्रतिबद्धता अवधि (सन् २०१३-२०२०) सम्म महासन्धिको अनुसूची १ मा सुचिकृत भएका विकसित देशहरूले उत्सर्जन गर्न पाउने र उत्सर्जन कटौती गर्नुपर्ने हरितगृह ग्याँसको सीमा निर्धारण गरिएको छ । सोही विनियोजित परिमाणको सीमाभित्र रहेर विकसित देशहरूले हरितगृह ग्याँस उत्सर्जन गर्न पाउँछन् । त्यस्तै सोही अभिसन्धिमा गरिएको प्रतिबद्धता अनुसार हरितगृह ग्याँस उत्सर्जन कटौती पनि गर्नु पर्दछ ।

Atmosphere (वायुमण्डल): पृथ्वीलाई वरिपरिबाट ढाकेर राखेको हावाको आवरणलाई वायुमण्डल भनिन्छ । वायुमण्डल खासगरी नाइट्रोजन, अक्सिजन, कार्बनडाइअक्साइड आदि ग्याँसहरू मिलेर बनेको हुन्छ । वैज्ञानिकहरूका अनुसार पृथ्वीको सतहदेखि लगभग ३०० किलोमिटर माथिको उचाईसम्म वायुमण्डल फैलिएको हुन्छ । यस्तो वायुमण्डलमा पृथ्वीको सतहदेखि क्रमशः निम्नमण्डल (Stratosphere), समतापमण्डल (Troposphere), मध्यमण्डल (Mesosphere), तापीयमण्डल (Thermosphere) र सो भन्दा माथि बाह्यमण्डल गरी विभिन्न भागहरू रहेका हुन्छन् । वायुमण्डलमा रहेका यी सबै भागहरूको आ-आफ्नै प्राकृतिक भूमिका रहेको हुन्छ । हरितगृह ग्याँसको अधिक उत्सर्जनले वायुमण्डलका यी विभिन्न भागहरूको प्राकृतिक भूमिकामा प्रभाव पारिरहेको हुन्छ ।

Auctioning (उत्सर्जन आह्वान): महासन्धिको अनुसूची-१ मा परेका विकसित देशहरूले आफुले उत्सर्जनका लागि अनुमति प्राप्त गरेका परिमाणका एकाईहरू आफ्नो देशका निजी क्षेत्रहरूलाई खरिद गर्नका लागि राष्ट्रिय कानून अनुसार आह्वान

गर्न सक्दछन् । यसो गर्नुको उद्देश्य एकातर्फ जलवायु परिवर्तन न्यूनीकरणका लागि आवश्यक पर्ने वित्तीय स्रोत जुटाउनु हो भने अर्कोतर्फ आफ्नो देशमा हुने उत्सर्जन व्यापारलाई नियमन गर्नु हो ।

Avoiding planned deforestation (APD) (नियोजित वन विनाशलाई रोक्ने कार्य): कानुनी रूपमा वनलाई गैर-वनमा परिणत गर्न दस्तावेजिकरण भएका भूमिहरूमा वन फँडानी रोकेर हरितगृह ग्याँस उत्सर्जनमा कमी ल्याउने कार्य जनाउँछ ।

B

Bali Action Plan (वाली कार्ययोजना): वाली कार्ययोजना भन्नाले महासन्धिका पक्षराष्ट्रहरूको सन् २००७ मा इन्डोनेशियाको वाली सहरमा सम्पन्न १३ औं सम्मेलनद्वारा पारित योजनालाई जनाउँछ। यस योजनामा तत्काल सन् २०१२ सम्म र त्यसपछि समेत दीर्घकालीन सहकार्यसम्बन्धी क्रियाकलापका माध्यमबाट महासन्धिको पूर्ण, प्रभावकारी र दिगो रुपमा कार्यान्वयन गर्ने कानूनी संरचनाको विकासका लागि अन्तर्राष्ट्रिय वार्ता अगाडि बढाउन एउटा बृहत् प्रक्रिया तय गरिएको थियो । सन् २००९ को अन्त्यसम्ममा त्यस्तो वार्ता प्रक्रिया समाप्त गरी कानूनी रुपमा बाध्यात्मक सम्झौता गर्ने गरी अगाडि बढाइएको वार्ता प्रक्रियाका मुख्य विषयहरू अन्तर्गत महासन्धि कार्यान्वयनका लागि दीर्घकालीन साझेदारी कार्यसम्बन्धी संरचना, जलवायु परिर्वतन न्यूनीकरण (समय र स्रोत), रेड, अनुकूलन (स्रोत), प्रविधि विकास एवं हस्तान्तरण, विकासोन्मुख देशहरूमा क्षमता अभिवृद्धि र आर्थिक पक्ष (क्षतिपूर्ति, अनुदान, सहयोग, बजार/व्यापार) रहेका थिए । यद्यपि वाली कार्ययोजना अनुसार जलवायु परिवर्तन सम्बन्धी वार्ता प्रक्रियाले सफलता प्राप्त गर्न भने सकेन ।

Base Line of Carbon Emission (कार्बन उत्सर्जनको तुलना गर्न निर्धारण गरिएको आधार तथ्याङ्क): समयान्तरमा वास्तविक कार्बन उत्सर्जन वा कार्बन सञ्चितिको अवस्था तुलना गर्न निर्माण गरिएको आधार रेखालाई जनाउँछ। कार्बन उत्सर्जन कम भएको वा कार्बन सञ्चिति वृद्धि भएको प्रमाणित गर्नको लागि प्रत्येक देशलाई एउटा विश्वासीलो आधार रेखाको आवश्यकता पर्दछ । आधारबिन्दुहरू निम्न अनुसार हुन सक्छन्:

- **Historical Base Line (ऐतिहासिक आधारबिन्दु):** रेडप्लस कार्यक्रममा प्रवेश गर्नुपूर्व आफ्नो देश तथा कार्यक्रम क्षेत्रमा विगत केही वर्ष (जस्तैः १० वा २० वर्ष) मा भएको वन विनाश र वन क्षयीकरण तथा त्यसको फलस्वरुप कार्बन उत्सर्जनमा भएको परिवर्तनको दरलाई आंकलन गरी भविष्यको लागि कार्बन उत्सर्जनको परिमाणको अनुमान गरिन्छ। तसर्थ विगतलाई आधार मानी रेडप्लसका सन्दर्भमा निर्माण गरिने आधारबिन्दु नै ऐतिहासिक आधारबिन्दु हो।
- **Business as Usual Base Line (BAU) (भविष्यमा वन विनाश हुन सक्ने आधार अवस्था):** भविष्यमा वन विनाश हुन सक्ने आधार अवस्था भन्नाले रेडप्लस परियोजना लागु नगरिएको अवस्थामा वा हालकै व्यवस्थापन अनुसारको अवस्था कायम राखिएमा त्यसबाट हुनसक्ने वन विनाश र वन क्षयीकरणको जोखिम एवं सोसँग सम्बन्धित कार्बन उत्सर्जनको अवस्था (दर)लाई आँकलन गरी निर्माण गरिने आधार रेखालाई जनाउँछ। रेडप्लस परियोजनाहरूको प्रभाव मूल्याङ्कन गर्न तथा अतिरिक्तता (Additionality) मापन गर्न यो आधार अवस्था उपयोग गरिन्छ।
- **Crediting Baseline/Reference Level (उत्सर्जन तहसम्बन्धी आधार बिन्दु):** रेडप्लस कार्यक्रम लागु गरी भविष्यमा गरिने उत्सर्जन कटौती तथा कार्बन सञ्चय दरलाई उत्सर्जन तहसम्बन्धी आधार बिन्दु भनिन्छ। यो कुनै राष्ट्र वा रेडप्लस कार्यक्रम सञ्चालन गरिने क्षेत्रको लागि निर्धारित कार्बन उत्सर्जनको त्यस्तो आधार तह हो जुन तहभन्दा तल उत्सर्जन तह झरेपछि उक्त राष्ट्र वा कार्यक्रमले कार्बन उत्सर्जन घटाए वापत क्षतिपूर्ति/उत्प्रेरणा/पुरस्कार प्राप्त गर्न योग्य मानिन्छ। यसरी उत्सर्जन तह घटेको कुरा विश्वव्यापी रुपमा मान्य हुनेगरी विकास गरिएका मापदण्डहरू बमोजिम मापन गरी निर्धारण गरिएको हुनुपर्छ। यस्ता आधारबिन्दुहरू विश्वव्यापी रूपमा, राष्ट्रियस्तरमा र परियोजना (स्थानीय वा प्रान्तिय) स्तरमा बनाउन सकिने अवधारणाहरू आइरहेका छन्।

Belowground Biomass (जमिनमुनिको जैविक पिण्ड): कुनै रुख वा बिरुवाको २ मिलिमिटर भन्दा बढी व्यास भएको जमिन मुनि रहेको जैविक पिण्ड लगायत जराहरूको कुल तौल भन्ने बुझिन्छ।

Beneficiaries (लाभार्थीहरू): लाभांश वितरण योजनामा पहिचान गरिएका मौद्रिक र गैर-मौद्रिक लाभ प्राप्तकर्ताहरू बुझाउँछ। लाभार्थी शब्दले उप-संस्थाहरू र अन्य

सान्दर्भिक सरोकारवालाहरू (जस्तैः वनमा निर्भर आदिवासी, प्रभावित समुदाय वा समूहहरू, स्थानीय नागरिक समाज आदि) समेट्न सक्दछ र यसलाई समय समयमा अद्यावधिक गर्नुपर्छ ।

Benefit Sharing (लाभको बाँडफाँड): रेडप्लस कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने खुद प्रत्यक्ष वा अप्रत्यक्ष लाभ (मौद्रिक वा गैर-मौद्रिक फाइदा) बाँडफाँडलाई रेडप्लसको लाभ बाँडफाँड भनिन्छ । लाभ बाँडफाँडको विषय राज्यको आन्तरिक विषय भएकोले यसका लागि कस्तो संरचना र प्रणाली बनाउने भन्ने कुरा सहभागितामूलक बहुसरोकारवाला प्रक्रिया अपनाएर राज्य आफैंले तय गर्छ ।

Benefit Sharing Plan (लाभांश वितरण योजना): रेड प्लस कार्यक्रम सञ्चालन गर्दा प्राप्त हुने कार्बन वापतको भुक्तानी तथा अन्य लाभहरूको लाभग्राहीहरूको बीचमा न्यायोचित तरिकाले वितरण गर्न स्वीकृत भएको दस्तावेज भन्ने बुझिन्छ ।

Bio-Carbon Fund (जैविक कार्बन कोष): वन तथा कृषिजन्य पारिस्थितिकीय प्रणालीमा कार्बन सञ्चिति सम्बन्धी परीक्षण परियोजना सञ्चालनका लागि निजी तथा सार्वजनिक माध्यमबाट संकलित रकम परिचालनका लागि विश्व बैंकले सञ्चालन गरेको कोषलाई जैविक कार्बन कोष भनिन्छ ।

Bioclimatology (जीव जलवायु विज्ञान): जैविक वस्तुहरूको जलवायुसँग हुने अन्तरसम्बन्धबारे अध्ययन गर्ने विषयलाई जीव जलवायु विज्ञान भनिन्छ ।

Biodegradable (जैविक विखण्डनीय): जीवाणु (ब्याक्टेरिया), ढुसी वा अन्य जैविक उपायबाट प्राङ्गारिक वस्तुहरू विभिन्न अवशेषमा टुक्रिने प्रक्रिया, सबैजसो प्राङ्गारिक वस्तुहरू जैविक रूपमा विखण्डन हुन्छन् ।

Biofuel (जैविक इन्धन): नवीकरणीय जैविक श्रोतहरूबाट तयार गरिने इन्धनलाई जैविक इन्धन भनिन्छ । हाल इथानोल (Ethanol) र बायो-डिजेल (Bio-diesel) गरी दुई प्रकारका जैविक इन्धन प्रचलनमा छन् । इथानोल मकै, उखु जस्ता बिरुवाहरूमा पाइने स्टार्च (चिनी) लाई प्रशोधन गरी तयार गरिन्छ भने बायो-डिजेल सजीवन, भट्मास जस्ता वनस्पतिहरूबाट प्राप्त तेल अथवा जनावरको बोसो प्रशोधन गरी तयार गरिन्छ । जैविक इन्धनको प्रयोगबाट खनिज इन्धनको उपयोगमा कटौती भई वायूमण्डलमा हरितगृह ग्याँस उत्सर्जनको मात्रा कम गर्न सघाउ पुग्दछ ।

Biogas (जैविक ग्याँस): विभिन्न प्रविधि एवं संयन्त्रद्वारा वस्तुभाउको मलमूत्र र स्थानीय बालीनालीका अवशेषहरूबाट निकालिने मिथेन ग्याँसलाई जैविक ग्याँस भनिन्छ। यस्तो ग्याँस खाना पकाउन र बत्ती बाल्नको लागि प्रयोग गरिन्छ। यस्तो ग्याँसको प्रयोग गर्दा हरितगृह ग्याँसको उत्सर्जनमा कटौती गर्न सकिन्छ।

Biological control (जैविक नियन्त्रण): रोग, कीरा तथा हानिकारक झारपातलाई अन्य जिवित वस्तुको उपयोग गरी रोकथाम गर्ने तरिका।

Biological Diversity (जैविक विविधता): पृथ्वीका सम्पूर्ण सुक्ष्म, जीव, जीवजन्तु, वनस्पति र तिनीहरूको वंशाणु तथा पारिस्थितिकीय प्रणालीहरूको विविध किसिमलाई नै जैविक विविधता भनिन्छ। जैविक विविधता महासन्धि १९९२ मा गरिएको परिभाषा अनुसार जैविक विविधता भन्नाले अन्य कुराको अतिरिक्त स्थल, सामुन्द्रिक तथा अन्य जल पर्यावरणीय प्रणाली समेतका जीवित जीवाणुहरू बीचको परिवर्तनशीलता तथा तिनीहरू समेत समावेश रहेको पर्यावरणीय सम्मिश्रण सम्झनु पर्दछ र यस शब्दले जीव कोषिका, प्रजाति तथा पारिस्थितिकीय प्रणालीहरू (Genetic diversity, Species diversity, Ecosystem diversity) बीचको विविधता समेतलाई जनाउँछ।

Biomass (जैविक पिण्ड): कुनै पनि वनस्पति वा प्राणीको शारीरिक संरचनाभित्र मौज्दात रहेको जैविक अंश वा तौलको मात्रालाई जैविक पिण्ड भनिन्छ। बोट बिरुवाहरूको सन्दर्भमा सुख्खा रुपमा मापन गरिएको सुख्खा तौल (dry weight) लाई जैविक पिण्ड भनिन्छ। जैविक पिण्डको निश्चित प्रतिशत कार्बनले ओगट्ने हुनाले वन कार्बनको सञ्चिति अध्ययन गर्दा जैविक पिण्ड मापन गर्नु जरुरी हुन्छ।

Biomass Table (जैविक पिण्ड तालिका): जैविक पिण्ड तालिका भनेको त्यस्तो तालिका हो जसले रुखको व्यास वा उचाई तथा दुबैको आधारमा जैविक पिण्डको परिमाण बताउँछ। यस्तो रुखको काण्ड, पात, हाँगाबिँगा र जराको छुट्टाछुट्टै जैविक पिण्ड हुन्छ।

Biome (जीव क्षेत्र): एकै किसिमको वातावरणमा रहन सक्ने वनस्पति र जीवजन्तुहरू रहेको ठूलो पारिस्थितिकीय प्रणाली सहितको क्षेत्रलाई जीव क्षेत्र भनिन्छ। उदाहरणको लागि उष्ण सदाबहार वर्षे वन, घाँसे मैदान आदि।

Biosphere (जीवमण्डल): प्राणी र वनस्पति पाइने पृथ्वीको भागलाई जीवमण्डल भनिन्छ । जीवमण्डलमा हावा, पानी र माटोमा रहेका सबै जीवहरू बसेका हुन्छन् । जलवायु परिवर्तनले सबैभन्दा धेरै जीवमण्डलाई नै प्रभाव पारेको हुन्छ ।

Brundtland Commission (ब्रन्टल्याण्ड आयोग): संयुक्त राष्टसंघीय साधारण सभाले सन् १९८३ मा नर्वेकी तत्कालिन प्रधानमन्त्री ग्रो हार्मेल ब्रन्टल्याण्डको अध्यक्षतामा वातावरण र विकास तथा विश्व सहयोग सम्बन्धमा सुझाव दिनको लागि यो आयोगको गठन गरेको थियो । यस आयोगले सन् १९८७ मा दिगो विकासको अवधारणा समावेश गरी **हाम्रो साझा भविष्य** (Our Common Future) नामक प्रतिवेदन पेश गरेको थियो । यही प्रतिवेदन कार्यान्वयनको सिलसिलामा सन् १९९२ मा विश्व शिखर सम्मेलन आयोजना गरिएको थियो ।

Bunker Fuel (जहाजमा प्रयोग गरिने इन्धन): यस शब्दले अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने पानी जहाज वा हवाई जहाजमा प्रयोग गरिने इन्धनलाई जनाउँछ । यस्तो इन्धनबाट हुने कार्बन उत्सर्जन कुनै एक राष्ट्रको राष्ट्रिय प्रणालीमा गणना गर्न नसकिने हुनाले यसको निम्ति छुट्टै अनुगमन प्रणालीको आवश्यकता पर्दछ ।

C

Cancun safeguard (क्यानकुन सुरक्षा सिद्धान्त): रेडप्लस कार्यक्रम सञ्चालन गरी राष्ट्रहरूले सामाजिक तथा वातावरणीय दुष्प्रभाव नपरोस् भनि अपनाउनुपर्ने सिद्धान्तहरू क्यानकुन सुरक्षा सिद्धान्त भन्ने बुझिन्छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धिको २०१० मा मेक्सिकोको क्यानकुन शहरमा भएको पक्ष राष्ट्रहरूको १६ औं सम्मेलनबाट पारित भएकोले यसको नाम क्यानकुन सुरक्षा सिद्धान्त राखिएको हो । यसमा कानुनको पालना, आदिवासी जनजाति तथा स्थानीय समुदायमा हक अधिकारको सुरक्षा, जैविक विविधता संरक्षण, प्राकृतिक वनको संरक्षण, वन विनाशको पुनरावृत्ति नगराउने र एक ठाउँमा रेड कार्यक्रम सञ्चालन गरेको कारणले अर्को ठाउँमा वन विनाश गर्न नहुने जस्ता सिद्धान्तहरू पर्दछन् ।

Canopy Cover/Density (छत्र ढकनी वा छत्र घनत्व): कुनै वन क्षेत्रमा रुखका छत्रहरूले/हाँगाहरूले ढाकेको सापेक्षिक क्षेत्रलाई छत्र ढकनी (Canopy cover)

भनिन्छ । सामान्य अर्थमा कुनै वन क्षेत्रलाई सो वन क्षेत्रको माथिबाट हेर्दा रुखका छत्रहरूले जमिनको जति प्रतिशत क्षेत्रफल ढाकेको हुन्छ, त्यो नै छत्र घनत्व वा छत्र ढकनी हो । यसको मापनबाट वन क्षयीकरणको अवस्था बुझ्न मद्दत पुग्दछ ।

Cap and Trade (उत्सर्जन सीमा तथा व्यापार): विश्वव्यापी रुपमा कार्बन उत्सर्जनलाई एउटा निश्चित स्तरमा राख्नुपर्ने भएकोले कार्बन वा अन्य हरितगृह ग्याँस उत्सर्जन गर्न तोकिएको सीमा भित्र रहने गरी उत्सर्जन सिमा निर्धारण गरिन्छ । त्यस्तो सिमाभित्र आफ्नो उत्सर्जनलाई सिमित गर्न सकेमा बाँकी अनुमति बजारमा बिक्री गर्ने अनुमति दिइन्छ । यसले उत्सर्जन कम गर्न प्रोत्साहन गर्दछ । सरकारद्वारा सृजित र सरकार नियन्त्रित माध्यमबाट त्यस्तो उत्सर्जन अनुमति अर्थात् प्रदूषण अनुमतिको खरिदबिक्री हुने गर्दछ र त्यस्तो खरिद बिक्रीमा उत्सर्जक एवं प्रदूषकहरू सहभागी हुने गर्दछन् । उत्सर्जन गरी बचेको अनुमतिको मात्रालाई अनुमति पाएको भन्दा बढी उत्सर्जन गर्नेलाई आफ्नो बाँकी अनुमति बिक्री गर्न पाउँछन् । यही प्रक्रियालाई उत्सर्जन सिमा तथा व्यापार भन्ने गरिन्छ ।

Carbon Accounting System (कार्बन अभिलेख प्रणाली): महासन्धिको प्रावधान अनुसार पक्षराष्ट्रहरूले कार्बनको राष्ट्रिय अभिलेख राख्नका लागि विभिन्न चरणमा पारदर्शी प्रणालीको विकास गर्नुपर्ने हुन्छ जसलाई कार्बनको राष्ट्रिय अभिलेख प्रणाली भनिन्छ । यस्तो प्रणाली सम्बन्धित राष्ट्रको सरकारले तोकेको निकायले राख्ने गर्दछ । यस अन्तर्गत आफ्नो देशको वन विनाशको ऐतिहासिक दर, कार्बन उत्सर्जन आधार अवस्था, भू-परिधि तहका कार्बन व्यापार परियोजना, वन कार्बन मापन र प्रतिवेदन तयारी प्रणाली र सूचना प्रणालीहरू समेत पर्दछन् ।

Carbon Benefit (कार्बन लाभ): रेडप्लस जस्ता संयन्त्रबाट कार्बन उत्सर्जन न्यूनीकरण वा कार्बन संचित वृद्धि भई जलवायु परिवर्तन न्यूनीकरण हुने फाइदाका साथै कार्बन व्यापारबाट समेत प्राप्त हुने भुक्तानी भन्ने बुझिन्छ ।

Carbon Budget (कार्बन बजेट): कुनै निश्चित समयावधिमा कुनै परियोजना वा क्रियाकलापका माध्यमबाट कुनै राष्ट्र वा सम्पूर्ण विश्वबाट उत्सर्जन गर्न सकिने भनी तोकिएको कार्बनको अधिकतम मात्रालाई जनाउन यो शब्दावलीको प्रयोग गरिन्छ । वायुमण्डलमा हरितगृह ग्याँसको घनत्व बढ्न नदिई जलवायु परिवर्तनको दर कम गर्न अवलम्बन गरिएको यो एउटा अवधारणा हो ।

Carbon Buffer (जोखिम सुरक्षण कार्बन मात्र): रेडप्लस जस्ता संयन्त्रबाट कार्बन उत्सर्जन न्यूनीकरण वा कार्बन संचिति वृद्धि भएको कुल कार्बनमध्ये केही प्रतिशतलाई जोखिम व्यवस्थापनका हिसाबले बिक्री नगरी राखिएको मात्रा भन्ने बुझिन्छ ।

Carbon Credit (कार्बन क्रेडिट): यो कार्बन व्यापारका सन्दर्भमा बारम्बार प्रयोगमा आइरहने शब्दावली हो । कार्बनको एकाई जनाउनका लागि यो शब्दावलीको प्रयोग गरिन्छ । एक कार्बन क्रेडिट बराबर एक टन कार्बनडाइअक्साइड उत्सर्जन कटौती भएको मान्ने प्रचलन रहेको छ । त्यसैले एक कार्बन क्रेडिट खरिद गर्ने पक्षले एक टन कार्बनडाइअक्साइड उत्सर्जन गर्न पाउने अधिकार प्राप्त गर्दछ ।

Carbon Cycle (कार्बन चक्र): रासायनिक, भौतिक तथा जैविक प्रक्रियाका माध्यमबाट कार्बन सञ्चिति भएका विभिन्न पदार्थहरूमा कार्बन आदान प्रदान भइरहने र कार्बन पुनः प्रारम्भिक अवस्थामा नै फर्किने प्रक्रियालाई कार्बन चक्र भनिन्छ । यस क्रममा कार्बन प्रायजसो वायुमण्डल (atmosphere), जीवमण्डल (biosphere), समुन्द्र (oceans) र थिग्रेनी (sediments) मध्ये कुनै न कुनै स्थानमा रहेको हुन्छ र यी विभिन्न स्थानमा कार्बनको मात्रामा घटबढ भइरहन्छ ।

Carbon Flux (कार्बन बहाव): समयान्तरमा कार्बन सञ्चय हुने एक वस्तु, स्थान वा प्रणाली (Carbon Pools) बाट अर्को वस्तु, स्थान वा प्रणालीमा कार्बन बहाव हुने प्रक्रियालाई कार्बन बहाव भनिन्छ ।

Carbon Footprint (कार्बन फूटप्रिन्ट): प्रत्येक व्यक्तिका दैनिक गतिविधिबाट उत्सर्जन हुने हरितगृह ग्याँस नै जलवायु परिवर्तनको कारण हो । प्रत्येक संस्था, परिवार र व्यक्तिले खाना, यातायात, उर्जा, पूर्वाधार निर्माणका सामग्री आदिको प्रयोग गर्दा दैनिक कति हरितगृह ग्याँस उत्सर्जन गर्दछ भनी एउटा पूर्णमापन प्रक्रियाबाट हिसाब गर्न सकिन्छ । यसरी प्रत्येक व्यक्ति, परिवार वा संस्थाबाट उत्सर्जन हुने दैनिक हरितगृह ग्याँस उत्सर्जनको मापन गरी निकालिएको मात्रालाई कार्बनडाईअक्साइडको एकाईमा मापन गरिन्छ, जसलाई कार्बन फूटप्रिन्ट भनिन्छ । यस्तो उत्सर्जन घटाउनका लागि मानिसले आफ्ना दैनिक उपभोक्तावादी व्यवहारमा परिवर्तन ल्याउनु पर्छ ।

Carbon Market (कार्बन बजार): कार्बन सञ्चित वा उत्सर्जनको मापनबाट श्रृजित कुनै पनि किसिमको बजार विनिमय प्रणालीलाई कार्बन बजार भनिन्छ । कार्बन बजार

खासगरी कार्बन उत्सर्जन कटौती वा कार्बन सञ्चिति गर्ने क्रममा निकै चलनचल्तिमा आएको अवधारणा हो । कार्बन बजारमा उत्सर्जन कटौती वा कार्बन सञ्चितिलाई कार्बन एकाईमा रुपान्तरण र निर्धारण गरी कार्बन प्रमाणपत्र जारी गरिन्छ । कार्बन बजार मुख्य रुपमा स्वेच्छिक र बाध्यात्मक गरी २ किसिमको हुन्छ । स्वेच्छिक कार्बन बजारमा खासगरी कार्बन उत्सर्जन गर्ने निजी क्षेत्रले आफ्नो नैतिक तथा सामाजिक उत्तरदायित्व पुरा गर्नका लागि सहभागी हुन्छन् । बाध्यात्मक कार्बन बजारमा क्योटो अभिसन्धि वा कुनै खास किसिमका सम्झौता बमोजिम कार्बन उत्सर्जन कटौती गर्ने कानूनी प्रतिबद्धता भएका देशहरू सहभागी हुनु पर्दछ । यस प्रणालीमा कार्बन उत्सर्जन कटौतीका लागि जनाइएको प्रतिबद्धता अनुसारको लक्ष्यमा पुग्नको लागि प्रमाणित गरिएका कार्बन एकाईहरूको खरिद बिक्री हुन्छ । हाल तीन किसिमका कार्बन व्यापार प्रणालीहरू प्रचलनमा रहेका छन् ।

- **Voluntary Carbon Market (स्वयंसेवी कार्बन बजार):** यस प्रक्रियामा खासगरी स्वतन्त्र परीक्षकले प्रमाणीकरण गरेको कार्बन उत्सर्जन कटौतीको एकाईलाई सरकार, कम्पनी, गैरसरकारी संस्था वा व्यक्तिहरूले आफ्नो कार्बन उत्सर्जन कटौती गर्ने नैतिक दायित्व पुरा गर्न वा कार्बन तटस्थ उत्पादन गर्नका लागि स्वयंसेवी रुपमा कार्बन उत्सर्जन कटौतीको एकाई खरिद गर्न सक्दछन् । यो कार्बन उत्सर्जकले आफूले गरेको कार्बन उत्सर्जनलाई अन्यत्र सञ्चिति (offset) गराउने एउटा उपाय हो । यस्तो एकाई प्रमाणिकण/सत्यापन गर्नका लागि थुप्रै अन्तर्राष्ट्रिय स्वयंसेवी मापदण्डहरूको विकास गरिएको छ । यी सबै कार्यहरू संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धि र क्योटो अभिसन्धिको संरचना भन्दा बाहिर रहेर कार्य गर्दै आएको पाइन्छ ।
- **Fund-based Market (कोषमा आधारित कार्बन बजार):** स्वयंसेवी कार्बन बजार र क्योटो प्रोटोकल अन्तर्गत गरिने बाध्यकारी कार्बन बजार भन्दा बाहिर रहेर खासगरी विश्व बैंक लगायतका वित्तीय संस्थाहरूले रेडप्लसको तयारीका लागि ठूलो रकम प्रवाह गर्दै आएका छन् । रेडप्लसको तयारीको क्रममा खासगरी राष्ट्रियस्तरमा तयार गरिएका नीति तथा मापदण्डहरूको परीक्षण गर्ने र यही क्रममा पनि कार्बन उत्सर्जन कटौती हुने भएकोले यस चरणका लागि पनि विभिन्न द्वीपक्षीय र बहुपक्षीय कोषहरूले रकम उपलब्ध गराउने कुराको प्रस्ताव गर्दै आएका छन्, जसलाई कोषमा आधारित कार्बन बजार भन्ने गरिएको छ ।

- **Compliance Carbon Market (क्योटो अभिसन्धि अन्तर्गत हुने कार्बन बजार):** क्योटो अभिसन्धि अन्तर्गत निर्धारित मापदण्ड अनुसार कार्बन व्यापार गर्ने प्रणालीलाई वैधानिक कार्बन व्यापार प्रणाली भन्ने गरिन्छ । यस प्रणाली अन्तर्गत हरितगृह ग्याँस उत्सर्जन कटौती गर्नुपर्ने दायित्व भएका विकसित देशहरूले आफुले प्रतिबद्धता जनाए अनुसारको मात्रामा हरितगृह ग्याँस उत्सर्जन कटौतीका लागि क्योटो अभिसन्धिले तोकेको प्रक्रिया अनुसार कार्बन उत्सर्जनका एकाईहरू खरिदमा संलग्न हुनुपर्दछ ।

Carbon Neutral (कार्बन तटस्थ पद्धति): कुनै पनि व्यक्ति, परिवार, संस्थाले कार्बन उत्सर्जन नहुने गरी आफ्ना सबै क्रियाकलापहरू गर्ने र आफुले उत्सर्जन गरेको सबै कार्बन पुनः सञ्चितिका लागि अन्यत्र वा कुनै पनि विकासोन्मुख मुलुकमा लगानी गरी कार्बन पुनः सञ्चिति गराउने कार्य गर्नुलाई कार्बन तटस्थ पद्धति भनिन्छ । कुनै व्यक्ति वा कम्पनीले आफूले उत्सर्जन गरेको परिमाण बराबरको कार्बन वायुमण्डलबाट हटाउने व्यवस्था गरेमा उक्त व्यक्ति वा कम्पनीलाई कार्बन तटस्थ भएको मानिन्छ । खासगरी विकसित देशका निजी क्षेत्रका कम्पनी, वातावरणको क्षेत्रमा कार्यरत संस्थाहरू, वातावरणीय विषयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गोष्ठी आदि आयोजना गर्ने निकाय वा संस्थाहरू र कतिपय यात्रुहरूले कार्बन तटस्थताका लागि लगानी गर्दै आएका छन् । समुदायमा आधारित वन व्यवस्थापन गर्ने प्रणालीहरूका लागि कार्बन व्यापार गर्ने यो एउटा अवसरको रुपमा रहन सक्छ ।

Carbon Offset (कार्बन अफसेट): अन्यत्र नै उत्सर्जन भई वायुमण्डलमा गएको कार्बनलाई वन संरक्षण वा स्वच्छ विकास संयन्त्रका माध्यमबाट पुनः कार्बन भण्डारमा फर्काउने कार्य गरे वापत कार्बन उत्सर्जकले रकम उपलब्ध गराउने कार्यलाई कार्बन अफसेट भनिन्छ । कार्बन अफसेटका लागि हरितगृह ग्याँसलाई कार्बनडाईअक्साइड बराबरको मेट्रिक टनको एकाईमा मापन गरिन्छ ।

Carbon Pools (कार्बन भण्डार): कार्बन सञ्चिति वा उत्सर्जन गर्न सक्ने क्षमता भएको कुनै ठाउँ, स्थान, वस्तु, भण्डार, प्रणाली आदिलाई कार्बन भण्डार भनिन्छ । उदाहरणको रुपमा वनको जैविक पिण्ड (biomass), काष्ठजन्य उत्पादनहरू, माटो/भू-सतह, वायुमण्डल आदि कार्बन रहने ठाउँ, स्थान, वस्तु, प्रणाली वा भण्डारहरू हुन् । जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी समूह (IPCC) का अनुसार

कार्बन रहने ठाउँ, स्थान, वस्तु, भण्डार, प्रणालीको एकाईलाई टनमा गणना गरिन्छ । म्याराकस सम्झौताले वनमा हुने मुख्य पाँच किसिमका कार्बन भण्डारलाई मान्यता प्रदान गरेको छ जस अन्तर्गत जमिनमाथि भएको जैविक पिण्ड, जमिनमुनी भएको जैविक पिण्ड, ढलापडा काठ, पातपतिङ्गर र माटोमा हुने प्राङ्गारिक पदार्थमा भण्डारण भएको कार्बनलाई बुझाउँछ ।

Carbon Registry (कार्बन अभिलेख संयन्त्र): रेडप्लस, स्वच्छ विकास संयन्त्र जस्ता कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट के कति कार्बन सञ्चिति वा उत्सर्जन न्यूनीकरण भयो, तिनीहरूको कुन कुन निकायमा के कति बिक्री भयो सो को पारदर्शी तरिकाले वेभसाइट मै राखिएको अभिलेख संयन्त्र भन्ने बुझिन्छ ।

Carbon Rights (कार्बन अधिकार): कार्बन भण्डार भएका जैविक पिण्ड उपरको स्वामित्व र यसबाट प्राप्त हुने फाइदा उपरको अधिकारलाई कार्बन अधिकार मानिन्छ । कार्बन अधिकार अन्तर्गत कार्बन भण्डारमाथिको अधिकार, कार्बन व्यापारका माध्यमबाट प्राप्त हुने वित्तीय तथा आर्थिक स्रोतमाथिको अधिकार, आफ्नो अधिकार क्षेत्रभित्र पर्ने निश्चित क्षेत्रको व्यवस्थापन गर्ने अधिकार र दायित्व, कार्बन सञ्चितिका सबै क्षेत्रमाथि स्पष्ट स्वामित्व र संस्थागत रुपमा कानूनी मान्यता प्राप्त दिगो ढाँचा जस्ता कुराहरू पर्दछन् ।

Carbon Sequestration (कार्बन अवशोषण): यस कार्यले वायुमण्डलमा रहेको कार्बनडाइअक्साइड ग्याँस अवशोषण गरी सञ्चिति गर्ने क्रियाकलाप वा प्रक्रियालाई बुझाउँछ । जस्तैः रुख बिरुवाहरूले आफ्नो वृद्धिको क्रममा वायुमण्डलमा रहेको कार्बनडाइअक्साइडलाई अवशोषण गरी आफूमा सञ्चय गर्दछ ।

Carbon Sink (कार्बन भण्डारण): कार्बन भण्डारण भन्नाले कार्बन चक्रका क्रममा कार्बन सञ्चित रहने ठाउँ, स्थान, वस्तु, भण्डार आदि भन्ने बुझिन्छ, जसले विभिन्न माध्यमले उत्सर्जन भएको कार्बनलाई अवशोषण गरी भण्डारण गर्दछन् ।

Carbon Stock Enhancement (कार्बन संचितिको बढोत्तरी): वन क्षेत्र वा खाली जग्गामा वृक्षारोपण जस्ता कार्यक्रम गरी रुख वा माटोमा कार्बन सञ्चितिको मात्रालाई वृद्धि गर्ने कार्य भन्ने बुझिन्छ ।

Carbon Stock (कार्बन मौज्दात): कुनै पनि कार्बन भण्डारमा सञ्चय भएको कार्बनको मौज्दातलाई कार्बन मौज्दात भनिन्छ ।

Carbon Tax (कार्बन कर): कार्बन उत्सर्जनमा लगाइने करलाई कार्बन कर भनिन्छ ।

Carbondioxide [CO2] (कार्बनडाइअक्साईड): यो प्राकृतिक रुपमै पाइने ग्याँस हो । प्राकृतिक रुपमा (जस्तैः श्वास-प्रश्वास प्रणाली, वनस्पतिको गुणस्तरमा हुने ह्रास, वन डढेलो आदि) र मानवजन्य क्रियाकलापहरू (जस्तैः खनिज इन्धनको प्रयोग, भू-उपयोगमा परिवर्तन र अन्य औद्योगिक गतिविधि आदि) का कारणबाट यस ग्याँसको उत्पादन तथा उत्सर्जन हुन्छ । मानवीय क्रियाकलापका कारण उत्सर्जन भएको यही ग्याँस नै पृथ्वीको तापमान वृद्धि गर्नमा मुख्य जिम्मेवार रहेको कुरा अध्ययनहरूबाट पुष्टि भएको छ ।

Carbondioxide equivalent (CO2 eq) (कार्बनडाइअक्साइड समतुल्य): वायुमण्डलमा रहेका सबै हरितगृह ग्याँसहरूले भविष्यमा विश्व तापमानमा पार्न सक्ने वृद्धिलाई आँकलन गर्न ती ग्याँसहरूलाई कार्बनडाईअक्साईड ग्याँससँग तुलना गर्न बनाइएको इकाई भन्ने बुझिन्छ ।

Carbon-nitrogen ratio (कार्बन नाइट्रोजन अनुपात): माटो वा जैविक पदार्थमा हुने जैविक कार्बन र नाइट्रोजनको तौलको अनुपात ।

Carrying Capacity (वहन गर्ने क्षमता): यसले कुनै पनि निश्चित क्षेत्र वा पारिस्थितिकीय प्रणालीको कुनै निश्चित समयको लागि प्राकृतिक वा मानव सिर्जित बाह्य दबाबलाई वहन गर्न सक्ने क्षमतालाई जनाउँछ । त्यसैले स्रोतहरूको व्यवस्थापन तथा उपयोग गर्दा त्यस पारिस्थितिकीय प्रणालीको क्षमतालाई मध्यनजर राख्नु पर्दछ ।

Catchment (क्याचमेन्ट): वर्षा जम्मा गर्ने र निकास गर्ने क्षेत्र ।

Certified Emission Reduction (CER) (उत्सर्जन कटौतीको प्रमाणपत्र): स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) अन्तर्गत न्यून-उत्सर्जन प्रमाणीकरण प्रमाणपत्र जारी गरिन्छ । एक न्यून-उत्सर्जन प्रमाणीकरण, एक मेट्रिक टन कार्बनडाइअक्साइड बराबरको हुन्छ । यसलाई कार्बन बजारमा कारोबार गराउन सकिन्छ र विकसित राष्ट्रहरूले कार्बन न्यून-उत्सर्जन प्रतिबद्धताका लागि यस प्रमाणीकरण पत्रको प्रयोग गर्न सक्छन् ।

Chlorophyll (हरितकण): बोटबिरुवाको पातमा पाइने हरियो पदार्थ जसको कारण प्रकाश संश्लेषण प्रक्रिया सम्भव हुन्छ ।

Clean Development Mechanism (CDM) (स्वच्छ विकास संयन्त्र): स्वच्छ विकास संयन्त्र विकसित राष्ट्रहरूले कार्बन उत्सर्जन न्यूनीकरणका लागि गरेको प्रतिबद्धता पुरा गर्नको लागि क्योटो अभिसन्धि अनुसार निर्धारण गरिएको कार्बन व्यापार संरचना हो जस अन्तर्गत विकासोन्मुख मुलुकहरूमा कार्बन उत्सर्जन न्यूनीकरणको कार्य मात्र नभई यी देशहरूको दिगो विकासमा समेत योगदान गर्ने कार्यहरू हुन्छन् भन्ने मान्यता राखिन्छ। यस संरचनाले प्राकृतिक तथा पूनर्उत्पादन गरिएका वनहरूलाई मान्यता प्रदान नगरी सन् १९९० पश्चात वृक्षारोपण गरिएका वनहरूले गरेको कार्बन सञ्चितिलाई मात्र मान्यता प्रदान गर्दछ। त्यस्तै, वन विनाश र वन क्षयीकरण नियन्त्रण गरी कार्बन उत्सर्जन कटौती वा कार्बन सञ्चय गर्ने कार्यसमेत यस अन्तर्गत पर्दैन।

Climate (जलवायु): कुनै पनि क्षेत्रमा हुने मौसमको दीर्घकालीन स्वरुप एवं औषत अवस्थालाई जलवायु भनिन्छ। लामो समयको तापक्रम, वर्षा, हावाको गति आदि जस्ता मौसमी तथ्याङ्क तथा विवरणहरूको आधारमा निकालिएको औसत तथा भिन्नता (Variability) को परिमाण नै जलवायु हो। जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (IPCC) का अनुसार जलवायुको लेखाजोखा गर्न कम्तिमा ३० वर्षको अवधिलाई उपयुक्त मान्ने चलन छ।

Climate Change (जलवायु परिवर्तन): लामो समयको अन्तराल एवं दीर्घकालीन अवधिमा जलवायुका विभिन्न तत्वहरूमा भएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ। जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२ का अनुसार जलवायु परिवर्तन भन्नाले "**प्रत्यक्ष वा परोक्ष रूपमा मानव क्रियाकलापसँग सम्बन्धित भई विश्व वायुमण्डलको संरचनालाई परिवर्तन गर्ने र तुलनात्मक समयावधिभित्र प्राकृतिक रूपमा परीक्षण भएको जलवायुको परिवर्तन**" लाई जनाउँछ।

Climate Finance (जलवायु वित्त): जलवायु वित्त भन्नाले विकसित मुलुकबाट विकासशील मुलुकहरूमा जलवायु परिवर्तनका असरहरूलाई सम्बोधन गर्न प्रवाह हुने वित्तलाई बुझिन्छ। जलवायु वित्तले विकासशील मुलुकहरूमा जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण र अनुकूलन गर्न परिचालन गरिएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तलाई जनाउँछ। विकासशील मुलुकहरूले उपलब्ध कोषलाई न्यून कार्बन र जलवायु परिवर्तनका समानुकूलन निर्माण गर्न सुनिश्चित गर्छन्।

Climate Induced Hazard (जलवायुजन्य खतरा): जलवायुजन्य प्रकोप भन्नाले जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक प्रणाली तथा पारिस्थितिकीय प्रणालीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पर्ने सम्भावित खतरा एवं विनाशकारी असरहरूलाई जनाउँछ। बढ्दो तापक्रम, खडेरी, बाढी, हावाहुरी, रोगकीरा तथा आँधीबेहरी आदिलाई जलवायुजन्य खतराका रुपमा लिन सकिन्छ। हावापानीका तीव्र घटना र क्रमशः जलवायु परिवर्तनका कारण हुने यी असरहरूको प्रकृति संख्यात्मक (धेरै संख्या) तथा विविधात्मक (फरक फरक) हुन्छन्। यस्ता केही असरहरू विस्तारै शुरु हुने तर निरन्तर रुपमा भैरहने (जस्तैः निरन्तर रुपमा हुने तापक्रमा वृद्धि, सुख्खा वा खडेरी पर्ने आदि) प्रकृतिका हुन्छन्। त्यस्तै केही असरहरू भने छोटो समयमा तर आकस्मिक तथा भयानक रुपमा हुने असरहरू (जस्तैः बाढीपहिरोले हुने क्षति, रोगको महामारी आदि) हुन्छन्, जसबाट अनुकूलित हुनका लागि निकै स्रोत साधनको आवश्यकता पर्दछ।

Climate Investment Fund (जलवायु लगानी कोष): जलवायु लगानी कोष विकसित मुलुकहरूद्वारा स्थापित बहुदाता लगानी कोष हो। जलवायु परिवर्तनका कारण पर्न सक्ने प्रभावको न्यूनीकरण र अनुकूलनका कार्यक्रमलाई व्यापक बनाउन विकासोन्मुख र मध्यम आय भएका राष्ट्रहरूमा आर्थिक सुविधा प्रदान गर्नका लागि तय गरिएको कोष हो। यस कोषको उद्देश्य विकासशील तथा मध्यम आय भएका देश, जसलाई स्रोतको तत्काल आवश्यकता पर्छ, तिनलाई जलवायु परिवर्तनका चुनौतीहरू व्यवस्थापन गर्न र हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा सहयोग गर्नु हो। विश्व बैंकले यस कोषको संरक्षकका रूपमा कार्य गर्दछ। यस कोष अन्तर्गत स्वच्छ प्राविधिक कोष र रणनीतिक जलवायु कोष गरी दुई भिन्न कोष रहेका छन्। वन लगानी कार्यक्रम रणनीतिक जलवायु कोष अन्तर्गत सञ्चालित छ।

Climate justice (जलवायु न्याय): जलवायु न्याय भनेको जलवायु परिवर्तनको प्रभावहरूलाई न्यायिक र नैतिक दृष्टिकोणबाट हेर्ने अवधारणा हो। यसले जलवायु परिवर्तनले उत्पन्न गर्ने सामाजिक, आर्थिक र पर्यावरणीय असमानताहरूलाई सम्बोधन गर्ने लक्ष्य राख्छ। विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनमा सबभन्दा न्यून योगदान रहने देश र समुदायहरू नै जलवायु परिवर्तनका असरहरूबाट सबभन्दा बढी प्रभावित छन्। अनुकूलन अभ्यासमा पनि सबभन्दा कमजोर छन्। जलवायु न्यायको आन्दोलनले कार्बन उत्सर्जन गरेरै विकासमा अत्याधिक लाभ लिएका जनता, कम्पनी र देशहरू नै

सो वृद्धिका लागि सबैभन्दा बढी जिम्मेवार भएकाले उनीहरूले नै जलवायु परिवर्तनबाट सबभन्दा बढी प्रभावित भएका समुदायहरूलाई सहयोग गर्नुपर्छ भन्ने तर्क गर्दछ ।

Climate Risk (जलवायुजन्य जोखिम): जलवायु परिवर्तनका कारणले हुन सक्ने सम्भावित विनाशकारी असरहरूलाई जलवायुजन्य जोखिम भनिन्छ । यसमा जलवायुजन्य खतराका कारण जनजीवन, धन सम्पत्ति, वातवरण तथा जैविक विविधतामा आइपर्नसक्ने नोक्सान तथा विनाशको मापन गरिन्छ भने यसले घटना घटिसकेपछि मानव जीवनमा पर्ने कठोर तथा गम्भीर परिणाम समेत आँकलन गर्दछ । जलवायुको खतरा भनेको प्रकोपका कारण आइपर्ने सम्भावित असरहरू तथा त्यसबाट निस्कने परिणामको समग्र रुप हो ।

Climatic factors (जलवायु कारक): बोट बिरुवाहरूलाई प्रभाव पार्ने कारक तत्वहरू जस्तैः प्रकाश, तापक्रम, आर्द्रता, हावापानी आदि ।

Climatology (जलवायु विज्ञान): जलवायुका बारेमा अध्ययन गर्ने विषयलाई जलवायु विज्ञान भनिन्छ ।

Coalition of Rainforest Nations (रेनफरेष्ट राष्ट्रहरूको गठबन्धन): वन व्यवस्थापनलाई आर्थिक विकाससँग पुनः अन्तर सम्बन्धित गर्नका लागि रेनफरेष्ट भएका विकासोन्मुख मुलुकहरूको यो एउटा गठबन्धन हो । एशिया, अफ्रिका र अमेरिकी महाद्वीपका गरी रेनफरेष्ट भएका ४१ वटा राष्ट्रहरू यसको सदस्यका रुपमा रहेका छन् । यस गठबन्धनले रेडप्लस सम्बन्धी वार्ताका सन्दर्भमा संयुक्त प्रस्तावहरू राखेको छ र जलवायु परिर्वनसम्बन्धी वार्तामा एउटा संगठनको रुपमा क्रियाशिल रहने गर्दछ ।

Co-benefits (सह–लाभहरू): सह-लाभको अवधारणामा रेडप्लसलाई जलवायु परिवर्तनसँग मात्र सम्बन्धित मान्नु हुँदैन भन्ने मान्यता राखिन्छ । त्यसैले रेडप्लसका माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरणका साथै के कति अतिरिक्त लाभ प्राप्त भयो भन्ने कुराको पनि मूल्याङ्कन गरिनु पर्छ । के कस्ता लाभहरूलाई सह-लाभ भन्ने विषयमा छलफलहरू भइरहेका भए तापनि विभिन्न देशहरूले सहलाभलाई परिभाषित गर्ने कार्य शुरु गरेका छन् । नेपाल सरकारले सार्वजनिक गरेको अवधारणा अनुसार (१) जीविकोपार्जनमा सुधार, (२) जैविक विविधता र यसको महत्वमा वृद्धि, (३) जलवायु परिवर्तन अनुकूलनका लागि पारिस्थितिकीय क्षमतामा वृद्धि, (४) सुशासन, संस्थागत

पक्ष र नीतिहरूमा सुधार र (५) अन्तर्राष्ट्रिय वातावरणीय सम्झौताको कार्यान्वयनलाई रेडप्लसको सहलाभ अन्तर्गत लिनुपर्ने कुरा अगाडि सारेको छ । अन्तर्राष्ट्रियस्तरमा सह-लाभ अन्तर्गत जोखिममा परेका आदिवासी एवं स्थानीय समुदायको अधिकारका क्षेत्रमा भएका परिवर्तनलाई पनि मूल्याङ्कन गरिनुपर्ने मान्यता अगाडि सारिएको छ ।

Co-dominant (सह प्रमुख): मिश्रित उमेर र प्रजाति भएको वनमा रहेका ती अग्ला रुखहरू जसको उचाई अधिरोही वनस्पतिको भन्दा केही कम हुन्छ । यी रुखहरूले अधिरोहीसँगै वनमा मुख्य छत्र बनाउँछन् ।

Co-Financing Mechanism (सह–लगानी संयन्त्र): सह-लगानी संयन्त्र अन्तर्गत बहुपक्षीय इकाई मार्फत एउटै आयोजनामा संयुक्त लगानी भएको हुन्छ । जलवायु सहलगानी अन्तर्गत विविध जलवायु आयोजनाहरूमा बहुपक्षीय विकास बैंकका साथै अन्य बाह्य इकाईले पनि लगानी गरेका हुन्छन् । यस संयन्त्रमा अन्य स्रोतका साथै सरकारी वा सरकार सम्बद्ध, निजी वा संरक्षकका रूपमा रहेका बहुपक्षीय विकास बैंकको संयोजकत्वमा अन्तर्राष्ट्रिय जलवायु कोषको पनि संलग्नता हुन सक्दछ ।

Common Property Resources (साझा सम्पदा स्रोत): प्राकृतिक स्रोतहरू खुला पहुँचमा रहँदासम्म विनाशोन्मुख अवस्थामा रहेका हुन्छन् । त्यसैले खुल्ला स्रोतहरूलाई समुदायको सहमतिमा नियन्त्रण र व्यवस्थापन गरी संरक्षण गर्ने अवधारणाको विकास भएको हो । तसर्थ समुदायले आफ्नो सम्पत्तिको रुपमा व्यवस्थापन गरेका साझा सम्पदा स्रोत यस्तो स्रोत हो जसको नियन्त्रण, व्यवस्थापन र स्वामित्व कुनै निश्चित समुदायमा रहेको हुन्छ । साझा सम्पदा स्रोतहरू सम्बन्धित समुदायको हितका लागि सदुपयोग गरिने भएकोले यसको राम्रोगरी संरक्षण भएको हुन्छ । साझा सम्पदा स्रोतमा समुदायका सबै सदस्यहरूको समन्यायिक अधिकार र आवश्यक जिम्मेवारी रहेको हुन्छ । नेपालको सन्दर्भमा समुदायमा आधारित वन व्यवस्थापनलाई साझा सम्पदा स्रोतको एउटा उत्कृष्ट नमुनाको रुपमा लिन सकिन्छ ।

Conference of Parties (COP) (पक्ष राष्ट्रहरूको सम्मेलन): कुनै पनि महासन्धिका संरचनामा पक्ष राष्ट्रहरूको सम्मेलन सबैभन्दा सर्वोच्च निकायको रुपमा रहन्छ जसमा सम्बन्धित महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रका प्रतिनिधिहरूले भाग लिनु पर्दछ । यस्तो सम्मेलन प्रत्येक वर्ष बस्ने गर्दछ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको पक्षराष्ट्रको पहिलो सम्मेलन सन् १९९५ मा भएको थियो भने

सन् २०२३ सम्म आइपुग्दा यस महासन्धिको पक्ष राष्ट्रको अट्ठाइसौं सम्मेलन सम्पन्न भइसकेको छ ।

Consultative Group of Experts (CGE) (विज्ञहरूको परामर्शदात्री समूह): महासन्धिको प्रावधान अनुसार महासन्धिको सचिवालय समक्ष जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय सञ्चार प्रतिवेदन पेश गर्नु सबै पक्ष राष्ट्रहरूको दायित्व हो । यस्तो प्रतिवेदन तयारी र परिमार्जनमा सहयोग पुऱ्याउनको लागि विज्ञ समूह गठन भएको हुन्छ जसले खासगरी विकासोन्मुख देशहरूलाई सहयोग पुऱ्याउँदछ ।

Contact Group (सम्पर्क समूह): जलवायु परिवर्तनसम्बन्धी वार्ताका कुनै खास विषयमा मस्यौदा दस्तावेज बनाउनको लागि महासन्धिका पक्षराष्ट्रहरूका प्रतिनिधिहरू मध्येबाट कुनै खास विषयका सम्पर्क समूहहरू गठन हुन सक्छन् । यस्ता सम्पर्क समूहको मुख्य जिम्मेवारी राष्ट्रहरूका विभिन्न समान चाहना भएका समूहहरूबाट सेसनमा व्यक्त गरेका विचारहरूलाई एकत्रित गरी मस्यौदा दस्तावेज बनाउनु रहेको हुन्छ । सम्पर्क समूहका बैठकहरू सामान्यतया पर्यवेक्षकहरूका लागि खुल्ला रहन्छन् र सम्पर्क समूहका मस्यौदा दस्तावेजहरू निर्णयार्थ पूर्ण-सत्रहरूमा प्रस्तुत हुन्छन् ।

Convention on Biological Diversity (CBD) (जैविक विविधता महासन्धि): सन् १९९२ देखि लागु भएको यस महासन्धिको मुख्य सिद्धान्त सबै राष्ट्रहरूलाई आ-आफ्ना वातावरणीय नीति अनुसार आ-आफ्नो राष्ट्रका स्रोतहरूको उपयोग गर्ने सार्वभौम अधिकार रहेको छ भन्ने हो । यस महासन्धिका मुख्य उद्देश्यहरू अन्तर्गत जैविक विविधताको दिगो संरक्षण एवं उपयोग गर्ने र अनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्नु रहेको छ । संयुक्त राज्य अमेरिका बाहेक विश्वका प्राय सबै देशहरू पक्षराष्ट्र रहेको यस महासन्धिको सचिवालय क्यानडामा रहेको छ ।

Convention on International Trade in Endangered Species and Wild Fauna and Flora (CITES) (सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (साइटिस): विश्वव्यापी रूपमा दुर्लभ हुँदै गएका बोटबिरुवा तथा जीवजन्तुको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्ने उद्देश्यले सन् १९७३ देखि लागू गरिएको यस सन्धिमा हाल १८४ पक्षहरूले यस सन्धिमा हस्ताक्षर गरिसकेका छन् ।

Conversion of Natural Forest (प्राकृतिक वनको परिवर्तन): यसले प्राकृतिक वनको संरचना र क्षमतामा गरिने परिवर्तनलाई जनाउँछ ।

Copenhagen Accord (कोपनहेगन सहमति): कोपेनहेगन सहमति संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना सम्मेलन को १५ औं सम्मेलन डिसेम्बर २००९ कोपनहेगनमा भएको राजनीतिक सहमति हो । यस सहमति अनुसार सहभागी राष्ट्रहरूले हरित ग्याँस उत्सर्जनका लागि विशेष कार्यक्रम गर्ने प्रतिबद्धता गरेका हुन्छन् । कोपेनहेगन सम्झौता कानूनी रूपमा बाध्यकारी थिएन र औपचारिक सन्धिमा परिणत भएन, यसले जलवायु परिवर्तन नियन्त्रण प्रयासहरूमा विश्वव्यापी सहमतिलाई अघि बढाउन महत्वपूर्ण कदम राख्यो र २०१५ को पेरिस सम्झौता जस्ता सम्झौताको आधार निर्माण गर्‍यो ।

Costs, Benefits and Risks (लागत, लाभ र जोखिमहरू): रेडप्लस कार्यक्रममा सबै किसिमका प्रत्यक्ष वा अप्रत्यक्ष लागत, लाभ र जोखिमहरूका साथै त्यसको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूको समीक्षा समेत गर्नुपर्ने हुन्छ । लागतको समीक्षा गर्दा फाइदाका लागि गरिने लागत पनि समावेश गरिनु पर्छ । सबै लागत, अवसर र जोखिमहरूको वर्तमान आधार अवस्थासँग तुलना गर्नुपर्छ जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको अवस्थामा देखिने सम्भावित भू-उपयोगको अवस्था होस् भन्ने कुरामा ध्यान दिनुपर्ने हुन्छ ।

Country Approach to Safeguards (CAS) (राष्ट्रिय सुरक्षा संयन्त्र): कुनै राष्ट्रले रेडप्लसका अन्तर्राष्ट्रिय सुरक्षा सिद्धान्तका आवश्यकता अनुरुप आफ्ना नीति नियम, कानून, कार्यक्रम लगायत संस्थागत संरचनाहरूको सामञ्जस्यता गरी रेडप्लस कार्यान्वयनमा सुशासनको सुनिश्चितता गर्न अपनाइएको विधिलाई राष्ट्रिय सुरक्षा संयन्त्र भनिन्छ ।

Crop tree (बाली रूख): कुनै पनि क्षेत्रमा हुर्केका सानाठूला सम्पूर्ण रुखहरू भएको वन, जस्तैः बिरुवा, पोल, परिपक्व अवस्थाको रुख आदि ।

Customary Rights (प्रथाजनित अधिकार): प्रथाजनित अधिकार भन्नाले संस्कृति तथा स्रोतहरूमाथि अधिकार हुने गरी राज्यद्वारा जारी गरिएका औपचारिक कानूनी मान्यता बाहेक आदिवासी एवं स्थानीय समुदायको प्राकृतिक स्रोतहरू उपयोग गर्ने प्रथाजनित कानून, मूल्य मान्यता, प्रथा, परम्पराहरूका दीर्घकालीन ढाँचाहरूलाई जनाउँछ जुन मानव अधिकारका विश्वव्यापी मान्यता र सम्बन्धित राज्यको संविधान र कानून विपरित हुनु हुँदैन ।

D

Dedicated Grant Mechanism (DGM) (लक्षित अनुदान संयन्त्र): वन लगानी कार्यक्रम अन्तर्गत संचालित विभिन्न कार्यक्रमहरूमा आदिवासी जनजाति, स्थानीय समुदाय लगायत अन्य वञ्चितिकरणमा परेका समुदायको पूर्ण तथा प्रभावकारी सहभागिताका लागि क्षमता विकास मार्फत रेडप्लस कार्यक्रमको तयारी तथा प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्न ती समुदाय लक्षित विशिष्ट अन्तर्राष्ट्रिय अनुदान संयन्त्र भन्ने बुझिन्छ। विश्व बैंकद्वारा व्यवस्थापन हुँदै आएको जलवायु लगानी कोष मातहत रहेको रणनीतिक जलवायु कोष अन्तर्गत वन लगानी कार्यक्रम तर्जुमा गरेका नेपाल लगायत विश्वका ३२ वटा मुलुकमा यो संयन्त्र उपलब्ध छ। यस अन्तर्गत नेपालमा आदिवासी जनजाति, स्थानीय समुदाय लगायात वञ्चितिकरणमा परेका समुदयको क्षमता विकासका लागि अनुदान प्राप्त भएको छ।

Deforestation (वन विनाश): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलन र विश्व खाद्य तथा कृषि संगठनका अनुसार वन विनाश भन्नाले वनलाई दीर्घकालीन रुपमा नै गैह्रवनमा परिणत गर्नु अर्थात् वनलाई वन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नु वा दीर्घकालिन रुपमा नै वनको छत्र घनत्वलाई १० प्रतिशत भन्दा कम गर्नु हो।

Demography (जनसंख्या शास्त्र): मानिसको जन्म, मृत्यु र जलवायु परिवर्तनको प्रभाव लगायत विभिन्न कारणले हुने बसाइँसराइले गर्दा जनसंख्याको स्थितिमा आउने परिवर्तनबारे अध्ययन गर्ने शास्त्रलाई जनसंख्या शास्त्र भनिन्छ।

Dendro-chronology (वृक्षकाल विज्ञान): रुखको जीवनकालमा त्यसको स्तम्भ र काण्डभित्र निर्माण हुने रेखा वा चक्रहरूको आधारमा रुखको आयु र कालचक्र अध्ययन गर्ने विषय।

Dendrology (वृक्ष विज्ञान): रुख बिरुवाको पहिचान गर्ने विषय, जसमा रुखसम्बन्धी अध्ययन गरिन्छ।

Desertification (मरुभूमिकरण): खासगरी शुष्क (arid) वा अर्धशुष्क (semi arid) क्षेत्रहरूमा रहेको वानस्पतिक घनत्वमा तीव्र ह्रास आउने वा क्षयीकरण बढ्दै जाने

प्रक्रियालाई मरुभूमिकरण भनिन्छ । यस प्रक्रिया अन्तर्गत विद्यमान मरुभूमि बढ्दै जाने प्रक्रिया पनि पर्दछ । घाँसे मैदानहरूमा अत्याधिक चरिचरण, ठूलो क्षेत्रमा वन विनाश तथा रुख फडानी, ठूलो क्षेत्रफलमा व्यापक आगलागी र जलवायु परिवर्तन आदि मरुभूमिकरणका कारणहरू हुन् ।

Designated National Authority (DNA) (अधिकार प्राप्त राष्ट्रिय निकाय): कार्बन व्यापारका लागि अनुमति दिनका लागि सरकारद्वारा अधिकारप्राप्त सरकारी निकाय नै अधिकार प्राप्त राष्ट्रिय निकाय हो । यस्तो निकायको अनुमति बिना कार्बन व्यापार गरी रकम प्राप्त गर्ने कुनै पनि परियोजना प्रस्तावहरू अगाडि बढ्न सक्दैनन् ।

Developing Countries/Non Annex I Parties (विकासोन्मुख देशहरू): महासन्धिको अनुसूची १ मा नाम नभएका सबै १४८ वटा देशहरू विकासोन्मुख देशको वर्गमा पर्दछन् । महासन्धिको प्रावधान अनुसार जलवायु परिवर्तनका सन्दर्भमा यी देशहरूले विकसित/औद्योगिक राष्ट्रको तुलनामा कम दायित्व बहन गर्नु पर्दछ । त्यस्तै यी देशहरूले विकसित राष्ट्रहरूबाट जलवायु परिवर्तनका सन्दर्भमा आर्थिक लगायतका सहयोग प्राप्त गर्ने हैसियत राख्दछन् । त्यस्तै महासन्धिका दायित्वहरू पूरा गर्ने सन्दर्भमा पनि विकासोन्मुख देशहरूले कतिपय सहुलियत प्राप्त गर्दछन् । विकासोन्मुख देशहरूले आफ्नो देशको हरितगृह ग्याँस उत्सर्जनसम्बन्धी सर्वेक्षण प्रतिवेदनको नियमित तयारीका लागि थप समय माग गर्न पनि सक्दछन् र यसका लागि विकसित राष्ट्रहरूले सहयोग उपलब्ध गराउनु पर्दछ ।

Diameter at Breast Height (DBH) (डी.बी.एच.): यो रुखको काण्डको व्यासको नाप हो जुन रुखको फेदबाट ४ फिट ६ इन्च (१.३० मिटर) को उचाइमा लिइन्छ । यो नाप साधारणतया रुखमा बोक्रा सहितै लिइन्छ ।

Die-back (टुप्पो मर्ने रोग): जीवाणुहरू खासगरी (*Ganoderma lucidum / fusarium*) रुखको जरामा आक्रमण गर्दा रुखको टुप्पा मर्ने रोग लाग्दछ । यसबाट रुखलाई बचाउनका लागि रोग लागेको रुखको जरा उखेली वा जलाई दिएमा अर्को रुखमा यो रोग सर्ने सम्भावना कम हुन्छ । यो रोगले साल प्रजाति लगायत हाल तराईमा सिसौको वृक्षारोपण क्षेत्रमा निकै नोक्सान पुऱ्याएको छ ।

Disaster (प्रकोप): जनधनको क्षति वा विनाश गर्ने प्राकृतिक तथा मानवसृजित घटनालाई प्रकोप भनिन्छ । जलवायु परिवर्तनका कारण जनधनको क्षति हुनेगरी बाढी,

पहिरो, खडेरी, रोगव्याधी, हिमताल विस्फोट आदि जस्ता प्रकोपको अवस्था सिर्जना हुँदै आएको पाइन्छ । त्यसैले यस्तो अवस्थामा अनुकूलनका लागि विकसित देशहरूले जोखिममा परेका देशहरूलाई सहयोग गर्नुपर्ने हुन्छ ।

Displacement of Emissions (उत्सर्जन स्थानान्तरण): कुनै पनि मुलुकमा रेडप्लस कार्यक्रम सञ्चालनका लागि क्षेत्रीय वा परियोजनागत क्षेत्रको अभ्यास गरिएको अवस्थामा उत्सर्जन स्थानान्तरणको मापन गर्नुपर्ने हुन्छ । यसका लागि रेडप्लस कार्यक्रम लागु गरिएको वन क्षेत्र र रेडप्लस कार्यक्रम लागु नगरिएको वन क्षेत्रको कार्बन मापन गर्दा देखापर्ने अन्तरले कार्बन स्थानान्तरणको अवस्था पहिचान गर्न मद्दत गर्दछ । सिद्धान्ततः उत्सर्जन स्थानान्तरण र कार्बन चुहावट बीच भिन्नता छैन । उत्सर्जन स्थानान्तरणको अवधारणामा रेडप्लस कार्यक्रम लागु नभएको क्षेत्रको र रेडप्लस कार्यक्रम लागु भएको क्षेत्र गरी दुबै वनका कार्बन मापन गरी स्थानान्तरण भएको कार्बन उत्सर्जनको अवस्था पहिचान गरिन्छ । यसबाट रेडप्लससम्बन्धी रणनीतिहरू लागु हुँदा र नहुँदाको अवस्था पहिचान गरिन्छ । यसको अनुगमन, प्रतिवेदन तयारी र सत्यापन (प्रमाणीकरण) को कार्यमा महत्वपूर्ण भूमिका रहन्छ ।

Dominant Species (प्रमुख प्रजाति): अरु प्रजातिमाथि आफ्नो प्रभाव जमाउन सक्ने प्रजातिलाई नै प्रमुख प्रजाति भनिन्छ । प्रजातिहरूको बीच प्रतिस्पर्धा भई प्रमुख प्रजातिको रुपमा स्थापित हुनका लागि प्रजातिले पाउने खाद्यान्न, प्रकाश र वासस्थानले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । वनमा रहेको कार्बन मापन गर्ने क्रममा वनको वर्गिकरणको लागि प्रमुख प्रजातिलाई पनि एउटा आधार मान्ने गरिन्छ ।

Drivers of Deforestration and Forest Degradation (वन विनाश तथा वन क्षयीकरणका कारक तत्वहरू): वन विनाश तथा क्षयीकरणका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुख्य जिम्मेवार रहेका तत्वहरूलाई रेडप्लसमा वनविनाश तथा वन क्षयीकरणका कारक तत्व मानिन्छ । नेपालमा रेडप्लसको तयारीका लागि बनाइएको पूर्वतयारी प्रस्तावना (REDD Readiness Preparation Plan-RPP) अनुसार वन विनाश तथा क्षयीकरणका नौ वटा प्रत्यक्षहरू कारणहरू रहेका छन् जस अन्तर्गत वन र वनस्रोतमा अत्यधिक निर्भरता, वन पैदावारको अबैध संकलन, वन पैदावार संकलनका लागि दिगो विधि नअपनाउनु, वन डढेलो, वन अतिक्रमण, अति चरिचरण, वनमा पूर्वाधार संरचनाको निर्माण, वनमा पूनरवास र मिचाहा प्रजातिको विस्तार पर्दछन् ।

Duff (डफ): भर्खरै खसेको हाँगाबिँगाका टुक्रा र पातहरूको फोहोर जंगलको भुइँको मुनि आंशिक रूपमा कुहिएको जैविक पदार्थ ।

Durban Platform (डर्वान मञ्च): जलवायु परिवर्तन सम्बन्धी परम्परागत वार्ता प्रक्रियालाई बदलिँदो सन्दर्भमा फरक किसिमले अघि बढाउन आवश्यक ठानी सन् २०११ को डर्वान सम्मेलनमा डर्वान मञ्च बृहत कार्ययोजनाका लागि तदर्थ कार्यक्रम (Ad hoc Working Group on Durban Platform for Enhance Action-ADP) गठन गरिएको थियो । यस तदर्थ कार्यसमूहको मुख्य उद्देश्य सबै राष्ट्रहरूलाई मान्य हुने किसिमको बृहत कानूनी सम्झौता तयार गर्ने रहेको छ । यस कार्यसमूहले आफ्नो कार्य सन् २०१५ भित्रमा सम्पन्न गरी महासन्धिको पक्ष राष्ट्रहरूको २१औं सम्मेलन अर्थात् सन् २०१५ मा त्यस्तो कानूनी सम्झौता अनुमोदनका लागि प्रतिवेदन प्रस्तुत गर्ने र सो सम्झौता सन् २०२० देखि लागु हुने निर्णय गरिएको छ । डर्वान मञ्चले सन् २०१२ देखि आफ्नो कार्य आरम्भ गरेको हो । यस कार्य अन्तर्गत सन् २०२० अघि चालिनुपर्ने कदमहरू र त्यस पश्चात् लागु हुने सम्झौताको खाका बनाउनका लागि दुइवटा उप-कार्यसमूह (work stream) बनाई काम भइरहेको छ ।

E

E3 criteria (Effectiveness, Efficiency and Equity) (प्रभावकारिता, मितव्ययिता र समन्याय): कुनै पनि विषयको उपलब्धी र विकल्पहरूको मूल्याङ्कनका लागि यी साधारण सूचकहरूको प्रयोग गर्ने गरिन्छ । अहिले जलवायु परिवर्तन न्यूनीकरण तथा रेडप्लससम्बन्धी नीतिका विभिन्न विकल्पहरूको मूल्याङ्कनका लागि पनि यी सूचकहरूको प्रयोग गर्ने क्रम बढेर गएको छ ।

- **Effectiveness (प्रभावकारिता):** प्रभावकारिता सम्बन्धी सूचकको माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरणको समग्र लक्ष्य पुरा गर्न सकियो वा सकिएन भन्ने कुराको मूल्याङ्कन गरिन्छ । यसका लागि रेडप्लससम्बन्धी कार्यहरूबाट कति कार्बन उत्सर्जन कटौती भयो र कार्बन सञ्चितिमा कति वृद्धि भयो भन्ने तथ्याङ्कहरूको लेखाजोखा गरिन्छ ।
- **Efficiency (मितव्ययिता/किफायती):** मितव्ययीतासम्बन्धी सूचकको माध्यमबाट कम भन्दा कम खर्चमा रेडप्लस कार्यक्रम लागु गरी उत्सर्जन कटौती र कार्बन

सञ्चय गर्ने लक्ष्यमा पुगियो वा पुगिएन भन्ने कुराको मूल्याङ्कन गरिन्छ । यसका लागि उत्सर्जन कटौती एवं कार्बन सञ्चयसम्बन्धी कार्यहरू गर्दा लागेको खर्चको लेखाजोखा गरिन्छ ।

- **Equity (समन्याय):** समन्यायसम्बन्धी सूचकको माध्यमबाट रेडप्लसको लाभ बाँडफाँड र लगानीको भागवण्डा स्वच्छ रुपमा भएको छ वा छैन भन्ने कुराको मूल्याङ्कन गरिन्छ । यसका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय एवं स्थानीय गरी विभिन्न तहमा र विभिन्न सरोकारवाला समूहहरूमा रेडप्लसको लगानी र लाभको कसरी भागवण्डा, बाँडफाँड वा वितरण भएको छ भन्ने कुराको लेखाजोखा गरिन्छ ।

Earth Summit (पृथ्वी शिखर सम्मेलन): सन १९९२ मा ब्राजिलको रियो दी जेनेरीयोमा संयुक्त राष्ट्रसंघीय पृथ्वी शिखर सम्मेलन आयोजना भएको थियो । त्यस सम्मेलनलाई वातावरण र विकाससम्बन्धी विश्व सम्मेलन पनि भनिन्छ । यसै सम्मेलनमा जैविक विविधता महासन्धि र मरुभूमिकरण विरुद्धको महासन्धिका अतिरिक्त जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि पनि पारित भएको थियो र तत्कालै यस महासन्धिमा १५० देशहरूले दस्तखत गरेका थिए ।

Ecological Succession (पारिस्थितिक उत्तराधिकार): समयसँगै वनस्पति र पशु समुदायको क्रमिक परिवर्तन ।

Ecologically Sustainable Development (पारिस्थितिकीय दिगो विकास): पारिस्थितिकीय प्रणालीमा प्रतिकुल प्रभाव नपर्ने गरी स्रोत परिचालन गर्दै गरिने विकासलाई पारिस्थितिकीय दिगो विकास भनिन्छ । यसले समग्रमा दिगो विकासलाई टेवा पुऱ्याउँछ ।

Ecosystem Degradation (पारिस्थितिकीय प्रणालीको क्षयीकरण): कुनै पारिस्थितिकीय प्रणालीले प्रदान गरेको वा प्रदान गर्न सक्ने वस्तु वा सेवाको मात्रा र गुणस्तरमा आउने उल्लेखनीय ह्रास भन्ने बुझिन्छ ।

Ecosystem Rehabilitation (पारिस्थितिकीय प्रणालीको पुनरुत्थान): विनाश तथा क्षयीकरण भई कुनै पारिस्थितिकीय प्रणालीले पारिस्थितिक कार्य सञ्चालन गर्न नसकेको अवस्थामा पुनः उक्त प्रणालीलाई आफ्नो पारिस्थितिक काय सञ्चालन गर्न सक्ने अवस्थामा फर्काउने प्रक्रिया भन्ने बुझिन्छ ।

Ecosystem Restoration (पारिस्थितिकीय प्रणालीको पुनः स्थापना): कुनै पारिस्थितिकीय प्रणाली विनाश तथा क्षयीकरण भई यसले प्रदान गर्ने वस्तु वा सेवाको मात्रा र गुणस्तरमा ह्रास आएको अवस्थामा उक्त प्रणालीको जैविक विविधता, तिनको अवस्था र त्यहाँ सञ्चालन हुने समग्र प्रणालीलाई पूर्वावस्थामा फर्काउने प्रक्रिया भन्ने बुझिन्छ ।

Ecosystem Services (पर्यावरणीय सेवा): प्राकृतिक पर्यावरणले मानव समृद्धिका लागि थुप्रै उपयोगी वस्तु र सेवा उत्पादन र आपूर्ति गर्दछ, जसलाई संगठित रुपमा पर्यावरणीय सेवा भन्ने गरिन्छ । सन् २००५ मा प्रकाशित संयुक्त राष्ट्रसंघीय पर्यावरणीय सहश्राब्दी मूल्यांकन प्रतिवेदनले पर्यावरणीय सेवालाई बृहद किसिमले चार समूहमा विभाजन गरेको छ । यस अन्तर्गत (१) **उपभोग्य वस्तु तथा सेवा** जस्तैः वनजन्य खाद्य वस्तु/कन्दमुल, पानी आदि, (२) **नियमनात्मक सेवा** जस्तैः जलवायु परिवर्तन न्यूनीकरण, रोग न्यूनीकरण, (३) **सहयोगी सेवा** जस्तैः पोषण चक्रमा सन्तुलन, खेतीवारीमा परागसेचन आदि र (४) **सांस्कृतिक सेवा** जस्तैः आध्यात्मिक र आमोद-प्रमोद फाइदा आदि पर्दछन् ।

Emergent (इमर्जेन्ट): लिफ कोलिसन (LEAF Coalition) मा सहभागी साझेदारका बीचमा कारोवारका लागि सहजीकरण गर्ने प्रशासनिक समन्वयकर्ताको रुपमा काम गर्ने गैरनाफामूलक अमेरिकी संस्था Emergent हो ।

Emission Factor (एमिसन फ्याक्टर): एउटा गुणांक हो जसले प्रति एकाइ रेड गतिविधि अनुसार हरित गृह ग्याँसको उत्सर्जन वा अवशोषणको मात्रा निर्धारण गर्दछ । कुनै रेड गतिविधिको Emission Factor निर्धारण गर्दा National Forest Inventory data लाई आधारभूत तथ्याङ्कका रुपमा लिइन्छ ।

Emission (उत्सर्जन): कुनै निश्चित अवधि भित्र कुनै निश्चित स्रोत र स्थानबाट वायुमण्डलमा हरितगृह ग्याँस निस्कनुलाई उत्सर्जन भनिन्छ ।

Emission Reduction Monitoring Report (उत्सर्जन कटौती अनुगमन प्रतिवेदन): कार्बन व्यापारमा सहभागी मुलुक वा संस्थाले उत्सर्जन कटौती सम्बन्धमा पेश गरेको अनुगमन प्रतिवेदन । नेपालले तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा सञ्चालित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमको उत्सर्जन कटौती अनुगमन प्रतिवेदन सन् २०२३

सेप्टेम्बर १४ मा विश्व बैंक समक्ष पेश गरेको छ। सन् २०१८ जुन महिनादेखि सन् २०२१ डिसेम्बर महिनासम्मको अवधिमा करिब २३ लाख टन कार्बनडाइअक्साइ न्यूनीकरण गरेको उल्लेख छ।

Emission Reduction Program Document (ERPD) (उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज): रेड प्लस तयारी चरणमा योगदानमा आधारित भुक्तानीका लागि कुनै तह (राष्ट्रिय, क्षेत्रीय वा भू-परिधि) मा उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरू समेत समेटेर बनाइएको दस्तावेज भन्ने बुझिन्छ। हाल नेपालको तराई भू-परिधि कार्यक्रम लागु भएका १३ जिल्लाका लागि उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज तयार गरी विश्व बैंकबाट सन् २०१८ मा स्वीकृत भई उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन भइरहेको छ। उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजमा सात वटा क्षेत्रमा मुख्य कार्यहरू सञ्चालन गर्ने र ती कार्यक्रम कार्यान्वयन गर्दा १० वर्षमा अनुमानित ३ करोड ४२ लाख टन कार्बनडाइअक्साइड कम हुने आँकलन गरिएको छ।

Emission Reduction Unit, ERU (उत्सर्जन न्यूनीकरण इकाई): एक मेट्रिक टन कार्बनडाईअक्साईड बराबरको इकाई हो जसलाई क्योटो प्रोटोकलले उत्सर्जन न्यूनीकरण कटौती मापनका लागि निर्धारण गरेको छ।

Emission Trading (उत्सर्जन व्यापार): औद्योगिक राष्ट्रहरूले क्योटो अभिसन्धि अनुसार आफूले कटौती गर्नुपर्ने उत्सर्जनको एकाई एक आपसमा आदान-प्रदान गरी उत्सर्जन कटौती सम्बन्धी कानुनी प्रतिबद्धता पूरा गर्न सहयोग पुऱ्याउने उपायको रूपमा यो प्रक्रियाको विकास भएको हो। यसका लागि यी राष्ट्रहरूले क्योटो अभिसन्धिका आधारमा तर्जुमा गरिएका मापदण्ड र पूर्वशर्तहरूको कडाइका साथ पालना गर्नुपर्छ।

Emissions Reduction Purchase Agreement (ERPA) (उत्सर्जन कटौती खरिद सम्झौता): कार्बन क्रेता र बिक्रेताका बीचमा गरिने सम्झौतालाई उत्सर्जन कटौती खरिद सम्झौता (ERPA) भनिन्छ। यस्तो सम्झौतापत्रमा कार्बन खरिद र बिक्री अवधि तथा कार्बनको मूल्य लगायतका विषयमा उल्लेख गरी क्रेता बिक्रेतालाई अधिकार र दायित्वहरूबारे स्पष्ट पारिएको हुन्छ। सम्झौतामा प्रमाणित उत्सर्जनलाई नियमन गर्ने व्यवस्थाहरू लगायत कार्यसम्पादन नगरेमा सिर्जना हुन सक्ने जोखिमका बारेमा पनि उल्लेख गरिएको हुन्छ। नेपाल सरकार र वन कार्बन साझेदारी संयन्त्र/कार्बन

कोषको तर्फबाट विश्व बैंक बीच सन् २०२१ फेब्रुअरी २४ मा वन विनाश र वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन न्यूनीकरणका लागि सन् २०१८ जुन महिनादेखि सन् २०२४ को डिसेम्बरसम्मको लागि उत्सर्जन कटौती खरिद सम्झौता सम्पन्न भएको छ ।

Environmental and Social Impact Assessment (वातावरणीय एवं सामाजिक प्रभाव मूल्याङ्कन): कुनै पनि विकास कार्यक्रम तथा परियोजनाको कार्यान्वयनबाट परियोजना क्षेत्र भित्र तथा बाहिरको प्राकृतिक वातावरण र समाज एवं समुदायहरूमा पर्न सक्ने सम्भावित सकारात्मक तथा नकारात्मक प्रभावहरूको आँकलन र भविष्यवाणी गर्न र सम्भावित नकारात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरूको बारेमा अध्ययन गरी सुझावहरू प्रदान गर्न अपनाइने एक व्यवस्थित प्रक्रियालाई वातावरणीय एवं सामाजिक प्रभाव मूल्याङ्कन भनिन्छ ।

Environmental and Social Management Framework (वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा): वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा एक सुरक्षा उपकरण हो । वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा मार्फत वातावरणीय र सामाजिक जोखिम तथा प्रभावहरूको मूल्याङ्कन गर्न सिद्धान्तहरू, नियमहरू, दिशानिर्देशहरू र प्रक्रियाहरू स्पष्ट गरिन्छ । यसले विभिन्न क्रियाकलापहरू कार्यान्वयन हुन सक्ने क्षेत्रको बारेमा पर्याप्त जानकारी प्रदान गर्दछ भने यसमा प्रतिकूल जोखिम र प्रभावहरू कम गर्न, न्यूनीकरण गर्ने उपायहरू र योजनाहरू, त्यस्ता उपायहरूको लागतको अनुमान, बजेटको लागि प्रावधानहरू, परियोजनाबाट पर्न सक्ने जोखिमका साथै प्रभावहरूलाई सम्बोधन गर्न जिम्मेवार निकायहरूको वातावरणीय र सामाजिक जोखिम र प्रभावहरू व्यवस्थापन गर्नसक्ने क्षमताको बारेमा समेत जानकारी प्रदान गर्दछ ।

Environmental and Social Management Plan (वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना): वातावरणीय र सामाजिक व्यवस्थापन योजना एक वातावरणीय तथा सामाजिक सुरक्षा उपकरण हो । यसले कुनै पनि कार्यक्रम तथा परियोजनाको सम्भावित नकारात्मक वातावरणीय र सामाजिक प्रभावहरू हटाउन वा कम गर्नको लागि परियोजनाको कार्यान्वयन र सञ्चालनको क्रममा लिइने उपायहरूको बारेमा तथा ती उपायहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक कार्यहरूको बारेमा विस्तृत रुपमा प्रकाश पार्दछ ।

Environmental and Social Risk (वातावरणीय र सामाजिक जोखिम): कुनै पनि विकास कार्यक्रम तथा परियोजनाको कार्यान्वयनबाट परियोजना क्षेत्र भित्र तथा बाहिरको प्राकृतिक वातावरण र समाज एवं समुदायहरूमा पर्न सक्ने सम्भावित नकारात्मक असर र प्रभावहरूलाई वातावरणीय र सामाजिक जोखिमहरूको भनिन्छ ।

Environmental and Social Standards (वातावरणीय एवं सामाजिक मापदण्डहरू): कुनै पनि कार्यक्रम तथा परियोजनाको जोखिम र प्रभावहरू व्यवस्थापन गर्न एवम् जोखिम तथा परिणाममा आधारित दृष्टिकोणको माध्यमबाट वातावरणीय र सामाजिक क्षेत्रमा गरिने कार्य दक्षतामा सुधार गर्नको लागि विभिन्न वातावरणीय एवं सामाजिक मापदण्डहरू तयार गरी लागु गरिन्छ । विभिन्न संस्था एवम् निकायहरूले आवश्यकता अनुसार आफ्नै वातावरणीय एवं सामाजिक मापदण्डहरू विकास गरी लागु गर्दछन् । उदाहरणको लागि विश्व बैंकको वातावरणीय तथा सामाजिक प्रारुपमा १० वटा वातावरणीय एवं सामाजिक मापदण्डहरू रहेका छन् ।

Environmental law (वातावरणीय कानून): वातावरण सुधारका लागि अनुपयोगी मानवीय क्रियाकलापहरू नियन्त्रण गर्न सरकारद्वारा संविधान सम्मत तर्जुमा गरिएको दस्तावेज, वातावरणीय वा प्राकृतिक स्रोतको समुचित रूपमा प्रयोग गर्न र दुरूपयोगको नियन्त्रण गर्न सरकारद्वारा तर्जुमा गरिएको संविधान प्रदत्त नियम वा कानुन । मानिस तथा वातावरण बीचको सम्बन्धबारेका नीति नियमको पालना गर्न गराउनका निम्ति वातावरणीय कानून आवश्यक पर्दछ ।

Environmental Refugee (वातावरणीय शरणार्थी): जलवायु परिवर्तन वा अन्य विभिन्न प्रभाव तथा प्रकोपका कारणले वातावरणको विनाश, बाढी पहिरो, हिमताल विस्फोट, अत्यधिक खडेरी, घातक प्रदुषण आदिका कारण कृषि लगायत आफ्नो जीविकोपार्जनका साधन नष्ट भई वा त्यस्ता साधनहरू असुरक्षित भएको ठानी आफ्नो जीवन धान्न कठिनाई भएकोले आफ्नो बसोवासको क्षेत्र छाडी अन्यत्र जान वा पलायन हुन बाध्य भएका व्यक्ति एवं परिवारहरूलाई वातावरणीय शरणार्थी भनिन्छ । कानूनी रुपमा वातावरणीय शरणार्थीलाई मान्यता प्राप्त नभए पनि त्यस्ता शरणार्थीहरूको बसाई व्यवस्थापनको लागि ठूलो धनराशी खर्च हुँदै आएको छ ।

Environmental Services (वातावरणीय सेवा): वातावरणीय सेवा भन्नाले सामान्यतया मानिस लगायतका प्राणीहरूले प्राकृतिक प्रणालीबाट प्राप्त गर्ने सेवालाई

बुझाउँछ । यस्ता सेवा अन्तर्गत जलाधार क्षेत्रले प्रदान गर्ने सेवा, जैविक विविधता, कार्बन लगायतका हरितगृह ग्याँसको सञ्चय तथा भू-दृश्यावलोकन जस्ता कुराहरू पर्दछन् । वातावरणीय सेवालाई स्रोत संरक्षणका लागि दिगो लगानीको अवसरका दृष्टिकोणबाट हेरिँदै र अभ्यास समेत गरिँदै आएको पाइन्छ । विभिन्न मुलुकमा गरिँदै आएको सफल परीक्षणले वातावरणीय सेवाको भुक्तानीले स्रोत संरक्षणमा योगदान गर्न सक्छ भन्ने कुरा प्रमाणित भएको छ । वन ऐन, २०७६ का अनुसार वातावरणीय सेवा भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने सेवा (कार्बन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन र तोकिए बमोजिमका अन्य वस्तु, सेवा) र सो बाट प्राप्त हुने लाभ बुझिन्छ ।

Ethnic Peoples (जनजाति): संयुक्त राष्ट्रसंघीय अवधारणा अनुसार आफ्नो वातावरण र आफ्नो पहुँचमा रहेका स्रोत सम्पदाहरूसँग लामो समयदेखि घुलमिल र परिचित भई त्यस्ता स्रोतहरूलाई आफ्नो जीवन र संस्कृति अनुकूल बनाउँदै आएका कुनै पनि ठाउँका बासिन्दाहरूलाई जनजाति भनिन्छ । रेडप्लसका सन्दर्भमा जनजातिहरूको वन स्रोतहरूमाथिको परम्परागत अधिकारलाई सुनिश्चित गरिनु पर्छ भन्ने मान्यता राखिन्छ ।

Evergreen forest (सदावहार वन): वर्षैभरी हरियो रहने वन, सिक्रा नहुने रुखहरूको बाहुल्य भएको वन, जस्तैः कटुस, सल्ला आदिको वन ।

Excluded groups (वञ्चितिमा परेको समूह): आर्थिक, जातीय, लैङ्गिक, अशक्तता र भौगोलिक कारणले लामो समयदेखि वञ्चितिमा परेको व्यक्तिहरूको समूह । महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू र दुर्गम क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू जसले राष्ट्रिय विकास प्रयासहरूबाट लाभान्वित हुन सकेका छैनन् ।

Exotic species (विदेशी प्रजाति): प्राकृतिक रूपमा स्वदेश भित्र नाइने तर विदेशबाट आयात गरी स्वदेशमा प्रवेश गराइएको प्रजातिहरू, जस्तैः टिक, मसला, इपिल इपिल आदि नेपालका आयातित बोटबिरुवाहरू हुन् ।

Ex-situ conservation (पर–स्थानीय संरक्षण): प्राकृतिक वासस्थान बाहिर जीवजन्तु एवं वनस्पतिको संरक्षण गर्ने कार्य, कुनै पनि जीव वा त्यसको कुनै भाग, जस्तै जीव वा बीउ, पराग, शुक्राणु आदिलाई तिनीहरूको मौलिक स्थानभन्दा बाहिर लगी संरक्षण प्रदान गरिन्छ । जस्तै चिडियाखाना, वनस्पति उद्यान, बीउ बैंक आदि ।

Externality (बाह्य लागत असर): कुनै निकायबाट गरिएका आर्थिक क्रियाकलापहरूबाट श्रृजित वातावरणीय जोखिमलाई नजरअन्दाज गरी त्यसको लागत अन्य निकायमा थोपर्ने कार्यलाई बाह्य लागत असर भनिन्छ । नकारात्मक असरबाट प्रताडित निकायले त्यस्तो असर घटाउनका लागि लागत ब्यहोर्नुपर्ने हुन्छ । यस्तो लागत तथा असरलाई वस्तु वा सेवा उत्पादनकै क्रममा जोड्नु नै असर तथा लागत घटाउने उत्तम उपाय मानिन्छ ।

F

Farmyard manure (FYM) (गोबरमल): वस्तुभाउको मलमूत्र तथा सोत्तरलाई सोझै वा कम्पोस्ट बनाएर तयार गरिने मल । यस किसिमको मलबाट बोटबिरुवाले आफूलाई आवश्यक पर्ने तत्वहरू प्राप्त गर्न सक्छन् । यसले माटोमा सुधार पनि ल्याउँछ ।

Feedback and Grievance Redress Mechanism (FGRM) (पृष्ठपोषण र गुनासो निवारण संयन्त्र): उत्सर्जन न्यूनीकरण कार्यक्रमको तयारी र कार्यान्वयनसँग सम्बन्धित सरोकारवालाको पृष्ठपोषण, प्रतिक्रिया वा गुनासोहरू स्वीकार गर्ने, मूल्याङ्कन गर्ने र समाधान गर्ने संयन्त्रलाई पृष्ठपोषण र गुनासो निवारण संयन्त्र भनिन्छ ।

Fire Scar (आगोको दाग): आगोको कारणले रूखमा लागेको क्षति/चोट/घाउ ।

Food and Agriculture Organization of the United Nations (FAO) (संयक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन): खाद्यान्न, कृषि, वन र माछा सम्बन्धी कार्यक्रमहरूमा समन्वय ल्याउन स्थापित संयुक्त राष्ट्रसंघीय संस्था, सन् १९४५ मा स्थापना भएको यस संस्थाको प्रधान कार्यालय इटालीको रोममा छ । नेपालमा यसको आवासीय कार्यालय रहेको छ र हरेक वर्षको अक्टोबर १६ तारिखमा विश्व खाद्य दिवस मनाइन्छ ।

Food Security (खाद्य सुरक्षा): खाद्य सुरक्षा एउटा प्राविधिक अवधारणा हो र यसको प्राप्तिका लागि खाद्य सम्प्रभुत्तासम्बन्धी राजनीतिक अवधारणा र खाद्य अधिकारसम्बन्धी कानूनी अवधारणाको पनि निकै महत्व रहेको हुन्छ । विश्व खाद्य शिखर सम्मेलन १९९६ का अनुसार प्रत्येक व्यक्तिको शारीरिक वा आर्थिक रुपमा आफ्नो आहारा र

प्राथमिकता बमोजिम स्वस्थ्य जीवनको लागि पर्याप्त मात्रामा सुरक्षित र पौष्टिक तत्वयुक्त खाद्य पदार्थ प्राप्त गर्ने अवस्था सिर्जना भएमा मात्र सबै तहमा खाद्य सुरक्षा उपलब्ध भएको मानिन्छ । वनको दिगो व्यवस्थापनका माध्यमबाट पनि खाद्य सुरक्षाका लागि टेवा पुऱ्याउन सकिन्छ ।

Food web (आहारा जालो, खाद्य जालो): विभिन्न आहारा श्रृंखलाहरू आपसमा जेलिएर बनेको जालो । एउटै जीवले विभन्न किसिमको खानेकुरा खाने हुँदा खाद्य जालोको निर्माण हुन्छ ।

Force Majeure Event (अप्रत्याशीत घटना): नियन्त्रण गर्न नसकिने असाधारण घटना वा परिस्थिति जसका कारणबाट कुनै कानूनी दायित्व वा सम्झौता पुरा गर्न असमर्थ हुन्छ । यसमा प्राकृतिक विपत्तिहरू (जस्तैः भूकम्प, बाढी, पहिरो, डढेलो आदि), मानवनिर्मित घटना (जस्तै युद्ध, आतंकवादी हमाल) र अन्य असाधरण घटनाहरू समावेश हुन्छन् ।

Forest Canopy (वन छत्र): वन छत्र भन्नाले रुखहरूको हाँगा एवं पातहरूले निर्माण हुने छत्र वा ढकनी हो ।

Forest Carbon Partnership Facility (FCPF) (वन कार्बन साझेदारी सहयोग): विकासोन्मुख देशहरूमा रेडप्लसका माध्यमबाट उत्सर्जन कटौती एवं कार्बन सञ्चिति अभिवृद्धिका लागि आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको यो बहुपक्षीय सहयोग कार्यक्रम विश्व बैंकले सञ्चालन गरिरहेको छ । यो सहयोगको मुख्य उद्देश्य रेडप्लसका लागि क्षमता अभिवृद्धि गर्ने र रेडप्लसको परीक्षण कार्यक्रमका लागि छनौट गरिएका देशहरूमा कार्बन उत्सर्जन कटौती भएको नतिजाका आधारमा रकम भुक्तानी गर्नु रहेको छ । नेपालले पनि रेडप्लसको तयारीका लागि विश्व बैंकद्वारा सञ्चालित यस कार्यक्रमबाट आर्थिक सहयोग प्राप्त गर्दै आएको छ ।

Forest Degradation (वन क्षयीकरण): वन क्षयीकरणको परिभाषाका बारेमा विश्वव्यापी एकरुपता रहेको छैन । वनले दिनुपर्ने वस्तु र सेवा दिन नसक्ने गरी हैसियत र गुणस्तर खस्किएको अवस्था नै वन क्षयीकरण हो । रेडप्लसका सन्दर्भमा वन क्षयीकरण भन्नाले मानवीय क्रियाकलापका कारण कुनै निश्चित वन क्षेत्रबाट कार्बन सञ्चिति क्षमतामा ह्रास हुँदै गएको अवस्थालाई जनाउँछ । यस्तो अवस्थामा वनको हैसियत बिग्रिएको भए पनि वनको क्षेत्रफल भने घटेको हुँदैन ।

Forest Development Fund (वन विकास कोष): नेपाल सरकारले वन ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र संवर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यका स्थापित कोष नै वन विकास कोष हो । यस कोषमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त रकम, कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम, वन क्षेत्रको वन पैदावार बिक्रीबाट प्राप्त रकम, वातावरणीय सेवाबाट प्राप्त रकम र वन क्षेत्र अन्य प्रयोजनको लागि दिए बापत प्राप्त रकम रहने गर्दछ ।

Forest Dwellers (वनमा जीवन निर्वाह गर्ने समूह): वन श्रोतमा आश्रित जनसमुदाय जो वनमा बस्छन् र जीविकोपार्जनका लागि वन क्षेत्र र वन पैदावारमा निर्भर रहन्छन्, यस्ता वन वासिन्दा नै वनमा जीवन निर्वाह गर्ने समूह हुन् । नेपालको सन्दर्भमा राउटे, वनकरीया, कुसुण्डा, चेपाङ आदि लगायतका वनमा आश्रित अन्य जातिहरू यस्ता समूह अन्तर्गत पर्दछन् । राज्यले त्यस्ता समुदायको हितका लागि कानून बनाई यी समूहहरूलाई सूचीकृत गरी अन्य वन उपभोक्ताको तुलनामा थप वन अधिकारहरू प्रदान गर्नु न्यायोचित हुन्छ ।

Forest inventory (वनको गणना (इन्भेन्ट्री)): वनमा पाइने वनस्पतिहरू उमेर, साईज, संख्या, अवस्था आदिको जानकारी लिन वनमा गरिने नाप जाँचलाई वनको गणना (इन्भेन्ट्री) भनिन्छ ।

Forest Investment Program (FIP) (वन लगानी कार्यक्रम): विकासोन्मुख देशहरूमा वन विनाश र क्षयीकरण रोक्नका लागि वनमा गरिदै आएका कार्यक्रमहरूमा लगानी स्वरुप सहयोग गर्नका निमित्त संचालित कार्यमक्रम हो । सन् २००९ देखि विश्व बैंकद्वारा व्यवस्थापन हुँदै आएको जलवायु लगानी कोष मातहत रहेको रणनीतिक जलवायू कोष अन्तर्गत यो कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ ।

Forest (वन): वनको प्राविधिक परिभाषा अनुसार वन भन्नाले न्यूनतम क्षेत्रफल ०.५ हेक्टरसम्म भएको, न्यूनतम छत्रघनत्व १० देखि ३० प्रतिशतसम्म रहेको र बिरुवाको न्यूनतम उचाई २-५ मिटरसम्म भएको क्षेत्रलाई बुझाउँछ । तथापि वनको परिभाषा गर्दा हरेक राष्ट्रले आफ्नो मुलुकको विशिष्टतालाई मध्यनजर गर्दै विभिन्न छत्र घनत्वको सीमा निर्धारण गर्ने प्रचलन रहेको पाइन्छ । कार्बन व्यापार परियोजनाहरूको विकास गर्दा सहभागी राष्ट्रहरूले यसै अन्तर्गत रहेर वनलाई परिभाषित गर्नुपर्ने हुन्छ ।

Forest Management (वन व्यवस्थापन): वनको प्राविधिक तथा व्यवसायिक सिद्धान्त अवलम्बन गर्दै पारिस्थितिकीय, जैविक, आर्थिक र सामाजिक अभिवृद्धिका लागि वनको संरक्षण, विकास, सम्बर्द्धन तथा सदुपयोग गर्ने कार्यलाई वन व्यवस्थापन भनिन्छ । वनका माध्यमबाट सान्दर्भिक पारिस्थितिकीय एवं जैविक, आर्थिक र सामाजिक भूमिका पूरा गर्ने उद्देश्यले वनको संरक्षण गर्दै व्यवस्थापनका अभ्यासहरू गर्ने प्रणालीहरूको विकास गरिएको हुन्छ । वन व्यवस्थापनमा कार्बनका स्रोतहरूबाट हुने उत्सर्जन घटाउन र कार्बन सञ्चितिमा वृद्धि गर्नका लागि गरिने व्यवस्थापनका क्रियाकलापहरू समेत समेटिएका हुन्छन् ।

Forest Reference Emission Level (वन कार्बन उत्सर्जनको आधार तह): रेडप्लस कार्यक्रम लागु भए पश्चात् वन कार्बनमा आउने परिवर्तनलाई मापन गर्नका लागि वन कार्बन उत्सर्जनको आधार तह निर्माण गर्नु आवश्यक हुन्छ । वन कार्बन उत्सर्जनको आधार तहले रेडप्लसका पाँचवटै क्रियाकलापहरूबाट हुने खुद उत्सर्जन र कार्बन सञ्चितिलाई समेट्छ ।

Forest Reference Level (वनको आधार तह): वनको आधार तहको निर्माण वन कार्बन उत्सर्जनको मापन गर्ने उद्देश्यबाट गर्ने गरिन्छ । यसले वन विनाश र क्षयीकरणबाट हुने कूल उत्सर्जनको मात्रालाई समेट्छ ।

Forest Transition Theory (वन रूपान्तरण सिद्धान्त): मानवीय क्रियाकलापमा आउने परिवर्तनले वनको क्षेत्रफलमा घटबढ हुने गर्दछ । वन क्षेत्र रुपान्तरणको शैली सामाजिक-आर्थिक सिद्धान्तमा आधारित रहेको हुन्छ । यस सिद्धान्त अनुसार वन क्षेत्रको संरक्षण र विकासले निश्चित मार्ग र शैली अवलम्बन गर्ने गर्दछ, जुन त्यस ठाउँको सामाजिक-आर्थिक विकाससँग सम्बन्धित रहन्छ । वनको प्रभावकारी संरक्षण यस सिद्धान्तको पहिलो चरण हो, जसमा वनहरू सुरक्षित अवस्थामा रहन्छन् । दोस्रो चरणमा प्रवेश गर्दा त्यस्ता वन क्षेत्रहरू वन विनाशको चपेटामा पर्दछन् । तेस्रो चरणमा पुग्दासम्म धेरै वन क्षेत्र विनाश भई वन क्षेत्र घटी सक्दछ र चौथो चरणमा वन क्षेत्र कम हुन गई वन विनाशको दर स्थिर हुन थाल्दछ । पाँचौं चरणमा वन क्षेत्रमा विनाश भन्दा बढी वन विकासमा जोड दिन थालिन्छ र वन क्षेत्र पुनः बढ्न थाल्दछ । यसरी वन विनाशको दर घटबढ हुनुमा सामाजिक-आर्थिक एवं पूर्वाधार विकासको चरण र वनस्रोत प्राप्तिमा कठिनाई जस्ता कारक तत्वहरूको भूमिका रहेको हुन्छ ।

Free Prior Informed Consent (FPIC) (स्वतन्त्र पूर्व सूचित सहमति): FPIC मुख्य रुपमा विकासमा साझेदारीका लागि मानव अधिकारमुखी अवधारणा सम्बन्धी संयुक्त राष्ट्रसंघीय साझा अवधारणा (२००३), जैविक विविधता महासन्धि, १९९२ र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ द्वारा निर्देशित छ जसले विकास प्रक्रियामा मानव अधिकार सम्बन्धी सबै अन्तर्राष्ट्रिय दस्तावेजको अनुकरण सुनिश्चित हुनुपर्छ भन्ने मान्यता राख्दछ । FPIC एउटा त्यस्तो मापदण्ड हो जसले प्राकृतिक स्रोतमाथिको अधिकारका सन्दर्भमा आकर्षित हुने अधिकारका साथै आदिवासी र स्थानीय समुदायका मानिसहरूको सारभूत अधिकारलाई प्रभावकारी बनाउनुका साथै त्यस्ता अधिकारको परिपूरकको रुपमा भूमिका निर्वाह गर्दछ । रेडप्लस कार्यक्रमले वनस्रोत उपयोग गर्ने शैलीमा परिवर्तन ल्याउन सक्ने भएकोले यसबाट आदिवासी र वनमा आश्रित स्थानीय समुदायका सारभूत अधिकारहरूमा असर पर्न सक्छ । यस्तो अवस्थामा रेडप्लस सम्बन्धी प्रस्तावित परियोजनाहरूमा आदिवासी र स्थानीय समुदाय सहभागी हुने वा नहुने र सहमति दिने वा फिर्ता लिने भन्ने कुराको निर्णय गर्ने अधिकार उनीहरूमा निहित हुनुपर्छ भन्ने कुरा नै FPIC को मूल मर्म हो । वन नियमावली, २०७९ मा कार्बन सेवा बिक्री गर्नु अघि वन तथा वातावरण मन्त्रालयले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी वन उपभोक्ता समूह र अन्य प्रभावित स्थानीय समुदायलाई जानकारी गराई प्रभावित स्थानीय समुदायको पूर्वसूचित सहमति लिनु पर्ने व्यवस्था रहेको छ ।

Fugitive Emission (अनपेक्षित उत्सर्जन): खनिज इन्धनको उत्खनन, प्रशोधन तथा ओसार-पसार गर्ने क्रममा चुहावट हुन गई अत्यधिक मात्रामा हरितगृह ग्याँस उत्सर्जन हुनुलाई अनपेक्षित उत्सर्जन भनिन्छ ।

Full and Effective Participation (पूर्ण र प्रभावकारी सहभागिता): पूर्ण र प्रभावकारी सहभागिता भन्नाले रेडप्लस कार्यक्रमको सम्पूर्ण प्रक्रियामा सहभागी हुन इच्छुक सम्पूर्ण सम्बन्धित अधिकारवाला र सरोकारवालाहरूको निर्णायक प्रभावलाई जनाउँछ र यस प्रक्रियामा उनीहरूलाई पहिला नै पर्याप्त मात्रामा जानकारी पाउने अवसरको सुनिश्चितता गरिएको हुन्छ ।

Fund Mechanism (अनुदान संरचना): महासन्धिमा गरिएको प्रावधान अनुसार जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन लगायतका कार्यहरू गर्नको लागि विकसित

राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई अनुदान तथा वित्तीय सहयोग उपलब्ध गराउनु पर्ने सैद्धान्तिक व्यवस्थाहरू गरिएको छ। अनुदान संरचनामा जलवायु परिवर्तनका सन्दर्भमा विकासोन्मुख देशहरूले वित्तीय अनुदान पाउनका लागि आवश्यक पर्ने संरचनाको तय गरिएको हुनुपर्छ।

Fungibility (एकाई विनिमय): यस शब्दको प्रयोग कुनै पनि उत्पादन, वस्तु वा मुद्राको एउटा एकाई सोही प्रकृतिको अन्य एकाईसँग विनिमय वा त्यस्तो एकाईलाई विस्थापन गर्ने कार्यका लागि जनाउन प्रयोग गरिन्छ। क्योटो अभिसन्धिमा उत्सर्जन एकाईहरूको विनिमय गर्ने कार्यविधि बनाइएको छ भने रेडप्लसका सन्दर्भमा पनि कार्बन बजारमा रेडप्लस क्रेडिटका एकाईहरू अन्य उत्सर्जन एकाईहरूसँग विनिमय गर्न सकिन्छ। रेडप्लस क्रेडिटहरू विनिमयका लागि पूर्ण तयारी भएपछि उत्सर्जन न्यूनीकरणका लागि गरिएको प्रतिबद्धता पुरा गर्नका लागि सम्बन्धित देशहरूले यस्ता एकाईहरू खरिद गर्न सक्छन्। उदाहरणका लागि रेडप्लस क्रेडिटका एकाईहरू पूर्ण रुपमा विनिमय गर्न सकिने अवस्थामा भए भने विश्वको कुनै पनि कार्बन बजारमा यस्ता एकाईहरू विनिमय हुन सक्छन्।

G

G77 & China (जी ७७ र चीन): यो समूह १९६४ मा ठूला अर्थतन्त्र भएका ७७ देशहरू र चीन मिलेर गठन गरिएको हो, जसमा हाल १३२ देशहरू सदस्य रहेका छन्। यस समूहले खासगरी जलवायु परिवर्तनसम्बन्धी वार्ताका क्रममा एउटा सशक्त वार्ता समूहको हैसियतले निकै प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ।

Gender mainstreaming (लैङ्गिक मूलप्रवाहीकरण): संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद् (इकोसोक) अनुसार लैङ्गिक मूलप्रवाहीकरण भनेको सबै क्षेत्र र सबै तहमा कानून, नीति वा कार्यक्रमहरू समावेश गर्ने कुनै पनि योजनाबद्ध कार्यहरूबाट महिला र पुरुषहरूका लागि प्रभावहरूको मूल्याङ्कन गर्ने प्रक्रिया हो। सबै राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रका नीति तथा कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा महिला र पुरुषको चासो र अनुभवलाई महिला र पुरुषको समान लाभ र असमानता कायम हुन नदिनका लागि बनाउने रणनीति हो। यसको अन्तिम लक्ष्य लैङ्गिक समानता हासिल गर्नु हो।

Gender sensitive (लैङ्गिक सम्वेदनशील): लैङ्गिक सम्वेदनशील भन्ने कुराले समुदायमा रहेका महिला र पुरुष बीच रहेको शक्ति सम्बन्ध र उनीहरूका बीच रहेको भिन्न किसिमको अधिकार, भूमिका र जिम्मेवारीहरूलाई मान्यता दिने गरी विद्यमान सामाजिक-सांस्कृतिक मूल्यमान्यता र विभेदहरूमा समेत ध्यान दिने र सोही अनुसार बुझ्ने कुराहरू समेत समेट्छ। रेडप्लसमा अवलम्बन गरिने लैङ्गिक सम्वेदनशील नीति, कार्यक्रम, संस्थागत र वित्तीय क्रियाकलापहरू र सांगठनिक विधिहरूमा महिला र पुरुषका बीच क्षमता, आवश्यकता र प्राथमिकताहरू फरक छन् भन्ने कुरा विचार गर्नेछन्। महिला र पुरुष दुबैका विचार र सोचहरूलाई गम्भिर रुपमा लिइएको छ भन्ने कुराको सुनिश्चितता गर्नेछन्। पुरुषको जस्तै अवस्था मानी महिलाको हकमा गरिने निर्णयहरूको नतिजालाई विचार गर्नेछन् र महिला र पुरुषका बीचमा रहेको भेदभाव र असन्तुलनलाई सम्बोधन गर्ने गरी आवश्यक कदमहरू चालिएका हुनेछन् भन्ने मान्यता राखिन्छ।

Genetic diversity (आनुवंशिक विविधता): कुनै पनि प्रजातिमा पाइने वंशाणुको विविध किसिमलाई आनुवंशिक विविधता भनिन्छ।

Glacial Lake Outburst (हिमताल विस्फोटन): विश्वव्यापी उष्णीकरणका कारण भइरहेको जलवायु परिवर्तनले गर्दा हिमगलन (हिउँ एवं हिमाल पग्लिने कार्य) हुन गई हिमतालमा बढ्न गएको पानीको चापले गर्दा हिमतालहरू विस्फोट भई ठूलो जनधनको क्षति हुन जाने अनुमान गरिएको छ। यसबाट बच्नको लागि खासगरी तल्लो तटीय क्षेत्रमा पूर्वसूचना प्रणालीहरूको स्थापना गर्नुपर्ने हुन्छ जुन कार्य निकै खर्चिलो हुन्छ।

Global Warming (विश्वव्यापी उष्णीकरण): पृथ्वीको सरदर अर्थात् औसत तापक्रम बढ्ने प्रक्रियालाई विश्वव्यापी उष्णीकरण भनिन्छ। विश्वव्यापी उष्णताका लागि हरितगृह ग्याँसको अधिक उत्सर्जन गर्ने मानवीय क्रियाकलापहरू नै मुख्य जिम्मेवार रहेका छन् किनकी हरितगृह ग्याँसको अधिक उत्सर्जनले पृथ्वीमा हरितगृहको काम गरी विश्वव्यापी तापक्रम बढाउँछ।

Global Warming Potential (GWP) (विश्वव्यापी उष्णीकरण क्षमता): वायुमण्डलमा तापशक्ति जोगाईराख्न सक्ने हरितगृह ग्याँसको सापेक्षिक क्षमतालाई विश्वव्यापी उष्णीकरण क्षमता (GWP) भनिन्छ। प्रमुख हरितगृह ग्याँस कार्बन

डाईअक्साइडको GWP एक (१) मानी त्यसको सापेक्षतामा अन्य हरितगृह ग्याँसहरूको GWP निर्धारण गरिएको छ ।

Good Governance (सुशासन): सुशासन भन्नाले असल शासन वा पारदर्शी कानूनको शासन भन्ने बुझिन्छ । वनको संरक्षण एवम् व्यवस्थापनको सवालमा सुशासनको भूमिका अति नै महत्वपूर्ण छ । सुशासनले विधिको शासन स्थापन गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, मानव अधिकारको प्रत्याभूति सुनिश्चित गर्न, राजनीतिक स्थिरता कायम गर्न र दिगो विकासका लागि महत्वपूर्ण भूमिका खेल्दछ । सुशासनका आधारभूत तत्वहरूमा सहभागिता, जवाफदेहिता, पारदर्शिता, भ्रष्टाचारको नियन्त्रण, कानूनको शासन, वैधानिकता, उत्तरदायित्व, सदाचारिता, इमानदारिता, मानव अधिकारको प्रत्याभूति आदिलाई लिन सकिन्छ । सुशासन बहुआयामिक अवधारणा भएका कारण यसको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक लगायत विभिन्न पक्षमा व्याख्या गर्ने गरिन्छ । वनमा सुशासनले वन क्षेत्रसम्बद्ध संरचना एवं पद्धतिमा पहुँचको सुनिश्चितता, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, कानूनको शासन, पूर्वसुनिश्चितता, समाजिक तथा लैङ्गिक न्याय, दिगोपना, नियमित अनुगमन जस्ता तत्वहरू बुझाउँछ ।

Grassland (घाँसेक्षेत्र): वन क्षेत्र र कृषि भूमिको वर्गिकरण अर्थात् परिभाषा भित्र नपर्ने सबै किसिमका कृषि वन प्रणाली र सबै किसिमका चरन क्षेत्रहरूलाई घाँसेक्षेत्र भनिन्छ जुन क्षेत्र वस्तुभाउ चराउनको लागि प्राकृतिक रुपमा रहेका वा मानिसद्वारा व्यवस्थापन गरिएका हुन्छन् ।

Green Climate Fund (GCF) (हरित जलवायु कोष): महासन्धिका पक्षराष्ट्रको मेक्सिकोमा सन्पन्न १६ औं सम्मेलनबाट पारित क्यानकुन सम्झौता अनुसार हरित जलवायु कोषको स्थापना गरिएको हो । जलवायु परिवर्तन सम्बन्धी महासन्धिको कार्यान्वयनका लागि यो कोष एउटा मुख्य वित्तीय संरचनाको रुपमा रहने छ । यस कोषले विकासोन्मूख देशहरूमा जलवायु परिवर्तन सम्बन्धी परियोजना, कार्यक्रम, नीति र अन्य कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्छ । कोष सञ्चालनका लागि एउटा सन्तुलित बोर्ड गठन गरिएको छ । कोषको सचिवालय दक्षिण कोरियामा रहेको छ ।

Green Economy (हरित अर्थतन्त्र): संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रमका अनुसार हरित अर्थतन्त्र भन्नाले त्यस्तो अर्थतन्त्रलाई जनाउँछ जसले वृहत रुपमा

पारिस्थितिकीय सङ्कट र वातावरणीय खतराहरू घटाउँदै मानवको जीविकोपार्जन र सामाजिक न्यायको अभिवृद्धि गर्दछ ।

Green House effect (हरितगृह प्रभाव): हरित गृहमा झैं ताप सञ्चय गर्ने हरित गृह ग्याँसहरूका कारण पृथ्वीको तापक्रम बढ्दै जान्छ । यसबाट पृथ्वीको हावापानीमा परिवर्तन, तापक्रममा वृद्धि, समुद्री सतहमा वृद्धि आदि हुन्छ ।

Green House Gases- GHG (हरितगृह ग्याँस): हरितगृह ग्याँस भन्नाले वायुमण्डलमा जम्मा भएका त्यस्ता ग्याँसहरूको समूह हो जो विश्वव्यापी तापक्रममा वृद्धि/उष्णीकरण र जलवायु परिवर्तनका लागि जिम्मेवार छन् । क्योटो अभिसन्धि १९९७ को अनुसूची-१ अनुसार हरितगृह ग्याँस अन्तर्गत कार्बन डाइअक्साइड (CO2), मिथेन (CH4), नाइट्रस अक्साइड (N2O), हाइड्रोफ्लोरोकार्बन (HFCs), परफ्लोरोकार्बन (PFCs), सल्फर हेक्जाफ्लोराइड (SF6) गरी ६ किसिमका ग्याँसहरू यस समूहमा समावेश गरिएको थियो । सन् २०१२ मा क्योटो अभिसन्धिमा संशोधन गर्दा उक्त अनुसूचीमा नाइट्रोजन ट्रीफ्लोराइड (NF3) लाई पनि हरितगृह ग्याँस अन्तर्गत राखिएको छ । यसरी हरितगृह ग्याँस अन्तर्गत ७ किसिमका ग्याँसहरू पर्दछन् ।

Green Jobs (हरित रोजगार): हरितगृह ग्याँसको उत्सर्जन न्यून वा शुन्य हुने गरी सञ्चालन गरिएको व्यवसायबाट सिर्जित रोजगारीलाई हरित रोजगार भनिन्छ । जलवायु परिवर्तन न्यूनीकरण गर्ने र अनुकूलित हुनका लागि आवश्यक पर्ने प्रविधिको विकास गर्नका लागि गरिएका प्रयास स्वरुप हरित रोजगारीका अवसरहरू सिर्जना भएका छन् । त्यस्ता किसिमका रोजगारीले वन विनाश घटाउने भएकोले हरित रोजगारी भनिएको हो । जस्तैः वैकल्पिक उर्जा तथा नविकरणीय उर्जाको विकासका क्षेत्रमा ठूलो रोजगारी सिर्जना भएको छ भने अनुकूलनका कार्यहरूमा पनि उत्तिकै रोजगारीहरू सिर्जना भएका छन् ।

Green manure (हरित मल): माटोको उर्वरा शक्ति बढाउनका लागि विशेष खालका बाली लगाई माटामै पुरेपछि हुने मल, जस्तैः ढैंचा, तिल एवं अन्य कोशेबालीहरू ।

Growing Stock (वनको मौज्दात): वनको मौज्दात भन्नाले कुनै वन या खण्डमा रहेका सम्पूर्ण खडा रुख बिरुवाहरू लगायत विशेष महत्वका स-साना बिरुवाको लगत भन्नु बुझिन्छ ।

H

Hardening off (कठोरीकरण): नर्सरीमा बिरुवाहरूलाई पानी, छहारी आदि क्रमशः घटाउँदै लगी सहनशक्ति विकसित गराउने प्रविधि ।

Heritage Site (सम्पदा क्षेत्र): प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक एवम् धार्मिक दृष्टिकोणले विश्वव्यापी महत्व राख्ने क्षेत्रहरूलाई सम्पदा क्षेत्र भन्ने गरिन्छ । त्यसैले यस्ता क्षेत्रहरूको संरक्षण विश्वव्यापी चासोको विषय बनेको हुन्छ । जलवायु परिवर्तनका कारण यस्ता क्षेत्रमा परेको प्रभाव न्यूनीकरण गर्न र रेडप्लस कार्यक्रम लागु गर्दा यस्ता क्षेत्रको महत्वलाई पनि विचार पुऱ्याउनुपर्ने मान्यता रहेको हुन्छ ।

Hot air/Paper Credit (कागजी क्रेडिट): यो शब्दले कार्बन उत्सर्जन कटौती गर्ने कुनै निर्धारित क्रियाकलाप सम्पादन नगरीकन प्राप्त गरिने कार्बन उत्सर्जन कटौती क्रेडिटलाई जनाउँछ । कुनै राष्ट्र वा कार्यक्रमको crediting baseline (उत्सर्जन तहसम्बन्धी आधार बिन्दु) त्यहाँको BAU baseline (भविष्यमा उत्सर्जन हुन सक्ने आधार अवस्था) भन्दा माथि (बढी) तय गरिएको खण्डमा यस्तो अवस्था आउँछ । उदाहरणको लागि सोभियत संघको विघटन पश्चात् धेरै उद्योगहरू बन्द भएको कारणले रुस र युक्रेनको कार्बन उत्सर्जन क्योटो अभिसन्धि अनुसारको आधार वर्ष सन् १९९० को तुलनामा स्वतः कम भई निर्धारित क्रियाकलापहरू बिना नै उक्त राष्ट्रहरूले कार्बन उत्सर्जन कटौती क्रेडिट प्राप्त गर्न सफल भए ।

Hybrid (वर्णशंकर): दुई बेग्लाबेग्लै जाति वा प्रजातिबीच प्रजनन गराई विकास गरिएको जीवजन्तु वा वनस्पति ।

Hydrological Cycle (जल चक्र): पानी एक ठाउँबाट अर्को ठाउँमा विभिन्न रुपमा पुगी सन्तुलित अवस्थामा रहने चक्रलाई जलीय चक्र भनिन्छ । सौर्य उर्जाको मद्दतले समुन्द्र, नदी, ताल तथा हिउँ आदि वाष्पीकरण भई बादलमा परिणत हुन्छ र पुनः चिसो भएर पानी, तुसारो, असिना, हिउँ आदिको रुपमा पृथ्वीमा नै खस्दछ । यसरी पृथ्वीमा खसेको पानीमध्ये केही वाष्पिकरण भई वायुमण्डलमा नै फर्कन्छ, केही जमिनमुनी छिर्दछ, केही बोटबिरुवाले सोस्छ वा प्राणीले लिन्छ भने अधिकांश खोलानाला हुँदै समुन्द्रमा पुग्छ, जुन फेरी वाष्पिकरण भई बादलमा परिणत हुन्छ । जलवायु परिवर्तनका कारण प्राकृतिक रुपमा चल्दै आएको यो जलीय चक्रमा समेत प्रतिकूल प्रभाव परेको पाइन्छ ।

Hydrology (जलविज्ञान): सतह वा भूमिगत जलको प्रयोग, बहाव, प्राप्यता, गुण आदि बारेको अध्ययन गर्ने विषयलाई जलविज्ञान भनिन्छ ।

I

ILO 169 (अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९): सन् १९८९ मा पारित भएको यस महासन्धिको मुख्य उद्देश्य भूमि लगायतका प्राकृतिक स्रोतमा आदिवासी समुदायको अधिकार सुनिश्चित् गर्नु रहेको छ । यो महासन्धि अनुमोदन गर्ने देशले प्राकृतिक स्रोतसम्बन्धी कुनै पनि कानून, नीति तथा योजना बनाउँदा प्राकृतिक स्रोतमाथिको आदिवासी समुदायको अधिकार सुरक्षित राख्ने कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । त्यसैले रेडप्लस कार्यक्रममा पनि आदिवासी समुदायको अधिकारका बारेमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

Inbreeding (नजिकको नातापर्ने बीच प्रजनन): एउटै पुर्खा भएका भाले र पोथीबीच प्रजनन हुने कार्य । यिनीहरू दुबै आनुवंशिक रूपमा समान हुने भएकाले तिनबाट सन्तानमा शारीरिक विकृति आउने सम्भावना बढी रहन्छ ।

Incentive (प्रोत्साहन): प्रोत्साहन भन्नाले विकासोन्मुख देशमा कुनै क्रियाकलाप कार्यान्वयन गर्नका लागि प्रोत्साहित गर्न उपलब्ध गराइने सुविधालाई जनाउँछ । जस्तैः वन संरक्षणका क्रियाकलापलाई प्रोत्साहन गर्न रेडप्लसको अवधारणा आएको छ । नेपाल सरकारले वृक्षारोपणलाई प्रोत्साहन गर्न नगद तथा जिन्सी अनुदानको अवधारणा ल्याएको छ । प्रोत्साहन स्वरुप उपलब्ध गराइने सुविधा आर्थिक, भौतिक एवं अवसर आदिमध्ये जेसुकैको रुपमा पनि रहन सक्छ ।

Increment (अभिवृद्धि): कुनै समयावधिभित्र रुखको घेरा, व्यास, आधार-क्षेत्र, उचाइ, आयतन, गुण, मूल्य आदिमा हुने वृद्धि ।

Indigenous People (आदिवासी समुदाय): अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र संयुक्त राष्ट्रसंघीय साधारण सभाद्वारा अङ्गिकार गरिएको आदिवासी जनताहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा २००७ मा आदिवासी जनताको प्राकृतिक स्रोतमाथिको अधिकारका बारेमा विभिन्न व्यवस्थाहरू गरिएको छ । यी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा गरिएको व्यवस्था अनुसार राज्यहरूको उत्पत्ति

हुनुभन्दा पहिलैदेखि नै अन्यत्र स्थानान्तरण नभई आफ्नो उत्पत्तिको मूल थलोमा बस्दै आएका वासिन्दाहरूलाई आदिवासी जनताको रुपमा लिइएको छ । आदिवासीका आफ्नै भाषा, संस्कृति, परम्परा, रीतिरिवाज, परम्परागत कानून प्रणालीहरू रहेका हुन्छन् । कतिपय स्थानमा बाह्य क्षेत्रबाट आएका व्यक्तिहरूको संख्या अधिक भएकोले आदिवासी जनताहरू अल्पसंख्यकमा पर्दै आएका छन् । प्रायः सबै अन्तर्राष्ट्रिय कानूनसम्बन्धी दस्तावेजहरूमा आदिवासी जनताको आफ्नो जीवन पद्धतिका बारेमा आत्मनिर्णयको अधिकार रहेको र परम्परादेखि उपभोग गर्दै आएका प्राकृतिक स्रोतहरूमाथि अधिकार रहेको कुरा उल्लेख गरिएको छ ।

Indigenous species (मौलिक प्रजातिहरू): कुनै पनि स्थान वा देशका आफ्नै मौलिक गुण तथा हावा पानीमा भएका वस्तु, बोटबिरुवा, जीवजन्तु ।

In-situ conservation (स्वस्थानीय संरक्षण): जीवजन्तु तथा वनस्पतिलाई उनीहरूकै वासस्थान वा वातावरणमा संरक्षण गर्ने कार्य ।

Integrated pest management (एकीकृत कीट व्यवस्थापन): वातावरणीय दृष्टिकोणमा उपयुक्त मानिने कीट व्यवस्थापन प्रक्रिया । जैविक, रासायनिक, आनुवंशिक, वातावरणीय, यान्त्रिक, परम्परागत आदि उपायहरूको एकीकृत प्रयोग गरी शत्रु जीवलाई नियन्त्रण गर्ने व्यवस्थापन ।

Integrated watershed management (एकीकृत जलाधार व्यवस्थापन): कुनै एक पक्षलाई मात्र नभई बहुपक्षीय विकासलाई दृष्टिगत गरी गरिने जलाधार व्यवस्थापन । यसले कृषि, वन, जलस्रोत, कृषिवन, चरन, पशु विकास, पर्यटन, जनसंख्या, भू-संरक्षण आदि विभिन्न पक्षहरूलाई समेटेको हुन्छ ।

Intended Nationally Determined Contribution, INDC (इच्छित राष्ट्रिय प्रतिवद्ध योगदान): जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतामा हस्ताक्षर गर्ने पक्ष राष्ट्रहरूले जलवायु परिवर्तन न्यूनीकरणमा के कसरी योगदान गर्ने हो त्यसको उल्लेख गरी संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धिमा पेश गरेको पहिलो दस्तावेज भन्ने बुझिन्छ । यस दस्तावेजलाई दोश्रो पटक परिमार्जित गरी पेश गरेको दस्तावेजलाई भने राष्ट्रिय प्रतिवद्ध योगदान (Nationally Determined Contribution) भनिन्छ ।

Intergovernmental Panel on Climate Change (IPCC) (जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह): विश्व जलवायु संगठन र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको सक्रियतामा सन् १९८८ मा यस समूहको स्थापना भएको हो । यस समूहले जलवायु परिवर्तनसम्बन्धी विज्ञान र वातावरणीय, आर्थिक एवं सामाजिक क्षेत्रमा यसको प्रभाव, जलवायुसम्बन्धी प्रविधि विकास, जलवायु परिवर्तनका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहलहरू र जलवायु परिवर्तनसम्बन्धी थुप्रै बहुपक्षीय विषयहरूको मूल्याङ्कन गर्ने, प्रतिवेदन तयार गर्ने र जलवायु परिवर्तन न्यूनीकरणका लागि मार्गनिर्देशिकाहरू तयार गर्ने कार्य गर्दछ । हाल यस समूह अन्तर्गत (१) जलवायु विज्ञान (२) प्रभाव, अनुकूलन र जोखिम (३) उत्सर्जन न्यूनीकरण गरी ३ वटा अलग अलग उपसमितिहरू क्रियाशिल रहेका छन् । त्यस्तै हरितगृह ग्याँससम्बन्धी स्रोत सर्वेक्षणका लागि विधि एवं तौरतरिका विकास गर्ने कार्यदल पनि यसै समूह अन्तर्गत सक्रिय छ । जलवायु परिवर्तन सम्बन्धी वार्ताहरू यस समूहको प्रतिवेदनबाट निकै प्रभावित र मार्गनिर्देशित रहेका हुन्छन् ।

J

Joint implementation (JI) (संयुक्त कार्यान्वयन): महासन्धिको अनुसूची-१ मा परेका विकसित राष्ट्रहरूले सोही राष्ट्रहरू भित्रै उत्सर्जन कटौती परियोजनाहरूमा लगानी गरी आफ्नो प्रतिबद्धता पुरा गर्ने उपाय अन्तर्गत संयुक्त लगानीका कार्यहरू गर्न सक्दछन् । विकसित देशहरूभित्रै उत्सर्जन कटौतीका लागि यो एउटा सजिलो र वैकल्पिक उपाय हो । स्वच्छ विकास संयन्त्रका माध्यमबाट उत्सर्जन कटौती गर्नका लागि विकसित राष्ट्र बाहेक अन्य विकासोन्मूख राष्ट्रमा लगानी गर्नु पर्दछ भने यस व्यवस्था अन्तर्गत उत्सर्जन कटौती गर्नुपर्ने दायित्व र प्रतिबद्धता बोकेका विकसित राष्ट्रमा नै लगानी लगाउनु पर्दछ ।

Jurisdictional Scale (क्षेत्राधिकार स्केल): एक वा बढी प्रशासनिक एकाइहरू समेटिएको भौगोलिक क्षेत्र ।

K

Keystone species (प्रमुख प्रजाति): कुनै पनि पारिस्थितिक प्रणालीको प्रमुख आधारभूत प्रजाति जसको अनुपस्थितिमा त्यहाँको विविधतामा ह्रास आई सम्पूर्ण जीवहरूको विनाश वा लोप हुन सक्छ ।

Kyoto Protocol (क्योटो अभिसन्धि, १९९७): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२ अन्तर्गत हरितगृह ग्याँस उत्सर्जन कटौतीका लागि सन् १९९७ मा जापानको क्योटो शहरमा गरिएको एउटा महत्वपूर्ण अभिसन्धि हो । यस अन्तर्गत स्वच्छ विकास संयन्त्र, संयुक्त कार्यान्वयन र Emisssion Trading गरी तीन वटा संयन्त्रहरू रहेका छन् । यो अभिसन्धिमा गरिएको व्यवस्था अनुसार अभिसन्धिलाई अनुमोदन गर्ने अनुसूची-१ अन्तर्गतका राष्ट्रहरूले सन् २००८-२०१२ सम्ममा सन् १९९० लाई आधार वर्ष मानी सोको तुलनामा औसत ५.२ प्रतिशतका दरले आफ्नो हरितगृह ग्याँस उत्सर्जन कटौती गर्न तोकिएको थियो । क्योटो अभिसन्धिको पहिलो प्रतिबद्धता अवधि सन् २०१२ को ३१ डिसेम्बरमा समाप्त भएकोले सन् २०१२ मा यसको संशोधन गरी सन् २०१३ जनवरी १ देखि सन् २०२० को डिसेम्बर ३१ सम्मका लागि अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधि तोकिएको थियो ।

L

Land Tenure (भू-स्वामित्व): भू-उपयोग सम्बन्धी अधिकारलाई भू-स्वामित्व भनिन्छ । रेडप्लसका सन्दर्भमा भू-स्वामित्वको विषय निकै महत्वपूर्ण मानिन्छ । भूस्वामित्व अन्तर्गत के कस्ता अधिकारहरू पर्दछन् भन्ने कुरा सम्बन्धित राष्ट्रको राष्ट्रिय नीति तथा कानूनमा उल्लेख भए अनुसार हुन्छ ।

Land use, land use change and forestry (LULUCF) (भू-उपयोग, भू-उपयोगमा परिवर्तन र वन): क्योटो अभिसन्धि अन्तर्गत हरितगृह ग्याँस उत्सर्जनमा भूमिका खेल्ने तथा सञ्चयमा योगदान गर्ने प्रमुख क्षेत्रहरूमध्ये एउटा क्षेत्र 'भू-उपयोग, भू-उपयोगमा परिवर्तन र वन' पनि हो, जसले वन लगायतका विभिन्न प्रयोजनका निम्ति गरिने जमिनको उपयोग र त्यसको उपयोगमा गरिने परिवर्तन समेतलाई समेट्छ । यस अन्तर्गत हरितगृह ग्याँसको सर्वेक्षण गर्दा भू-उपयोग, भू-उपयोग परिवर्तन र वन

सम्बन्धी प्रत्यक्ष मानवजन्य क्रियाकलापका कारण भएको उत्सर्जन र कार्बन पुनः फर्काउने कार्यहरूलाई गणना गरिन्छ । यस अन्तर्गत हुने कार्बनको व्यापार CDM संरचना अन्तर्गत व्यवस्थापन गरिन्छ ।

Landscape (भू–दृश्य): कुनै पनि स्थानको विहङ्गम आकृति वा कुनै स्थानको दृश्यावली भित्र पर्ने भू-स्वरुपलाई भू-दृश्य भन्ने गरिन्छ । श्रोत व्यवस्थापनको दृष्टिकोणले यो एउटा वृहत् अवधारणा हो जसमा कुनै एउटा क्षेत्रमा पर्ने कुनै एउटा श्रोतको मात्र नभई त्यस क्षेत्रमा पर्ने सबै श्रोतहरूको एकीकृत रुपमा व्यवस्थापन गर्नुपर्छ भन्ने मान्यता राखिन्छ ।

Land-use System (भू–उपयोग प्रणाली): कुनै क्षेत्रमा भएको जमिनको विभिन्न उपयोगलाई भू-उपयोग प्रणाली भनिन्छ । यस्तो प्रयोगहरूमा वन, कृषि, मानवबस्ती, घाँसे मैदान आदि पर्दछन् । वैज्ञानिक भू-उपयोग प्रणालीमा स्थानीय किसानका आवश्यकता परिपूर्ति र पर्यावरणीय महत्वलाई मध्यनजर राख्दै जमिनको प्रयोग गर्ने प्रणाली विकास गरिएको हुन्छ । हरितगृह ग्याँस सञ्चिति वा उत्सर्जनका दृष्टिकोणले सबैखाले भू-उपयोग प्रणालीको आ-आफ्नै किसिमको महत्व रहेको हुन्छ र विभिन्न किसिमका भू-उपयोग प्रणालीमा रहेका हरितगृह ग्याँस मापनका लागि अलग अलग किसिमका विधि एवं तौरतरिकाहरूको विकास र अभ्यास गर्ने गरिएको हुन्छ । भू-उपयोग प्रणालीहरू विभिन्न किसिमका हुन्छन्, जस्तै

- Cropland (कृषि भूमि): ठूला खालका र व्यावसायिक कृषि भूमि, सानो स्तरमा खनजोत गरी खेतीपाती उत्पादन गर्ने भूमि र वनको परिभाषा भित्र नपर्ने कृषि वन प्रणाली अन्तर्गत रहेका भूमिलाई समेत कृषि भूमि भनिन्छ ।
- Forest Land (वन क्षेत्र): वन क्षेत्र भन्नाले काठ उत्पादन हुने वनस्पति समेत भएका सबै वन क्षेत्रहरूलाई जनाउँछ ।
- Wetlands (सिमसार): बसोबास क्षेत्र, घाँसेक्षेत्र, कृषि भूमि र वन क्षेत्रको वर्गिकरण भित्र नपर्ने पीट भूमि (पर्ती चिस्यान) र प्रायः वर्षैभरी वा केही समय पानी फैलिएर ढाक्ने क्षेत्रलाई सिमसार क्षेत्र भनिन्छ । यस्तो क्षेत्रमा बोटबिरुवाका हाँगाबिँगा वा पातपतिङ्गर कुहिएर माटो बन्ने भएकोले यस्तो क्षेत्रमा रहेको माटोमा झण्डै ५० प्रतिशत कार्बन हुने गर्दछ ।
- Settlements (बसोबास क्षेत्र): सिमसार, घाँसे क्षेत्र, कृषि भूमि र वन क्षेत्र अन्तर्गत

नपर्ने कुनै पनि मात्राको क्षेत्रफलमा रहेका मानवबस्तीहरू, यातायात एवं पूर्वाधार विकासका क्षेत्रहरू र सबै प्रकारका विकास क्षेत्रहरूलाई बसोबास क्षेत्र भनिन्छ ।

- Other Land (अन्य भूमि): बसोवास क्षेत्र, सिमसार, घाँसेक्षेत्र, बाली भूमि र वन क्षेत्र अन्तर्गत नपर्ने खुल्ला सतहमा रहेको माटो, चट्टान, हिउँ/बरफ आदि अन्य भूमि अन्तर्गत पर्दछन् ।

LEAF (Lowering Emission from Acceleralated Forest Finance) Coalition (उत्सर्जन घटाउन वन वित्त बढाउने साझेदारी): Leaf Coalition ठूलो मात्रामा वित्तीय सहयोग मार्फत उष्णप्रदेशीय वनको संरक्षण गरी वन विनाशबाट हुने उत्सर्जन घटाउन वन वित्त बढाउने साझेदारी हो । उत्सर्जन घटाउन उच्च निष्ठा र सदाचार सहितको क्रडिटको कारोवारका लागि वन संरक्षरण गर्ने राष्ट्रहरूलाई एक ठाउँमा ल्याउन यसले सहजीकरण गर्दछ । लिफमा चार मुलुक नर्वे, बेलायत, अमेरिका र दक्षिण कोरिया सहित २६ भन्दा बढी प्रमुख निजी कम्पनी (कर्पोरेट) आबद्ध छन् । लिफ र लिफमा सहभागी साझेदार बिचको प्रशासनिक समन्वयकर्ताको रुपमा इमर्जेन्ट भन्ने संस्थाले काम गरिरहेको छ । नेपालले लिफ कोलिसनमा कार्बन व्यापारको लागि प्रस्ताव तयारी गरी पेश गरेको र उक्त प्रस्ताव मूल्याङ्कन गरी लिफ कोलिसनको तर्फबाट प्रारम्भिक चरणमा उक्त प्रस्ताव छनौट भएको थियो । सन् २०२१ मा नेपाल सरकार र इमर्जेन्ट बीचमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशका ३६ वटा जिल्लाहरूमा सन् २०२२ देखि २०२६ सम्म वन संरक्षणबाट हुने उत्सर्जन कटौतीको कारोबार गर्ने आशयपत्र (Letter of Intent) मा हस्ताक्षर भएको थियो ।

Leakage (चुहावट): एक ठाउँमा वन संरक्षण गर्ने र कार्बन सञ्चिति बढाउने नाममा त्यस्तो वनबाट प्राप्त गर्ने उत्पादन रेडप्लस कार्यान्वयन हुने क्षेत्रभन्दा बाहिरको क्षेत्रबाट ल्याई प्रयोग गरिएमा कार्बन चुहावट गरेको मानिन्छ । एक ठाउँमा रहेको कृषि तथा पर्ति भूमिलाई वनमा परिणत गरे पनि सोही बराबर अर्को ठाउँको वन विनाश गरी कृषि कार्य गरिएमा पनि कार्बन चुहावट भएको मानिन्छ । कार्बन चुहावटलाई उत्सर्जन स्थानान्तरण (displacement of emission) पनि भनिन्छ ।

Least Developed Countries (अल्पविकसित मुलुकहरू): संयुक्त राष्ट्रसंघद्वारा गरिएको वर्गिकरण अनुसार विश्वभर अल्पविकसित राष्ट्रहरूको संख्या ४९ रहेको छ र नेपाल पनि यसै वर्गमा पर्दछ । यी राष्ट्रहरूमध्ये सोमालिया बाहेक सबै अतिकम

विकसित राष्ट्रहरू जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्ष राष्ट्र बनेका छन् । यो समूह अन्तर्गत अफ्रिकी समूह र साना द्वीपीय (टापु) राष्ट्रका संगठनका कैयौं सदस्य राष्ट्रहरू पनि पर्दछन् । महासन्धिमा अल्पविकसित मुलुकका खास समस्या सम्बोधनका लागि केही किटानी व्यवस्थाहरू गरिएको छ । जलवायु परिवर्तन सम्बन्धी प्राय: सबै वार्ताहरूमा यस समूहले खासगरी जोखिम न्यूनीकरण र अनुकूलन, आर्थिक स्रोतको सरल, प्रभावकारी र पत्यारिलो रुपमा प्रवाह एवं प्रविधि हस्तान्तरणका सन्दर्भमा साझा आवाज उठाउँदै आएका छन् ।

Least Developed Country Fund (अल्पविकसित मुलुकका लागि कोष): अल्पविकसित मुलुकहरूमा राष्ट्रिय अनुकूलन कार्ययोजना (National Adaptation Programme of Action -NAPA) को तर्जुमा र कार्यान्वयनका लागि सहयोग गर्न विश्वव्यापी रुपमा एउटा कोषको स्थापना गरिएको छ । यस कोषको व्यवस्थापन संयुक्त राष्ट्रसंघीय संरचना अन्तर्गत स्थापना गरिएको विश्वव्यापी वातावरणीय सहुलियत (Global Environmental Facility - GEF) ले गर्दै आएको छ ।

Light demander species (प्रकाशार्थी): राम्रो वृद्धिका लागि घाम प्रशस्त खोज्ने वा चाहिने वनस्पति प्रजाति ।

Litter (पतिंगर): कुहिएर माटो बन्ने क्रममा रहेको जैविक पदार्थ जुन जमिनको सतहमा रहेको रुख तथा बोटबिरुवाको बोक्रा, झरेको पातपतिङ्गर, हाँगाबिँगा, झिंजामिजा आदिबाट बनेको हुन्छ ।

Local Adaptation plan of Action (LAPA) (स्थानीय अनुकूलन कार्ययोजना): जलवायु परिवर्तनका कारण सिर्जित जोखिमहरू सामना गर्नका लागि विश्वव्यापी प्रयासहरू स्थानीयस्तरमा केन्द्रित हुनु पर्छ भन्ने मान्यताले प्रमुखता पाउँदै गएको छ । यसका लागि विकासोन्मुख देशको स्थानीय तहमा पनि स्थानीय अनुकूलन योजनाहरू बनाउनुपर्ने हुन्छ । यस्तो कार्ययोजनाले जलवायु परिवर्तनका कारण जोखिममा परेका स्थानीय समुदायले आफ्ना जोखिमहरूको आफैं विश्लेषण गरी अनुकूलनका लागि आफ्नो हित र क्षमता अनुकूलका योजनाहरू बनाई कार्यान्वयन गर्न सक्दछन् । नेपालमा पनि स्थानीय अनुकूलन कार्ययोजना बनाउने कार्यमा सहजीकरण गर्नका लागि नेपाल सरकारले एक संरचना बनाई स्थानीयस्तरमा यस्ता योजना बनाउने कार्यहरू गराइरहेको छ ।

Local Communities (स्थानीय समुदाय): स्थानीय समुदायका बारेमा विश्वव्यापी रुपमा सर्वस्वीकार्य परिभाषा गरिएको पाइँदैन । त्यसैले स्थानीय समुदायलाई परिभाषित गर्ने क्रममा आ-आफ्नो राष्ट्रिय तथा स्थानीय परिवेशलाई आधार मान्ने गरिएको छ । खासगरी रेडप्लससम्बन्धी कार्यक्रमका सन्दर्भमा स्थानीय समुदाय भन्नाले रेडप्लस कार्यक्रमबाट प्रभावित क्षेत्र र सोको सेरोफेरोमा बस्ने स्थानीय बासिन्दाहरूका औपचारिक वा अनौपचारिक समुदायलाई जनाउँछ ।

Long-term Finance (दीर्घकालीन वित्तीय सहयोग): विकासोन्मूख देशहरूमा अर्थपूर्ण किसिमले सञ्चालन गरिने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका कार्यहरूलाई अगाडि बढाउनको लागि विकसित देशहरूबाट पारदर्शी रुपमा वित्तीय सहयोगको प्रतिबद्धता हुनुपर्छ भन्ने मान्यता रहेको छ । यस्तो वित्तीय सहयोग सदुपयोगका लागि विकासोन्मूख देशहरूले उपयुक्त नीतिगत वातावरण बनाउनुपर्ने हुन्छ ।

Loss and damage (हानी तथा नोक्सानी): जलवायु परिवर्तनका नकारात्मक असर जसलाई मानव समुदाय तथा प्राकृतिक प्रणालीले सामना वा ग्रहण गर्न नसकेको अवस्थालाई हानी तथा नोक्सानी भनिन्छ । जलवायु परिवर्तनका कारणले उत्पन्न हुने यस्ता हानी तथा नोक्सानी आर्थिक वा गैरआर्थिक दुबै हुन सक्दछन् । यस अवधारणाको इन्डोनेशियाको बालीमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको १३ औं बैठकबाट छलफल सुरु भएको हो । यसलाई सन् २०१० को क्यानकुन एडप्टेसन फ्रेमवर्कले (Cancun Adaptation Framework) अनुमोदन गरेको हो ।

Low Carbon (न्यून कार्बन): भूमण्डलीय तापक्रम र जलवायु परिवर्तनलाई वृद्धि गराउने हरितगृह ग्याँसको उत्पादनलाई न्यून बिन्दुमा पुऱ्याउनुलाई न्यून कार्बन वा न्यून कार्बन विकास भनिन्छ । न्यून कार्बनको अवधारणा सन् १९९२ मा ब्राजिलमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिमा पहिलो पटक छलफल भएको हो । हाल न्यून कार्बन विकासलाई न्यून- उत्सर्जन विकास रणनीति वा न्यून कार्बन विकास रणनीति भनिन्छ ।

Low-emission Development Strategies (न्यून उत्सर्जन विकास रणनीति): विकास परियोजनाहरू सञ्चालन गर्दा न्यून कार्बन उत्सर्जन गर्ने गरी मात्र सञ्चालन गर्नुपर्छ भन्ने मान्यतालाई उत्प्रेरित गर्नका लागि यस्तो रणनीति बनाइन्छ । जलवायु परिवर्तन

सम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूको विभिन्न सम्मेलनमा भएका निर्णयहरूले सदस्य राष्ट्रहरूलाई आ-आफ्नो देशको परिवेश अनुकूल यस्तो रणनीति बनाउनका लागि उत्प्रेरण दिंदै आएको छ ।

M

Macroclimate (बृहत्तर जलवायु): ठूलो क्षेत्रलाई समेट्ने हावापानी, जस्तैः मनसुन हावापानीले नेपाल लगायत दक्षिण एशियाका कतिपय देशहरूलाई समेट्छ ।

Marginalized Group (सिमान्तकृत समूह): सिमान्तकृत समूह भन्नाले त्यस्ता व्यक्ति वा समूहलाई जनाउँछ जसको निर्णय प्रक्रिया र प्रतिनिधित्वमा नगण्य वा अत्यन्त न्यून मात्र प्रभाव रहेको हुन्छ । सिमान्तीकरणसँग भौगोलिक, लैङ्गिक, जातिय, सामाजिक-आर्थिक हैसियत र भाषा जस्ता थुप्रै कारक तत्वहरूको सम्बन्ध जोडिएको हुन्छ । यी कारणहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्नका लागि रेडप्लस सम्बन्धी कार्यक्रम र अधिकार सुरक्षाका मापदण्डले प्रष्ट रुपमा एउटा अलग्गै किसिमको दृष्टिकोण अँगाल्नु पर्दछ भन्ने अवधारणा अगाडी सारेका छन् ।

Market Mechanism (बजार संरचना): हरितगृह ग्याँस उत्सर्जन कटौतीका लागि खुल्ला प्रतिष्पर्धाको प्रक्रिया अपनाई बजारमा कार्बन विनिमय गर्नका लागि बनाइएको संरचनालाई बजार संरचना भनिन्छ । हरितगृह ग्याँस उत्सर्जन कटौती गर्ने यो एउटा उपाय हो ।

Marrakesh Accords (माराकेस सहमतिहरू): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरूको सन् २००१ मा माराकेसमा सम्पन्न सातौं सम्मेलनमा क्योटो अभिसन्धि कार्यान्वयनका नियमहरू निर्धारणसम्बन्धी सहमति भएको थियो । यस सहमतिमा अन्य कुराहरूका अतिरिक्त हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणसम्बन्धी व्यापार प्रणालीका नियमहरूको स्थापना, स्वच्छ विकास संयन्त्रको कार्यान्वयन एवं अनुगमन प्रणालीको स्थापना र जलवायु परिवर्तन अनुकूलनका लागि गरिने प्रयासहरूमा सहयोग गर्ने ३ वटा कोषहरूको स्थापना र परिचालन गर्ने कुराहरू उल्लेखित छन् । तीनवटा कोषहरू अन्तर्गत जलवायु परिवर्तन सम्बन्धी विशेष कोष, अतिकम विकसित मुलुकका लागि कोष र अनुकूलन कोष रहेका छन् ।

Measuring, Reporting and Verifying (MRV) (मापन, प्रतिवेदन र प्रमाणीकरण/सत्यापन): वन विनाश र वन क्षयीकरणबाट विभिन्न समयान्तरमा कार्बन उत्सर्जनमा आउने परिवर्तनलाई मापन गर्न आवश्यक तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्ने, त्यसको प्रतिवेदन तयार गर्ने तथा स्वतन्त्र तेस्रो पक्षद्वारा त्यसलाई प्रमाणीकरण/सत्यापन गराउने समग्र प्रक्रियाको लागि यो शब्दावलीको प्रयोग गरिन्छ ।

Meeting of Parties (MoP) (पक्षराष्ट्रहरूको बैठक): महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलनले नै अभिसन्धि (विभिन्न अभिसन्धिहरू जस्तैः क्योटो अभिसन्धि आदि) को बैठकको रुपमा काम गर्दछ । यद्यपि त्यस्तो अभिसन्धि अनुमोदन गर्ने राष्ट्रका प्रतिनिधिहरूले मात्र अभिसन्धिका पक्ष राष्ट्रहरूको बैठकमा भाग लिन र निर्णय गर्न पाउँदछन् ।

Microclimate (सुक्ष्म जलवायु): कुनै क्षेत्रको स्थानीय उचाइ, भू-भौतिक स्वरुप, बोटबिरुवा आदिले गर्दा विशेष प्रकारको हावापानीको अवस्था श्रृजना हुन्छ जसलाई सुक्ष्म जलवायु भन्ने गरिन्छ ।

Millennium Development Goals (MDGs) (सहश्राब्दी विकास लक्ष्यहरू): सन् २००० मा सम्पन्न संयुक्त राष्ट्रसंघीय सहश्राब्दी सम्मेलनमा विकासका ८ वटा लक्ष्यहरूमा सहमति भएको थियो । झण्डै १९० देशहरूले हस्ताक्षर गरेका यी लक्ष्यहरू सन् २०१५ सम्ममा प्राप्त गर्ने गरी १८ वटा निर्दिष्ट उद्देश्यहरू तय गरिएका छन् । जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी कुनै पनि कार्यक्रम सञ्चालन गर्दा विकासका यी लक्ष्यहरूलाई बेवास्ता गर्नु हुँदैन भन्ने कुरामा विकासोन्मुख देशहरूले आवाज उठाउँदै आएका छन् ।

Mitigation (न्यूनीकरण): हरितगृह ग्याँस उत्सर्जनमा कटौती गरी वा वायुमण्डलमा भएको अधिक कार्बनलाई अवशोषण सञ्चिति क्षमतामा अभिवृद्धि गराई वायुमण्डलमा थप हरितगृह ग्याँस थुप्रन रोक्ने कार्यहरूलाई नै उत्सर्जन न्यूनीकरण भन्ने गरिन्छ । रेडप्लस कार्यक्रमलाई जलवायु परिवर्तन न्यूनीकरणको उपायका रुपमा लिइन्छ ।

Montreal Protocol (मोन्ट्रियल अभिसन्धि): संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम अन्तर्गत सन् १९८७ मा जारी गरिएको मोन्ट्रियल अभिसन्धिमा ओजोन तहलाई नष्ट गर्ने ग्याँसको रुपमा रहेका क्लोरोफ्लोरोकार्बन, हेलोन, मिथेन क्लोरोफोम, कार्बन

टेट्राक्लोराइड, हाइड्रोक्लोरोफ्लोरोकार्बन र मिथाइल ब्रोमाइडको उत्पादन अन्त्य गर्ने सम्झौता भएको छ ।

Multilateral Funds (बहुपक्षीय कोषहरू): बहुपक्षीय कोष भन्नाले अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा व्यवस्थापन गरिएको र एक भन्दा बढी देश वा दातृ संस्थाहरूको योगदानद्वारा रकम प्राप्त भई सञ्चालन गरिएका कोषहरूलाई जनाउँछ ।

N

Nairobi Work Programme (नैरवी कार्यक्रम): जलवायु परिवर्तन अनुकूलनका विषयमा विकासोन्मूख देशहरूका लागि सहयोग उपलब्ध गराउनु पर्छ भन्ने बारेमा महासन्धि र क्योटो अभिसन्धिमा विभिन्न व्यवस्थाहरू गरिएको भएपनि के कस्ता क्षेत्रका लागि कस्तो सहयोग गर्ने भन्ने बारेमा थप सूचना, जानकारी, ज्ञान र जोखिमहरू थाहा पाउनु आवश्यक थियो । त्यसैले महासन्धिका पक्षराष्ट्रहरूको नैरवीमा सन् २००६ मा सम्पन्न १२ औं सम्मेलनमा अनुकूलनका लागि सूचना र ज्ञानको भण्डार अभिवृद्धि गर्दै यसबाट सुसूचित भएर मात्र निर्णय गर्ने परिपाटिको विकास गर्नका लागि लामो समयसम्म कार्यक्रम सञ्चालन गर्ने निर्णय भयो र हालसम्म पनि यो कार्यक्रम सञ्चालित छ जसलाई नैरवी कार्यक्रम भनिन्छ र यो कार्यक्रम नै अनुकूलनको क्षेत्रमा विश्वव्यापी र बृहत् कार्यक्रम हो ।

National Adaptation Plans (NAPs) (राष्ट्रिय अनुकूलन योजना): अनुकूलनका लागि राष्ट्रियस्तरमा दिर्घकालिन र मध्यकालिन योजना बनाउनुपर्ने हुन्छ । त्यसैले क्यानकून सम्झौतामा उल्लेखित अनुकूलन संरचना अन्तर्गत राष्ट्रिय अनुकूलन योजना बनाउने प्रक्रिया अगाडि बढाउनुपर्ने निर्णय भएको छ ।

National Adaptation Programme of Action (NAPA) (राष्ट्रिय अनुकूलन कार्यक्रम): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरूको सन् २००१ मा माराकेसमा सम्पन्न ७ औं सम्मेलनमा राष्ट्रिय अनुकूलन कार्यक्रम तयारीका लागि विभिन्न प्रक्रियाहरू तय गरिएको थियो । राष्ट्रिय अनुकूलन कार्यक्रमका माध्यमबाट अतिकम विकसित मुलुकहरूले जलवायु परिवर्तनका कारणबाट सिर्जित जोखिमहरू आँकलन गरी तत्काल गर्नुपर्ने अनुकूलनका कार्यक्रमहरू पहिचान

गरी प्राथमिकीकरण गर्न सक्दछन् । यस कार्यका लागि अल्पविकसित मुलुकसम्बन्धी कोषबाट सहयोग उपलब्ध गराइन्छ । राष्ट्रिय अनुकूलन कार्यक्रम नेपाल लगायतका सबै अल्पविकसित राष्ट्रहरूले बनाएका छन् जसमा जलवायु परिवर्तनका असरहरू र अनुकूलनका उपायहरूसँग सम्बन्धित अति आवश्यक पर्ने र तत्कालका लागि चाहिने कामलाई प्राथमिकतामा राखिएको छ । अनुकूलन क्षमता कम भएका देशहरू जसलाई अहिले नै सहयोगको आवश्यकता भएकोले जलवायु परिवर्तनबाट हुने असरहरूसँग जुध्नको लागि यो कार्ययोजना बनाइएको हो । नापा **(NAPA)** मा प्रस्ताव भएका कार्यक्रमहरू सञ्चालन गर्न ढिलो गरिएमा त्यसले थप जोखिम वृद्धि गरी भविष्यमा अनुकूलनका प्रयासहरू बढी खर्चिलो हुने सम्भावना भएकोले यी कार्यक्रमहरू समयमा नै पूरा गर्नुपर्ने आवश्यकता छ ।

National Biodiversity Strategy (राष्ट्रिय जैविक विविधता रणनीति): जैविक विविधता महासन्धि १९९२ अन्तर्गत राष्ट्रको जैविक विविधता संरक्षणका लागि तर्जुमा गरिने रणनीति हो । नेपालमा सन् २००२ मा यस्तो रणनीति बनाइएको थियो जसले वन तथा संरक्षित क्षेत्रको संरक्षण र विस्तार, जैविक विविधतासम्बन्धी आदिवासी एवं स्थानीय समुदायको ज्ञान र सीपको प्रवर्द्धन, जैविक विविधताको अध्ययन अनुसन्धान र अभिलेख आदिमा जोड दिएको छ ।

National Communication Report (राष्ट्रिय सूचना प्रतिवेदन): राष्ट्रिय सूचना प्रतिवेदन भन्नाले जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्षराष्ट्रहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि गरेका कार्यहरूको बारेमा जानकारी सम्प्रेषण गर्न तयार गरेको प्रतिवेदनलाई बुझाउँछ । नेपाल सन् २०२१ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन पेश गरेको थियो ।

National Conservation Strategy (राष्ट्रिय संरक्षण रणनीति): यो राष्ट्रको वातावरण संरक्षणका लागि तर्जुमा गरिने रणनीति हो । नेपालमा विश्व संरक्षण संघको सहयोगमा सन् १९८९ मा राष्ट्रिय संरक्षण रणनीति बनाइएको थियो । यस रणनीतिमा वातावरण शिक्षा तथा सञ्चार, वातावरण योजना, वातावरणीय प्रभाव मूल्याङ्कन, जैविक विविधता संरक्षण आदिमा विशेष जोड दिइएको छ ।

National Forest Monitoring System (राष्ट्रिय वन अनुगमन प्रणाली): मानवीय क्रियाकलापका कारण विभिन्न वन कार्बन सञ्चितिबाट हुन जाने हरितगृह ग्याँसको

उत्सर्जन र वन कार्बन सञ्चितिमा अभिवृद्धि बारे निश्चित अवधिमा आएको परिवर्तन सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्नका लागि निर्माण गरिने प्रणालीलाई राष्ट्रिय वन अनुगमन प्रणाली भनिन्छ । यस्तो वन अनुगमन प्रणालीका माध्यमबाट उपलब्ध गराइने तथ्याङ्क र विवरणहरू पारदर्शी, पूर्ण, भरपर्दो र तुलनायोग्य हुन जरुरी हुन्छ ।

National GHG Accounting (राष्ट्रिय हरितगृह ग्याँस अभिलेख प्रणाली): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि, क्योटो अभिसन्धि र यस सम्बन्धमा भएका पक्षराष्ट्रहरूका विभिन्न निर्णय र सम्झौताहरूका अनुसार सबै पक्ष राष्ट्रहरूले आ-आफ्नो देशको हरितगृह ग्याँससम्बन्धी राष्ट्रिय अभिलेख प्रणालीको विकास गर्नुपर्ने हुन्छ । यस्तो प्रणालीलाई राष्ट्रिय रुपमा दर्ता (National Registry) पनि गरिएको हुनुपर्छ । यसका आधारमा कार्बन व्यापार व्यवस्थित गर्नुपर्छ ।

National Sovereignity (राष्ट्रिय सार्वभौमिकता): संयुक्त राष्ट्रसंघको बडापत्र तथा अन्तर्राष्ट्रिय कानूनका मान्य सिद्धान्तहरू अनुसार राष्ट्रहरूलाई आ-आफ्नो वातावरणीय नीति अनुसार आ-आफ्नो श्रोतहरूको उपयोग गर्ने सार्वभौम अधिकार रहेको हुन्छ । यस क्रममा आफ्नो क्षेत्राधिकार भित्रका कामकारवाहीले अन्य राष्ट्रहरूको वातावरणमा हानी नपुऱ्याउने कुरा सुनिश्चित गर्ने दायित्व पनि निर्वाह गर्नुपर्ने हुन्छ ।

Nationally Appropriate Mitigation Action (NAMA) (राष्ट्रिय हित अनुकूल न्यूनीकरण कार्ययोजना): जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिमा जलवायु परिवर्तन न्यूनीकरणका लागि राष्ट्रहरूको क्षमता अनुसार साझा तर फरक जिम्मेवारी हुने सिद्धान्तलाई अङ्गिकार गरिएको छ । सोही अनुरुप विकासोन्मुख देशहरूले पनि न्यून कार्बन उत्सर्जन गर्ने खालको हरित अर्थतन्त्रमा आधारित दिगो विकासका उपायहरू अवलम्बन गर्ने गरी राष्ट्रिय हित अनुकूलको योजना बनाउनुपर्ने हुन्छ ।

Nationally Determined Contribution, NDC (राष्ट्रिय प्रतिबद्ध योगदान): जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतामा हस्ताक्षर गर्ने पक्ष राष्ट्रहरूले जलवायु परिवर्तन न्यूनीकरण गर्ने अभियानमा आफ्नो राष्ट्रबाट के कसरी योगदान गर्न सकिन्छ भनि संयुक्त राष्ट्रसंघीय जलवायु प्रारुप महासन्धिमा पेश गरेको दस्तावेज भन्ने बुझिन्छ । यस दस्तावेजले देशहरूको जलवायु परिवर्तनसँग जुध्नका लागि प्रतिबद्धता र कार्य

योजनाहरूको समन्वय गर्छ । NDC मार्फत प्रत्येक देशले आफ्नो राष्ट्रिय प्राथमिकता र क्षमताका आधारमा लक्ष्य निर्धारण गर्छ, जसले वैश्विक जलवायु लक्ष्यहरू प्राप्त गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । NDC हरेक पाँच वर्षमा अद्यावधिक गरिन्छ ।

Natural Regeneration (प्राकृतिक पुनरूत्पादन): वन क्षेत्रमा प्राकृतिक रुपमा झरेको बीउबाट उम्रेर वा ठुटा तथा जराबाट पलाएर वन तयार हुने प्रक्रियालाई प्राकृतिक पुनरुत्पादन भनिन्छ ।

Nested Approach (समश्रेणी अवधारणा): रेडप्लसमा सहभागी विकासोन्मुख देशहरूले कार्बन उत्सर्जन कटौति गर्ने कार्यहरू राष्ट्रिय परिवेश अनुकूल र आवश्यकता अनुसार राष्ट्रिय र प्रादेशिक/स्थानीय तह गरी दुबै तहमा गर्न सक्दछन् । यदि यस्तो कार्य दुबै तहमा कार्यान्वयन गरेमा यसलाई समश्रेणी अवधारणाको रुपमा बुझिन्छ । कुनै विकासोन्मुख मुलुकले यस्तो अवधारणा अपनाई कार्बन व्यापारमा क्रमशः जाने प्रणाली अपनाएको भए पहिला प्रादेशिक/स्थानीय तहमा कार्यान्वयन गरे पश्चात् मात्र राष्ट्रिय तहमा कार्यान्वयन गर्ने मान्यता रहेको छ ।

Net Emission (खुद उत्सर्जन): कुनै पनि निश्चित अवधिमा उत्पन्न हरितगृह ग्याँस उत्सर्जनको कुल मात्रबाट सोही अवधिमा अवशोषित वा हटाइएको हरितगृह ग्याँसको मात्रालाई घटाउँदा बाँकी हुन आउने नै खुद उत्सर्जन हो ।

Net Emission = Total Emission – Total Removal

Net Zero Emission (खुद शून्य उत्सर्जन): मानव गतिविधिबाट विश्वव्यापी रुपमा भइरहेको हरितगृह ग्याँसको उत्सर्जन र वायुमण्डलबाट विभिन्न माध्यमबाट हटाइएको उत्सर्जन बराबर भएको अवस्थालाई खुद शून्य उत्सर्जनको अवस्था भनिन्छ । खुद शून्य उत्सर्जनको अवस्थामा हरितगृह ग्याँसको उत्सर्जन भइरहेको भए तापनि उत्सर्जन बराबरको परिमाणमा वायुमण्डलबाट उत्सर्जन हटिरहेको हुन्छ ।

Net Zero Emission = Total Emission – Total Removal = 0

Non Carbon Benefits (गैरकार्बन लाभ): गैरकार्बन लाभ अन्तर्गत रेडप्लसका कारण सिर्जना हुने अनुकूलन फाइदा, पर्यावरणीय सेवा, सामाजिक फाइदा र सुशासन अभिवृद्धिको पर्दछन् । यी लाभहरूले स्थानीय समुदायहरू, जैविक विविधता, वातावरणीय सेवा र समाजका विभिन्न पक्षहरूमा सकारात्मक प्रभाव पार्दछन् ।

Non-legally Binding Instruments (अनुनयात्मक कानून): संयुक्त राष्ट्रसंघीय साधारण सभा वा संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकायहरूका साधारण सभाले विभिन्न विषयमा थुप्रै प्रस्तावहरू पारित गरेका हुन्छन् । यसरी पारित भएका प्रस्तावहरू सदस्य राष्ट्रका लागि कानून सरह बाध्यात्मक नभए पनि त्यस्ता निर्णयहरूको पालना गर्नु (अनुनयन गर्नु) उपयुक्त हुन्छ भन्ने मान्यता राखिन्छ । संयुक्त राष्ट्रसंघीय वन मञ्चले सन् २००७ मा पारित गरेको सबै प्रकारका वनसम्बन्धी अनुनयात्मक कानून (Non-Legally Bindng Instrument on All Types of Forest-NLBI) विशेष महत्वको रहेको छ ।

Non-paper (मस्यौदा दस्तावेज): अन्तर्राष्ट्रिय कानून निर्माणका क्रममा कुनै पनि महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलन वा यसका सहायक अङ्गहरूको छलफल-सत्र चलिरहेको समयमा वार्तालाई सहजीकरण गर्ने उद्देश्यले विभिन्न प्रस्तावहरूलाई विकल्प सहित एकीकृत रुपमा तयार गरी मस्यौदा दस्तावेजको रुपमा जारी गर्ने गरिएको हुन्छ । वार्ताको सहजीकरणका लागि बनाइएका यस्ता मस्यौदा दस्तावेजलाई आधिकारिक निर्णय मानिंदैन ।

Non-Timber Forest Products (NTFPs) (गैरकाष्ठ वन पैदावार): वन जङ्गलको जैविक स्रोतबाट प्राप्त हुने काठ, दाउरा र स्याउला बाहेकका वन पैदावारहरू जस्तैः जडीबुटी, बाँस, वेत, फल, घाँस, पात, रेजिन इत्यादि ।

Nursery (नर्सरी): बीउ तथा कलमीबाट गुणस्तरका बिरुवा तयार गर्ने ठाउँ ।

O

OECD Countries (आर्थिक सम्बन्ध तथा विकास संगठनका सदस्य राष्ट्रहरू): आर्थिक सम्बन्ध तथा विकास संगठनको स्थापना सन् १९९२ मा भएको हो जस अन्तर्गत प्रतिनिधिमूलक लोकतन्त्रको सिद्धान्त र खुला बजार अर्थतन्त्रलाई आत्मसात गर्ने ३० वटा विकसित देशहरू सदस्यको रुपमा रहेका छन् ।

Offset (अन्यत्र भुक्तानी): विकसित राष्ट्रहरूले कार्बन उत्सर्जन कटौती गर्ने लक्ष्यमा पुग्नका लागि आफ्नो देशमा लगानी गर्नुको सट्टा विकासोन्मुख देशहरूमा लगानी गर्दा बढी फाईदा हुने र सजिलै लक्ष्यमा पुग्न सकिने निष्कर्षमा पुगेको देखिन्छ । यसरी

प्रतिबद्धता अनुसारको उत्सर्जन कटौती गर्ने लक्ष्यमा पुग्नका लागि विकसित मुलुकले विकासोन्मुख मुलुकहरूमा गर्ने लगानीलाई अन्यत्र भुक्तानी भन्ने गरिन्छ ।

Open Access (खुल्ला पहुँच): कसैको पनि नियन्त्रण र स्वामित्वमा नरहेको स्रोतमा सबैको खुल्ला पहुँच रहेको हुँदा त्यस्तो स्रोतको छिट्टै विनाश हुन्छ भन्ने अवधारणासँग जोडेर यो शब्दावली प्रयोग हुने गर्दछ ।

Opportunity Cost (अवसर गुमाएको लागत): यसले कुनै एउटा आर्थिक क्रियाकलाप गर्नका लागि अर्को प्रथम वैकल्पिक क्रियाकलाप नगर्दा वा परित्याग गर्दा चुकाउनुपर्ने मूल्यलाई जनाउँछ । तसर्थ परित्याग गरिएको अवसरको लेखाजोखा गर्नुपर्ने हुन्छ । उदाहरणका लागि रेडप्लस कार्यक्रम अन्तर्गत रुख कटान गर्ने अनुमतिमा कटौती गर्ने र कटानबाट प्राप्त रकम परित्याग गरेपछि वन कार्बन बिक्रीबाट सो भन्दा बढी फाईदा पाउने अवस्था हुन्छ वा हुँदैन भन्ने बारेमा विश्लेषण गरिएको हुनु पर्दछ ।

Ozone Layer (ओजोन तह): ओजोन भन्नाले वायुमण्डलमा पाइने एक यौगिकलाई जनाउँछ जुन अक्सिजनका तीनवटा परमाणु (O_3) मिलेर बनेको हुन्छ । ओजोन तहले मुख्य रुपमा सूर्यको परावैजनिक विकिरण (घातक किरण) लाई वायुमण्डलको तल्लो तहसम्म आउनबाट रोकी अन्तरिक्षतर्फ नै फर्काइदिन्छ । यसरी महत्वपूर्ण भूमिका खेलिरहेको ओजोन तह पातलिँदै गएको र यसमा प्वाल समेत पर्न शुरु भएको कुरालाई सन् १९८५ तिर नै वैज्ञानिकहरूले चर्चामा ल्याएका थिए । ओजोन तहलाई पातलो बनाउनुमा मुख्य रुपमा जिम्मेवार रहेका ग्याँसहरूलाई मोन्ट्रियल प्रोटोकलले प्रतिबन्ध लगाएको छ ।

P

Paris Agreement (पेरिस सम्झौता): जलवायु परिवर्तनसँग जुध्न विश्वव्यापी प्रयासहरूको लागि ऐतिहासिक सम्झौता हो पेरिस सम्झौता । यस सम्झौता सन् २०१५ मा फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो । पेरिस सम्झौता संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन अन्तर्गत भएको हो र सन् २०१६ मा लागू भएको थियो । पेरिस सम्झौताले जलवायु परिवर्तनको असरलाई कम गर्न, हरितगृह ग्याँस उत्सर्जन घटाउन एवम् औद्योगिक युग अघि भन्दा ग्लोबल वार्मिङलाई २ डिग्री भन्दा तल राख्न

र यसलाई १.५ डिग्रीसम्म सीमित गर्नका लागि सबै देशहरूलाई एकजुट बनाउने उद्देश्य राखेको छ । यस सम्झौतालाई जलवायु परिवर्तनको नकारात्मक प्रभाव विरुद्ध लड्न विश्वका १९६ मुलुक बीच भएको कानूनी रुपमा बाध्यकारी भएको संयुक्त राष्ट्रसंघीय सम्झौता भन्ने बुझिन्छ । नेपालले पनि पेरिस सम्झौतामा सहमति जनाएको छ ।

Participatory Rural Appraisal (PRA) (सहभागितामूलक ग्रामीण लेखाजोखा): स्थानीय जनतालाई सहभागी गराई ग्रामीण क्षेत्रको वस्तुगत स्थितिबारे अध्ययन तथा अनुसन्धान गर्नका लागि अपनाइने विधिलाई सहभागितामूलक ग्रामीण लेखाजोखा भनिन्छ ।

Payment (भुक्तानी): कार्बन व्यापारका क्षेत्रमा विभिन्न किसिमका भुक्तानी प्रणालीसम्बन्धी अवधारणाहरू रहेका छन् । त्यसमध्ये हरितगृह ग्याँस उत्सर्जन कटौती एवं कार्बन व्यापारका सन्दर्भमा निक्षेपमूखी भुक्तानी, नतिजामुखी भुक्तानी, प्रदर्शनमूखी भुक्तानी र प्रतिफलमूखी भुक्तानी विशेष महत्वका छन् ।

- **Input-based Payment (लगानीमुखी भुक्तानी)**: प्रत्यक्ष मापन नगरिए तापनि कार्बन उत्सर्जन कटौती वा कार्बन सञ्चिति अभिवृद्धि सम्बन्धी कार्यहरू भइरहेको छ भन्ने अनुमानका आधारमा कुनै पनि विकासोन्मुख मुलुकलाई रकम भुक्तानी हुन सक्छ ।
- **Output-based Payment (प्रतिफलमुखी भुक्तानी)**: परिणाम निकाल्ने शर्तका आधारमा प्रत्यक्ष भुक्तानी हुने प्रणालीलाई नतिजामुखी भुक्तानी भन्ने गरिन्छ । रेडप्लसका सन्दर्भमा दुई किसिमका नतिजामुखी भुक्तानीका लागि परिणामहरूको मापन गर्न सकिने अवधारणा रहेका छन् । एउटा नतिजामुखी भुक्तानी खुद उत्सर्जन कटौतीमा आधारित छ जसमा रेडप्लस कार्यक्रम सञ्चालन भइरहने अवधिभर खुद कार्बन सञ्चिति अभिवृद्धि वा परिवर्तनलाई मापन गरी सोही आधारमा लामो अवधिसम्म नियमित भुक्तानी गरिन्छ । अर्को प्रतिफलमुखी भुक्तानी एक अवधिमा आधारित छ जस अन्तर्गत वनमा भएको जम्मा कार्बनलाई मापन गरी एक पटक मात्र भुक्तानी गर्ने अवधारणा रहेको छ ।

- **Performance-based Payment (कार्यसम्पादनमुखी भुक्तानी)**: रेडप्लस सम्बन्धी क्षमता अभिवृद्धि लगायत रणनीति, योजना, कार्यक्रम आदि तर्जुमा गरिएपछि सोको परीक्षण नितान्त आवश्यक हुन्छ । यस क्रममा कार्बन उत्सर्जन कटौतीका साथै कार्बन सञ्चय अभिवृद्धि जस्ता कार्यहरू परिक्षण गरिन्छ । यसरी प्रदर्शनी चरणमा भएका प्रतिफलहरूको मापन र प्रमाणीकरण गरी सोही आधारमा भुक्तानी गर्ने अवधारणालाई प्रदर्शनमुखी भुक्तानी भन्ने गरिन्छ । यस्तो भुक्तानी पूर्वप्रभावी (Ex-ante) नभई पार्श्वप्रभावी (Ex-post) हुने गर्दछ अर्थात् कार्यसम्पादन पश्चात मात्र भुक्तानी हुने गर्दछ ।
- **Result-based Payment (नतिजामुखी भुक्तानी)**: रेडप्लससम्बन्धी सबै तयारी पश्चात् यस सम्बन्धी रणनीतिहरूको पूर्ण कार्यान्वयन गरी सोको अनुगमन, मापन, प्रतिवेदन तयारी एवं प्रमाणीकरणका आधारमा भुक्तानी गर्ने प्रणालीलाई नतिजामूखी भुक्तानीको रुपमा लिइएको छ । रेडप्लसको कार्यान्वयन चरणमा अनुदान वा बजारमा आधारित वा यी दुबैको समिश्रणमा आधारित भुक्तानीहरू नतिजामुखी भुक्तानीमा आधारित हुनेछन् ।

Payment for Ecosystem Service (PES) (पारिस्थितिकीय सेवाको भुक्तानी): पारिस्थितिकीय सेवाको भुक्तानी भन्नाले स्वेच्छिक रुपमा पारिस्थितिकीय सेवाको आदान प्रदान, परिभाषित रुपमा सेवा प्रदान गर्ने सुनिश्चितता, सेवा लिन चाहने कम्तिमा कुनै क्रेताको विद्यमानता, सेवा प्रदायकको सुनिश्चितता, सेवा प्रदान गर्ने प्रावधान जस्ता कार्यहरू एक आपसमा अन्तर सम्बन्धित रुपमा व्यवस्थापन हुने कार्य भन्ने बुझिन्छ । पारिस्थितिकीय सेवालाई बजारीकरण गरी सोको माध्यमबाट पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने अवधारणाले विश्वव्यापी रुपमा निकै मान्यता पाउँदै गएको छ ।

Perennial plants (बहुवर्षीय वनस्पति): प्रत्येक वर्ष बीउ छरेर नयाँ बिरुवा हुर्काउन नपर्ने, दुई वर्ष वा सो भन्दा बढी बाँच्ने बोटबिरुवाहरू, जस्तैः साल, अस्ना आदि ।

Permanency (स्थायित्व/दिगोपना): यस शब्दले वन विनाश हुन सक्ने विभिन्न खतराबाट वनलाई जोगाई वनमा लामो समयसम्म कार्बन सञ्चिति सुनिश्चित गर्ने कार्यलाई जनाउँछ । कार्बन सञ्चितिमा स्थायित्व रहने कुरा सुनिश्चित गर्न सकिएमा मात्र क्रेताहरू कार्बन किन्नको लागि तयार हुन्छन् ।

Phase Approach (चरणगत अवधारणा): रेडप्लस कार्यान्वयनका लागि ३ चरणहरूको अवधारणा प्रस्ताव गरिएको छ । पहिलो चरणमा क्षमता अभिवृद्धि गर्ने र राष्ट्रिय रेडप्लस रणनीति निर्माण गर्ने कार्यहरू पर्दछन् । दोस्रो चरणमा रेडप्लस रणनीति र उत्सर्जन कटौति गर्ने क्रियाकलापहरूको प्रदर्शन गर्ने कार्य पर्दछन् । तेस्रो चरणमा उत्सर्जन कटौतिका कार्यक्रमहरूको पूर्ण रुपमा कार्यान्वयन गर्ने र सो कार्यान्वयनको मापन/अनुगमन, प्रतिवेदन तयारी र प्रमाणीकरण/सत्यापनका आधारमा प्रतिफलमुखी भुक्तानी गर्ने कार्य हुन्छ ।

Photosynthesis (प्रकाश संश्लेषण): बोटबिरुवाका हरितकणयुक्त (हरिया) पात तथा अन्य भागहरूले सूर्यबाट आउने प्रकाशको सहायताले खाना बनाउने प्रक्रियालाई प्रकाश संश्लेषण भनिन्छ । यस प्रक्रियामा बोटबिरुवाले वायुमण्डलबाट कार्बनडाइअक्साइड र माटोबाट पानीलाई अवशोषण गरी रासायनिक प्रतिक्रिया मार्फत ग्लुकोज र अक्सिजनमा परिणत गर्छ । यस प्रक्रियाबाट बोटबिरुवाले कार्बनलाई आफूमा सञ्चय गरी अक्सिजनलाई वायुमण्डलमा फाल्ने कार्य गर्दछन् । यसरी बोटबिरुवाले जलवायु परिवर्तनका लागि मुख्य भूमिका खेलिरहेको कार्बनडाइअक्साइडलाई वायुमण्डलबाट अवशोषण गरी जैविक पिण्डमा सञ्चिति गर्ने भएकोले बोटबिरुवालाई नष्ट गर्दा त्यसमा भण्डारण भएको कार्बन वायुमण्डलमा पुनः उत्सर्जन हुने जोखिम हुने हुँदा वन विनाश र वन क्षयीकरणबाट हुने उत्सर्जन कटौती (रेडप्लस) ले जलवायु परिवर्तनसम्बन्धी वार्तामा प्राथमिकता पाएको हो ।

Policies and Measures (PAMs) (नीति तथा मापदण्डहरू): रेडप्लसका सन्दर्भमा नीति तथा मापदण्ड भन्नाले राष्ट्रियस्तरमा तर्जुमा गरिएका नीति तथा मापदण्डहरूलाई जनाउँछ । कार्बन उत्सर्जन कटौती वा कार्बन सञ्चिति अभिवृद्धिका लागि यस्ता राष्ट्रिय नीति तथा मापदण्डहरूको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित राष्ट्रको हुन्छ ।

Pollination (परागसेचन): चरा, मौरी, हावा आदिको माध्यमबाट एउटा फूलमा रहेको परागकण अर्को फूलको डिम्बमा पुगी हुने समागम क्रिया ।

Polluters Pay Principle (PPP) (प्रदुषकले तिर्नुपर्छ भन्ने सिद्धान्त): प्रदुषण गर्ने व्यक्ति, संस्था वा निकायले आफूले गरेको प्रदुषण वापत मर्का पर्ने पक्षलाई क्षतिपूर्ति वा हर्जना तिर्नुपर्छ भन्ने सिद्धान्त नै प्रदुषकले तिर्नुपर्छ भन्ने सिद्धान्त हो । यो सिद्धान्तको

प्रचलन सन् १९७२ तिरबाट शुरु भएको हो । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय कानूनका केही हिस्साहरू पनि यही सिद्धान्तमा आधारित छन् ।

Project Design Document (PDD) (परियोजनाको ढाँचा सम्बन्धी दस्तावेज): वन कार्बन परियोजनाले कसरी काम गर्छ भनी विस्तृत विवरण खुलाई तयार गरिएको लिखित दस्तावेज नै परियोजनाको ढाँचा सम्बन्धी दस्तावेज हो । यसमा अन्य कुराहरूका अतिरिक्त परियोजन कुन परिवेशमा र के कुरा सम्बोधन गर्नका लागि बनाइएको हो भन्ने परिदृश्यको विस्तृत विवरण, परियोजनाको विकास र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरण विधि तथा मापदण्ड, भविष्यमा हुन सक्ने कार्बन उत्सर्जन कटौती वा कार्बन सञ्चिति अभिवृद्धि र परियोजनाबाट सिर्जना हुने सामाजिक र वातावरणीय प्रभावको बारेमा विस्तृत विवरणहरू खुलाइएको हुन्छ ।

Project Idea Note (R-PIN) (रेड परियोजना अवधारणापत्र): रेडप्लसका माध्यमबाट कार्बन व्यापार गर्ने परियोजना वा वन कार्बन परियोजनाको विकास गर्ने क्रममा बनाइने पहिलो दस्तावेज नै परियोजना अवधारणापत्र हो । यस्तो अवधारणापत्रमा प्रस्तावित परियोजनाले कसरी कार्बन क्रेडिट सिर्जना गर्छ भन्ने कुराहरूको अतिरिक्त परियोजना अन्तर्गत गरिने क्रियाकलाप र त्यसबाट प्राप्त हुने उपलब्धीहरूको बारेमा संक्षिप्त रुपमा उल्लेख गरिएको हुन्छ । लगानीकर्ताहरूलाई वन कार्बन परियोजनाहरूमा आकर्षण गर्नका लागि यस्तो प्रारम्भिक दस्तावेजको निकै महत्व हुन्छ ।

Pruning (छिमल्नु): धेरै हाँगाहरू भएका बोट बिरुवाहरूको तल्लो भागका हाँगाहरू काँट-छाँट गर्ने कार्य ।

R

Readiness (पूर्वतयारी): रेडप्लस कार्यान्वयनका लागि राष्ट्रियस्तरमा रेड प्रस्तावना तयारी, क्षमता अभिवृद्धि, राष्ट्रिय रेडप्लस रणनीति तर्जुमा, व्यापक जनसहभागिता र सहमति निर्माण, तयारी भएका रणनीतिहरूको परीक्षण र मूल्याङ्कन आदि जस्ता कार्यहरू गरिन्छन्, जसलाई रेडप्लसको पूर्वतयारी चरणको रुपमा बुझिन्छ ।

Readiness Package (तयारी प्याकेज): विकासोन्मुख राष्ट्रबाट कार्बन उत्सर्जन कटौतिको लागि प्रस्तावित कार्यक्रम र कार्यक्रम कार्यान्वयन गर्ने संरचना जस्ता

महत्वपूर्ण पक्षलाई समेटी तयार भएको दस्तावेज नै तयारी प्याकेज हो, जसले प्रस्तावक राष्ट्र रेडप्लस कार्यक्रम कार्यान्वयनमा सक्षम छ भन्ने कुराको विश्वास दिलाउँछ । अर्को अर्थमा भन्नुपर्दा यो रेडप्लसमा सहभागी हुन इच्छुक मुलुकको तयारी अवस्थाको पूर्णताबारे सहयोग प्रदान गर्ने निकायलाई परीक्षण गर्न सहयोगी दस्तावेज पनि हो ।

Readiness Plan Idea Note (R-PIN) (पूर्वतयारी अवधारणापत्र): रेडप्लसमा जान चाहने देशले रेडप्लसको तयारी रणनीतिको सामान्य खाका तयार गरी विश्व बैंकद्वारा सञ्चालित वन कार्बन साझेदारी कार्यक्रम समक्ष सहयोग प्राप्तिका लागि पेश गरेको अवधारणालाई पूर्वतयारी अवधारणा भनिन्छ । नेपालले सन् २००८ मा तराई भू-परिधिमा पर्ने १३ जिल्लालाई समावेश गरी पूर्वतयारी अवधारणापत्र वन कार्बन साझेदारी कार्यक्रम समक्ष पेश गरेको थियो ।

Readiness Preparation Proposal (R-PP) (रेडप्लसको पूर्वतयारी प्रस्ताव): रेडप्लसमा जानका लागि तयारी हुन गर्नुपर्ने क्रियाकलापहरूलाई विस्तृत रुपमा खुलाई रेडप्लसमा सहभागी हुन चाहने देशले FCPF अन्तर्गतको FMT (Facility Management Team) समक्ष पेश गरेको प्रस्तावलाई नै पूर्वतयारी प्रस्ताव भनिन्छ । यस्तो प्रस्तावमा राष्ट्रिय तहमा रेडप्लसको तयारीका लागि गर्नुपर्ने सबै क्रियाकलापहरू खुलाइएको हुन्छ । वन कार्बन साझेदारी सहयोग (FCPF) अन्तर्गत छनौटमा परेका विकासोन्मुख देशहरूलाई रेडप्लसमा जानका लागि आवश्यक तयारी गर्ने प्रयोजनार्थ सहयोग रकम उपलब्ध हुन्छ । यस सहयोग अन्तर्गत रकम प्राप्त गर्नका लागि विश्व बैंकले निर्धारण गरेको खाका बमोजिम सरकारले प्रस्तावना तयार गरी पेश गर्नुपर्ने हुन्छ । नेपालले यस्तो पूर्वतयारी प्रस्तावना सन् २०१० मा नै बनाई विश्व बैंक लगायत विभिन्न दातृ संस्थाबाट सहयोग प्राप्त गरी सोही अनुसार तयारीका कामहरू गर्दै आएको छ ।

REDD, REDD+ (रेड, रेडप्लस): REDD को पुरा रुप Reducing Emissions from deforestation and forest degradation (वन विनाश र वन क्षयीकरणबाट हुने उत्सर्जन कटौती) हो । रेडलाई सामान्य अर्थमा वन विनाश र वन क्षयीकरण नियन्त्रणको माध्यमबाट कार्बन उत्सर्जन कटौती गर्ने अवधारणाको रुपमा बुझ्न सकिन्छ । वन विनाश नियन्त्रण गरी वा हैसियत बिग्रिएको वनको गुणस्तर अभिवृद्धि गरी कार्बन उत्सर्जन कटौति गर्ने वा गर्न चाहने विकासोन्मुख राष्ट्रलाई वन संरक्षण/सम्बर्द्धनमा

प्रोत्साहन गर्न विकसित राष्ट्रहरूबाट आर्थिक एवं प्राविधिक लगायतका सहयोग जुटाउन अन्तर्राष्ट्रियस्तरमा भएको सहमतिलाई रेडप्लसको आधारभूत अवधारणा मान्न सकिन्छ । रेडप्लसको मुख्य उद्देश्य वन विनाश तथा वनको हैसियत घटनाको कारणले हुन जाने कार्बन उत्सर्जन न्यूनीकरण गर्नु हो । रेडप्लस अन्तर्गत निम्न ५ वटा क्रियाकलापहरू पर्दछन् :

- वन विनाशका माध्यमबाट हुने उत्सर्जन कटौती,
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन कटौती,
- वन कार्बन मौज्दात संरक्षण,
- वनको दिगो व्यवस्थापन,
- कार्बन सञ्चिति अभिवृद्धि ।

REDD+ Standards (रेडप्लस मापदण्डहरू): रेडप्लस कार्यक्रमबाट सिर्जित कार्बन क्रेडिट बिक्रीका लागि विश्वसनीय र उच्च गुणस्तरयुक्त भएको कुरा सुनिश्चित गर्नु पर्दछ जसको लागि आवश्यक पर्ने विभिन्न आधारहरू वा नियमहरू तयार गर्न रेडप्लस मापदण्डले मेरुदण्डको भूमिका निर्वाह गर्दछ । रेडप्लस मापदण्डले रेडप्लस कार्यक्रम अन्तर्गत क्रेडिट दिइने एक टन क्रेडिटले एक टन कार्बन उत्सर्जनमा कमी ल्याएको कुरा सुनिश्चित गर्नु पर्दछ । यस्ता मापदण्डहरूले रेडप्लस कार्यक्रम सञ्चालन गर्ने तथा यसबाट सिर्जित कार्बन क्रेडिट खरिद गर्ने दुबै पक्षलाई हुनसक्ने चुनौती/जोखिमलाई घटाउँछ । स्वयंसेवी कार्बन बजारमा विभिन्न प्रकारका मापदण्डहरूको प्रयोग भैरहेको छ । प्रमाणित कार्बन मापदण्ड (Verified Carbon Standard–VCS) तथा जलवायु, समुदाय र जैविक विविधता अलायन्स मापदण्ड (Climate, Community and Biodiversity Alliance standard–CCBA) वन कार्बनको क्षेत्रमा स्थापित मापदण्डको रुपमा चिनिन्छन् ।

Reference Area (तुलनात्मक प्रभाव क्षेत्र): कुनै ठूलो क्षेत्रभित्र रहेको कार्बन सञ्चितिको लागि दिइएको समय सीमा भित्रको अवस्था पत्ता लगाउन सोही वन क्षेत्रको समान अवस्था तथा वन विनाश र क्षयीकरणका कारक तत्व रहेको तुलना गर्न मिल्ने क्षेत्र भन्ने बुझिन्छ ।

Reforestation (पुनःवृक्षरोपण): विगतमा वन भएको तर वन विहिन क्षेत्रको रुपमा परिणत गरिएको क्षेत्रमा वृक्षरोपण वा प्राकृतिक रुपमा पुनरुत्पादन प्रवर्द्धन

गर्ने मानवीय क्रियाकलापका माध्यमबाट पुनः वन क्षेत्रको रुपमा रुपान्तरण गर्नुलाई पुनःवृक्षरोपण भनिन्छ । क्योटो अभिसन्धिका लागि ३१ डिसेम्बर १९८९ पछि वनको रुपमा नरहेको तर विगत ५० वर्षको अवधिसम्ममा वन विनाश भएको क्षेत्रमा गरिने त्यस्ता क्रियाकलापहरूलाई पुनःवृक्षरोपण भनी परिभाषित गरिएको छ ।

Rehabilitation (पुनर्स्थापना): विभिन्न कारणले बिग्रिएको पारिस्थितिकीय प्रणालीलाई पुनः पहिलाकै अवस्थामा ल्याउने कार्यलाई पुनर्स्थापना भनिन्छ ।

Remote Sensing (दूर संवेदन): पृथ्वीको विभिन्न भागको जानकारी लिनको लागि त्यस्ता स्थानमा नगई वा भौतिक सम्पर्कमा नरही टाढाबाट जानकारी लिने कार्यलाई दूर संवेदन भनिन्छ । यस्तो कार्य एरियल फोटोग्राफी वा राडारका माध्यमबाट गरिन्छ । वन विनाश र वनक्षयीकरण मापनका लागि पनि यो विधिको प्रयोग हुन्छ ।

Removal Unit (RMU) (अवशोषण/पुनःसञ्चिति एकाई): 'भू-उपयोग, भू-उपयोगमा परिवर्तन र वन' क्षेत्रमा लागू गरिने क्रियाकलापहरूद्वारा वायुमण्डलबाट हटाइने कार्बनको व्यापारिक एकाई जनाउन यो शब्दावली प्रयोग गरिन्छ । एक RMU बराबर एक टन कार्बनडाईअक्साइड हुन्छ ।

Removals (अवशोषण/पुनःसञ्चिति): वायुमण्डलमा रहेको कार्बनडाइअक्साईड वा अन्य हरितगृह ग्याँसलाई कार्बन सञ्चिति हुने वस्तु वा क्षेत्रहरूले अवशोषण गरी सञ्चिति गर्ने कार्यलाई जनाउनको लागि यो शब्दको प्रयोग गरिन्छ ।

Resilience (पुनर्स्थापन क्षमता): जलवायु परिवर्तनका कारण व्यापक रुपमा प्रभावित भएका, क्षयीकरण भएका वा क्षतिग्रस्त भएका सामाजिक, पर्यावरणीय एवं पारिस्थितिकीय प्रणालीहरू साविककै अवस्थामा फर्कन सक्ने अर्थात् प्राकृतिक रुपमा पुनर्स्थापन हुन सक्ने क्षमतालाई उक्त प्रणालीको प्राकृतिक पुनर्स्थापन क्षमता भन्ने गरिन्छ जसलाई अर्को शब्दमा समानुकूलन तथा पुनर्स्थापन क्षमता पनि भन्न सकिन्छ ।

Restoration (पुनरूत्थान): विनाश भएको वा बिग्रिएको पारिस्थितिकीय प्रणालीलाई साविककै अवस्थामा फर्काउने कार्य वा क्रियाकलापलाई पुनरुत्थान भनिन्छ ।

Results Based Payments (नतिजामा आधारित भुक्तानी): नतिजामा आधारित भुक्तानी दिगो विकासको लागि एक विकसित दृष्टिकोण हो । यसको उद्देश्य जलवायु

परिवर्तन न्यूनीकरणसम्बन्धी कार्यलाई प्रोत्साहित गर्नु, कार्बन बजार सिर्जना गरी विस्तार गर्नु र नवीनतालाई प्रोत्साहित गर्नु हो । यसको माध्यमबाट लगानीकर्ताहरूले पूर्व-सहमति अनुसार हासिल गरिएको, प्रतिवेदन पेश गरिएको र स्वतन्त्ररुपमा प्रमाणित गरिएको परिणामको लागि यस कार्यमा संलग्न संस्था तथा निकायलाई भुक्तानी गर्दछन् । यस्ता संस्था तथा निकाय एक सार्वभौम राष्ट्र, निजी फर्म, गैरसरकारी संस्था वा स्थानीय समुदायहरू हुन सक्छन् । रेडप्लस कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उत्सर्जन न्यूनीकरण परिणामहरूको लागि परिणाम/नतिजामा आधारित भुक्तानी प्राप्त गर्न रेडप्लस कार्यक्रममा सहभागी विकासशील देशहरूले निम्न शर्तहरू पुरा गर्नु पर्दछ ।

- राष्ट्रिय रेडप्लस रणनीति वा कार्ययोजना,
- वनको आधार तह/वन कार्बन उत्सर्जनको आधार तह,
- राष्ट्रिय वन निगरानी प्रणाली,
- वातावरणीय एवं समाजिक सुरक्षा उपायहरू कसरी सम्बोधन र सम्मान भइरहेको छ भन्ने बारेमा जानकारी प्रदान गर्ने प्रणाली ।

Revegetation (पुनः वनस्पतिकरण): मानवीय प्रयासमा पुनः हरियाली कायम गर्ने कार्यलाई पुनः वनस्पतिकरण भनिन्छ । यस्तो कार्यबाट कार्बन सञ्चिति बढाई कार्बन व्यापारमा जानको लागि कम्तिमा ०.५ हेक्टर भन्दा बढी क्षेत्रमा यस्तो कार्य गरिएको हुनु पर्दछ । यो कार्य कार्बन उत्सर्जन न्यूनीकरण वा कार्बन सञ्चितिका अन्य कुनै योजनामा समावेश नगरी अलग्गै गर्न पनि सकिन्छ ।

Risk Assessment (जोखिम मूल्याङ्कन): जोखिम मूल्याङ्कनमा खासगरी कुनै पनि ठाउँका व्यक्ति वा समुदायमा पर्न सक्ने प्रतिकूल असरहरू पहिचान गरिन्छ । यस्तो कार्य विभिन्न वैज्ञानिक प्रविधि वा सहभागितामूलक विधिबाट गर्न सकिन्छ । नेपालको सन्दर्भमा जलवायु परिवर्तनका कारण हिमतालहरू विष्फोट भएमा त्यसबाट कस्तो जोखिम सिर्जना हुन सक्छ भन्ने बारेमा थुप्रै मूल्याङ्कनहरू गरिएका छन् ।

Risk Management (जोखिम व्यवस्थापन): जलवायु परिवर्तनका कारण सिर्जना हुने जोखिमहरूको सामना गर्न वा त्यस्ता जोखिमहरूबाट जोगिनको लागि गरिने विभिन्न क्रियाकलापहरूलाई जोखिम व्यवस्थापन भन्ने गरिन्छ ।

Rotational grazing (घुम्ती चरन प्रणाली): नियमित तालिका अनुसार चरिचरन क्षेत्रलाई विभिन्न भागमा बाँडेर वस्तुभाउ चराउने कार्य ।

S

Safeguards (सुरक्षा उपाय): कसैलाई वा कुनै चीजलाई संरक्षण गर्न वा कुनै अवाञ्छित असर र प्रभाव रोक्नको लागि अपनाइने कार्यहरूलाई सुरक्षा उपायहरू भनिन्छ । रेड प्लस कार्यक्रम अन्तर्गत कार्यान्वयन गरिने तथा अन्य क्रियाकलापबाट वातावरण र समुदायमा हुन सक्ने नकारात्मक असर र प्रभावहरूको रोकथाम तथा न्यूनीकरणको लागि वातावरणीय एवं सामाजिक सुरक्षा उपायहरू प्रयोग गरिन्छ । (थप जानकारीको लागि क्यानकुन सुरक्षा सिद्धान्त हेर्नुहोस्)

Safeguard Information System-SIS (सुरक्षा सूचना प्रणाली): क्यानकुन सम्झौता अन्तर्गत रेडप्लसमा अधिकार सुरक्षाका सिद्धान्तहरू प्रतिपादन गरिएको भए पनि त्यस्ता सिद्धान्तहरूको राष्ट्रियस्तरमा प्रवर्द्धन गरिएको छ भन्ने कुराको सुनिश्चितताका लागि के कस्तो सूचना प्रणाली विकास गर्ने भन्ने बारेमा सहमति भएको थिएन । त्यसैले महासन्धिका पक्षराष्ट्रहरूको सन् २०११ मा डर्बनमा सम्पन्न १७ औं सम्मेलनले अधिकार सुरक्षाको सूचना प्रणाली सम्बन्धी मार्गदर्शन पारित गरेको थियो । उक्त मार्गदर्शन अनुसार सदस्य राष्ट्रहरूले राष्ट्रिय परिवेश एवं क्षमता, राष्ट्रिय सार्वभौमिकता एवं कानून, सान्दर्भिक अन्तर्राष्ट्रिय सम्झौता एवं दायित्व र लैङ्गिक पक्षलाई समेत विचार गर्दै अधिकार सुरक्षा प्रणाली बनाउनुपर्ने हुन्छ । यस्तो सूचना प्रणाली अधिकार सुरक्षा सम्बन्धी क्यानकुन सम्झौताका सिद्धान्तसँग तालमेल खाने किसिमको, सूचनाहरू नियमित अद्यावधिक गरिएको र सबै सरोकारवालाहरूको पहुँचमा रहने गरी पारदर्शी रुपमा राखिएको, समय समयमा सुधारका लागि पारदर्शी र उदार रुपमा राखिएको, राज्यद्वारा नेतृत्व गरी राष्ट्रियस्तरमा लागू गरिएको र सकेसम्म विद्यमान प्रणाली र संरचना उपयोग गरिएको हुनु पर्दछ । उक्त सम्मेलनमा भएको निर्णय अनुसार पक्ष राष्ट्रहरूले यस्तो सूचनाको संक्षिप्त विवरणलाई नियमित रुपमा तयार गर्ने महासन्धिको राष्ट्रिय सञ्चार प्रतिवेदनमा समावेश गर्नुपर्ने हुन्छ ।

Safeguard Principles (सुरक्षासम्बन्धी सिद्धान्तहरू): जलवायु परिवर्तनका सबै विषयमा र खासगरी रेडप्लसका सन्दर्भमा अधिकार सुरक्षाका सिद्धान्तहरूका विषयमा

विश्वव्यापी बहसहरू र सहमति प्रक्रियाले निरन्तरता पाइरहेको छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरूको मेक्सिकोमा सम्पन्न १६ औं सम्मेलनद्वारा पारित क्यानकुन सम्झौता अनुसार रेडप्लसमा अधिकार सुरक्षाका लागि निम्न सिद्धान्तहरू अवलम्बन भएको हुनु पर्दछ:

१. रेडप्लस सम्बन्धी कार्यक्रम राष्ट्रको वनसम्बन्धी कार्यक्रमका उद्देश्यहरू र यस सम्बद्ध अन्तर्राष्ट्रिय महासन्धि एवं सम्झौताहरूसँग परिपुरक र अन्तरसम्बन्धित हुनेछ।

२. रेडप्लस कार्यक्रममा राष्ट्रिय सार्वभौमसत्ता र राष्ट्रिय कानूनहरूलाई मध्यनजर राख्दै पारदर्शिता र वन सुशासनलाई प्रभावकारी रुपमा प्रवर्द्धन गरिनेछ।

३. संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा अङ्गिकार गरिएको आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा, राष्ट्रिय परिवेश एवं कानूनहरू र सम्बद्ध अन्तर्राष्ट्रिय दायित्वहरूलाई मध्यनजर राख्दै आदिवासी जनताहरू र स्थानीय समुदायका सदस्यहरूको अधिकार र ज्ञानको सम्मान गर्ने कार्यलाई प्रवर्द्धन एवं सहयोग गरिनेछ।

४. रेडप्लस अन्तर्गतका कार्यक्रमहरू सञ्चालन, रेडप्लससम्बन्धी राष्ट्रिय रणनीति निर्माण, वनसम्बन्धी आधारबिन्दुहरूको तय र रेडप्लसको अनुगमन प्रणालीको विकास गर्दा खासगरी आदिवासी एवं स्थानीय समुदाय र सम्बद्ध सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गरिनेछ।

५. रेडप्लस कार्यक्रम लागु गर्दा र राष्ट्रको वन तथा जैविक विविधता संरक्षणसम्बन्धी कार्य गर्दा प्राकृतिक वनलाई अन्य प्रयोजनमा रुपान्तरण नगरिने कुराको सुनिश्चितता गरिनेछ र रेडप्लससम्बन्धी कार्यक्रममा राष्ट्रको वन र यसका पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका साथै अन्य वातावरणीय एवं सामाजिक फाइदाहरूको प्रवर्द्धन तथा अभिवृद्धि गरिनेछ।

६. वन विनाशको पुनरावृत्ति हुने खतरालाई सम्बोधन गर्ने कार्यहरूलाई प्रवर्द्धन गरिनेछ।

७. उत्सर्जन स्थानान्तरण गरिने कार्यहरूलाई न्यून गरिनेछ।

Sample plot (नमुना प्लट): नमुना प्लट भन्नाले सम्पूर्ण वनको प्रतिनिधित्व हुने गरी मापन गर्न छुट्याइएको वा तोकिएको आकार र क्षेत्रफलको सानो टुक्रालाई बुझाउँछ।

Sampling intensity (नमुना घनत्व): पुरा वनको प्रतिनिधित्व गर्ने गरी केही प्रतिशत वन क्षेत्र नमुना कार्यका लागि प्रयोग गरिन्छ भने त्यस्तो नमुना वन क्षेत्रको पुरा वन क्षेत्रसँगको अनुपातलाई नमुना घनत्वको रुपमा लिइन्छ ।

Sampling Method (नमुना लिने विधि): कुनै पनि वन श्रोतको अवस्थाकाबारेमा निर्क्योल निकाल्नु अघि त्यस श्रोतको केही नमुना लिई नाप तौल गरिन्छ र सोलाई आधार मानेर सम्पूर्ण वन श्रोतको अवस्थाबारे अनुमान गर्न सकिन्छ । यो कार्य एउटा निश्चित विधि अपनाई गरिन्छ जसलाई नमुना लिने (Sampling Method) विधि भनिन्छ ।

Slash and Burn (खोरिया खेती/खोरिया फडानी): कृषिसम्बन्धी यो एउटा प्राचीन भू-उपयोग प्रणाली हो । यस प्रणालीमा वनमा केही समयको लागि खेती गरी लामो समयसम्म त्यस्तो जमिन त्यसै छोडिन्छ । यसरी वन क्षेत्र खनखोरस गरी तयार पारिएको जमिनमा खोतीबाली राम्रो हुन्छ । तर त्यस्तो जमिनमा लगातार खेती गरिएमा माटोको उर्वराशक्ति घट्न गई उत्पादन कम हुन्छ । त्यसैले लामो समयसम्म जमिनलाई त्यसै छाडी पुनः यो प्रक्रिया अनुसार खेती गर्ने क्रम दोहोर्‍याइन्छ । नेपालमा पनि केही जिल्लाहरूमा यो प्रचलन रहेको छ ।

Slash burning (पतिङ्गर जलाउने): जङ्गलमा रुख कटान भै ढुवानी गरिसकेपछि बाँकी रहेका स-साना हाँगाबिँगा र झारपातहरू बाल्ने कार्य ।

Source (स्रोत): हरितगृह ग्याँसलाई वायुमण्डलमा पुर्‍याउने कुनै पनि वस्तु र सोसँग सम्बन्धित मानवीय क्रियाकलाप समेतलाई स्रोत भनिन्छ ।

Special Climate Change Fund (SCCF) (जलवायु परिवर्तनसम्बन्धी विशेष कोष): जलवायु अनुकूलन; प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, उर्जा, यातायात, उद्योग, कृषि, वन र फोहोर व्यवस्थापन एवं आर्थिक विविधिकरणसम्बन्धी परियोजनाहरूलाई आर्थिक स्रोत उपलब्ध गराउनका लागि सन् २००१ मा यस कोषको स्थापना गरिएको हो । महासन्धिको कार्यान्वयनका लागि स्थापना गरिएका अन्य कोषहरूका लागि यसले परिपुरकको रुपमा काम गर्नुपर्ने हुन्छ । महासन्धिको कार्यान्वयनका लागि आर्थिक स्रोत परिचालन गर्ने अधिकार प्राप्त विश्वव्यापी वातावरणीय सुविधा (GEF) ले नै यो कोष सञ्चालन गर्ने अधिकार प्राप्त गरेको छ ।

Stakeholder engagement (सरोकारवालाहरुको संलग्नता): कुनै पनि कार्यक्रम तथा परियोजनाको डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका क्रममा सम्बन्धित पक्षहरूलाई सक्रिय रुपमा समावेश गर्नुलाई सरोकारवालाहरूको संलग्नता भनिन्छ । परियोजनाको वातावरणीय र सामाजिक जोखिमहरूको व्यवस्थापनको लागि सरोकारवालाहरूको संलग्नता महत्वपूर्ण मानिन्छ । सरोकारवालाहरूको संलग्नताले समस्याको पहिचान, समर्थन, विश्वसनीयता, पारदर्शिता, प्रभावकारिता बढाउन र समस्याको समाधान गर्न भूमिका खेल्दछ ।

Stern Report/Review (स्टर्न प्रतिवेदन): जलवायु परिवर्तनका कारण विश्व अर्थतन्त्रमा परेको प्रभावका बारेमा अध्ययन गर्नका लागि बेलायत सरकारले अर्थशास्त्री लर्ड निकोलस स्टर्नको अध्यक्षतामा एउटा कार्यदल गठन गरेको थियो । सन् २००६ को अन्त्यतिर स्टर्नले ७०० पृष्ठ लामो प्रतिवेदन सार्वजनिक गरेका थिए जसमा जलवायु परिवर्तनका कारण विश्व अर्थतन्त्रमा परेको प्रभावका बारेमा हालसम्मकै विस्तृत व्याख्या विश्लेषण गरिएको छ । यस प्रतिवेदनले जलवायु परिवर्तनका कारण बिग्रदै गएको अर्थतन्त्रको सुधार र जलवायु परिवर्तनका प्रभाव र जोखिम न्यूनीकरण एवं अनुकूलनका लागि विश्वको कूल ग्राहस्थ उत्पादनको वार्षिक १ प्रतिशत रकम खर्च गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरेको छ । उक्त प्रतिवेदनले यदि यस्तो कार्य गर्न सकिएन वा समयमा नै यस्तो कार्य शुरु नगरी ढिला गरिएमा भविष्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि विश्वको कूल ग्राहस्थ्य उत्पादनको २० प्रतिशत रकम खर्च गर्नुपर्नेतर्फ सचेत गराएको छ । यही प्रतिवेदनले नै विकासोन्मुख मुलुकमा रेडप्लस कार्यक्रम सञ्चालन गर्नु नै कार्बन उत्सर्जन कटौतीका लागि सबैभन्दा सस्तो, सरल र छिटो उपाय भएको कुरा उजागर गरेपछि रेडप्लसले विश्वव्यापी महत्व पाएको हो ।

Stockholm Conference (स्टकहोम सम्मेलन १९७२): संयुक्त राष्ट्रसंघको पहलमा भएको यो एउटा पहिलो विश्वव्यापी वातावरणीय सम्मेलन हो जसले वातावरणवाद र अन्तर्राष्ट्रिय वातावरण कानूनको क्षेत्रमा कैयौं सिद्धान्तहरू विकास गर्नमा उल्लेखनीय भूमिका खेलेको थियो । यो सम्मेलन वातावरणको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको नयाँ भूमिका पहिचान गर्नमा समेत सफल भएको थियो । यस सम्मेलनमा विकास गरिएका सिद्धान्तहरू आज पनि वातावरण संरक्षणका लागि उत्तिकै महत्वपूर्ण र प्रेरणादायी रहेका छन् ।

Stratification (स्तरीकरण): वन क्षेत्रलाई निश्चित आधार जस्तै वनको छत्र घनत्व, क्षेत्रफल, प्रजाति, वनको अवस्था तथा अन्य आवश्यक पक्ष तय गरेर विभिन्न भागमा विभाजन गर्नु नै वनको स्तरीकरण हो । यसले वन श्रोत सर्वेक्षण तथा कार्बन मापन गर्ने कार्यमा सजिलो पार्छ र यसबाट तुलनात्मक रुपमा सही परिणाम प्राप्त गर्न सकिन्छ ।

Subsidiary Body for Implementation (SBI) (कार्यान्वयनका लागि सहायक अङ्ग): महासन्धि अन्तर्गत कार्यान्वयनका लागि गठन गरिएको सहायक अङ्गहरू पनि निकै महत्वपूर्ण मानिन्छन् । यसले महासन्धिको कार्यान्वयनको अवस्थाबारे मूल्याङ्कन तथा पूनरावलोकन गर्नका लागि सुझावहरू प्रस्तुत गरी पक्षराष्ट्रहरूलाई सम्मेलनमा सहयोग गर्दछन् ।

Subsidiary Body for Scientific and Technological Advice (SBSTA) (वैज्ञानिक तथा प्राविधिक परामर्शका लागि सहायक अङ्ग): जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि अन्तर्गत गठित वैज्ञानिक तथा प्राविधिक परामर्शका लागि सहायक अङ्गले पक्ष राष्ट्रहरूको सम्मेलनलाई आवश्यक पर्ने नीतिगत विषय र वैज्ञानिक तथा प्राविधिक विषयमा आवश्यक पर्ने कार्यहरू गर्नका लागि परामर्श सेवा प्रदान गर्दछ । यी कार्यहरूका लागि यस अङ्गले विभिन्न विज्ञ समुदायको परिचालन गर्ने र सहयोग लिने गर्दछ ।

Sustainable Development Goals (दिगो विकास लक्ष्यहरू): दिगो विकास लक्ष्य संयुक्त राष्ट्रसंघद्वारा सन् २०१५ मा अपनाइएका १७ वटा लक्ष्यहरू हुन् । यी लक्ष्यहरूको उद्देश्य २०३० सम्ममा विश्वभर दिगो विकासलाई प्रवर्द्धन गर्नु हो । यी लक्ष्यहरूले समृद्ध, समावेशी, र दिगो भविष्य निर्माण गर्ने उद्देश्य राखेका छन् । SDGs लाई गरिवी, रोग, असमानता, वातावरण विनाश जस्ता विश्वव्यापी समस्याहरूको सम्बोधन गर्दै शान्त र समृद्ध विश्व कायम गरी पृथ्वीको दिगो संरक्षण र विकास गर्नका लागि लिइएका अन्तर्राष्ट्रिय लक्ष्यहरू भन्ने बुझिन्छ ।

Sustainable Development (दिगो विकास): वर्तमानको मात्र नभई भावी पुस्ताको आवश्यकतालाई समेत मध्यनजर राख्दै गरिने विकास प्रक्रियालाई दिगो विकास भनिन्छ । यसका लागि खासगरी प्राकृतिक स्रोतहरूको उपयोग गर्दा यसको खपत, लगानी, प्राविधिक पक्ष आदिमा गम्भीर ध्यान पुर्‍याई समग्र विकास प्रक्रियालाई दिगो बनाइएको हुनु पर्दछ । दिगो विकास सबैको साझा लक्ष्य हो र जलवायु परिवर्तनका सन्दर्भमा पनि यस कुरामा ध्यान दिनुपर्ने हुन्छ ।

Sustainable Forest Management (दिगो वन व्यवस्थापन): लामो समयसम्म निरन्तर र अधिकतम फाइदा प्राप्त गरी वन व्यवस्थापन गर्ने प्रक्रियालाई दिगो वन व्यवस्थापन भनिन्छ । संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २००७ मा पारित गरेको प्रस्ताव अनुसार दिगो वन व्यवस्थापन भन्नाले एउटा गतिशील र क्रमशः विकास भइरहेको एउटा यस्तो अवधारणा हो जसको खास ध्येय वर्तमान र भावी पुस्ताको हितको लागि सबै किसिमका वनको वातावरणीय, आर्थिक र सामाजिक महत्वलाई कायम र अभिवृद्धि गर्नु हुनेछ ।

Sustainable Management of Forest (वनको दिगो व्यवस्थापन): जलवायु परिवर्तनसम्बन्धी वार्ता प्रक्रियालाई अगाडि बढाउने क्रममा बनाइएको वाली कार्ययोजनाको रेडप्लससम्बन्धी शिर्षकमा दिगो वन व्यवस्थापन नभई वनको दिगो व्यवस्थापन भन्ने वाक्यांश प्रयोग गरिएको छ र यसपछि रेडप्लससम्बन्धी सबै मस्यौदा निर्णयहरूमा यही वाक्यांश प्रयोग गर्ने गरिएको छ ।

Sustainable Use (दिगो उपयोग): कुनै पनि वस्तुको उपयोग गर्दा विभिन्न श्रोतहरू (जस्तैः जीव, पारिस्थितिकीय प्रणाली, नविकरणीय स्रोत आदि) मा प्रतिकूल प्रभाव नपारी उत्पादनशील किसिमले प्रयोग गर्ने शैली वा प्रक्रियालाई दिगो उपयोग भनिन्छ ।

Sustainable yield (दिगो उत्पादन): अपेक्षित उत्पादन हासिल गर्न आवश्यक पर्ने विभिन्न स्रोतहरूको प्रयोग गर्दा तिनीहरूको नवीकरण हुने क्षमतालाई खलल् नहुने गरी गरिएको उत्पादन ।

Sustained yield Management (दिगो उत्पादन व्यवस्था): वार्षिक वा नियमित रुपमा एकैनासले कालान्तरसम्म वनबाट काठ, दाउरा आदि प्राप्त गर्न सञ्चालन गरिने प्राविधिक प्रबन्ध ।

T

Tier (तह): जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (IPCC) को मापदण्ड अनुसार वनमा कार्बनको मौज्दात मापनका लागि विभिन्न तीन तहका विधिहरू तयार गरिएका छन् । पहिलो तहको मापन आधारभूत तहको हुन्छ जसमा अन्य विश्वास लाग्दो विकल्प स्पष्ट नभएसम्मका लागि खाँचो पूर्ति गर्न उपलब्ध विश्वव्यापी तथ्याङ्क

(Global default values) को उपयोग गरी कार्बनको मौज्दात मापन गरिन्छ । दोस्रो तहको मापन मध्यमस्तरको हुन्छ जहाँ राष्ट्रियस्तरमा प्राप्त तथ्याङ्कका आधारमा वनमा विद्यमान रहेको कार्बन मापन गरिन्छ । त्यस्तै तेस्रो तहको मापन विधि अन्तर्गत क्षेत्रगत रुपमा प्राप्त तथ्याङ्कहरूको उपयोग गरी कार्बन मापन गरिन्छ र यो विधि निकै विश्वासिलो भए पनि धेरै जटिल र खर्चिलो समेत हुन्छ । कुन तहको विधि प्रयोग गरी आफ्नो देशको वन कार्बन मापन गर्ने भन्ने कुरा सम्बन्धित देशको निर्णयमा निर्भर गर्दछ ।

हरितगृह ग्याँस उत्सर्जन मापनका लागि IPCC को असल अभ्यास मार्गदर्शन अन्तर्गत निर्धारित यी ३ किसिमका तहगत विधिहरूको खास विशेषता निम्न अनुसार रहेको छः

Tier 1 (पहिलो तह): यस अन्तर्गत कार्बन सञ्चिति मापनका लागि नभई नहुने र विश्वव्यापी मानकहरूको प्रयोग गरिन्छ ।

Tier 2 (दोस्रो तह): यस अन्तर्गत कार्बन सञ्चिति मापनका लागि पहिलो तहको विधि र तेस्रो तहको विधिलाई मिश्रित गर्दै र राष्ट्रिय तहका मानकहरू समेत प्रयोग गरिन्छ ।

Tier 3 (तेस्रो तह): यस अन्तर्गत कार्बन सञ्चिति मापनका लागि सम्बन्धित क्षेत्रमा गई मापन गरी तथ्याङ्क संकलन गर्ने कार्य गरिन्छ । यो तहको विधि निकै विश्वासिलो भए पनि समय र स्रोत धेरै लाग्ने किसिमको हुन्छ ।

Traditional Knowledge (परम्परागत ज्ञान): परम्परागत रुपमा समुदायमा चलि आएका जीवन पद्धति सञ्चालन गर्नका लागि प्रयोग भएका विभिन्न क्षेत्रसंग सम्बन्धित ज्ञान तथा सीपहरू भन्ने बुझिन्छ ।

Transaction costs (कारोबार खर्चहरू): कुनै पनि कारोबार गर्ने सिलसिलामा हुने खर्चहरू नै कारोबार खर्चहरू हुन् । यस्ता खर्चहरू अन्तर्गत कुनै काम गर्नुभन्दा अगाडि गरिने अनुसन्धान खर्च, तथ्य तथ्याङ्क र सूचना व्यवस्थापन गर्न लाग्ने खर्च, योजना तथा सम्झौता कार्यान्वयन गर्न लाग्ने खर्च र अनुगमन तथा प्रतिवेदन तयार गर्न लाग्ने खर्चहरू पर्दछन् । विगतमा यस्तो किसिमको खर्चको प्रसङ्ग वातावरणीय सेवाको भुक्तानी सम्बन्धी परियोजनाहरूको विकास गर्ने क्रममा सान्दर्भिक रहेको थियो । रेडप्लसको अवधारणा विकास भएपछि रेडप्लसको तयारी र कार्यान्वयनका

लागि पनि यस्ता खर्चहरू लाग्ने भएकोले रेडप्लसमा पनि कारोवार खर्चहरूको विषय निकै महत्वपूर्ण बन्दै आएको छ ।

Transformational change (रुपान्तरणमुखी परिवर्तन): रेडप्लससम्बन्धी नीति तथा रणनीति तर्जुमा र कार्यान्वयनको लागि यथास्थितिपूर्ण किसिमको नीति निर्माण प्रक्रिया भन्दा भिन्न रही नीति निर्माताले आफ्नो आनीबानी, शक्ति सम्बन्ध र कार्यसम्पादन शैलीमा रुपान्तरणमुखी परिवर्तन ल्याउनु पर्छ भन्ने मान्यता रहँदै आएको छ । त्यसैले रेडप्लसमा यो शब्दको महत्व रहेको छ ।

Tree Line (वृक्ष रेखा): रुख उम्रन सक्ने उचाईसम्मको सीमालाई वृक्ष रेखा भनिन्छ । वृक्ष रेखा भन्दा माथि बढी चिसो, शुष्क जलवायु र माटोको उर्वराशक्ति न्यून भएकोले रुख बिरुवा उम्रन सक्दैनन् ।

Tree Outside Forests (ToF) (वन क्षेत्र बाहिरका रुखहरू): सबै रुखमा कार्बन सञ्चय भइरहने र जहाँ सुकैको रुख बिरुवा विनाश गर्दा पनि कार्बन उत्सर्जन हुने भएकोले जलवायु परिवर्तनका सन्दर्भमा सबै रुखहरूको महत्व रहेको हुन्छ । त्यसैले रेडप्लसको रणनीति बनाउँदा पनि वनको परिभाषा भित्र पर्ने क्षेत्र बाहेक अन्यत्र रहेका रुख बिरुवाका सन्दर्भमा पनि रणनीति बनाउनु पर्ने हुन्छ ।

The REDD+ Environmental Excellence Standard (TREES) (रेडको वातावरणीय उत्कृष्ट मापदण्ड): उच्च-गुणस्तरीय वातावरणीय र सामाजिक प्रदर्शन सुनिश्चित गर्न डिजाइन गरिएको एक ढाँचा हो, जसले REDD+ परियोजनाहरूलाई वातावरणीय उत्कृष्टता र दिगोपन प्रदान गर्दछ । लिफ कोलिजनमा रेडको वातावरणीय उत्कृष्ट मापदण्ड (TREES) मातहत रहेर इमरर्जेन्टले रेड प्लस कार्बन खरिद गरी सार्वभौम दातृराष्ट्र र निजी क्षेत्रका खरिदकर्तालाई बिक्री गर्दछ ।

Tribal People (जातिगत समूहका मानिसहरू): पारिवारिक रुपमा एउटै वा मिल्दाजुल्दा समूहहरूमा बस्ने मानिसहरूलाई सामान्यतया जातिगत समूहका मानिसहरू भनिन्छ । यस्ता समूहमा एउटा वा केही निश्चित मानिसहरूलाई नेता/मुखिया चयन गरी त्यस्ता नेताको आदेश अनुसार परिवार वा समूह सञ्चालित भएको हुन्छ । यस्ता समूहहरूले प्राकृतिक श्रोतहरूको सामूहिक उपयोगलाई महत्व दिएका हुन्छन् ।

U

Umbrella group (छाता समूह): क्योटो अभिसन्धिको वार्ता प्रक्रियामा आफ्ना भनाई राख्न र अभिसन्धि अङ्गिकार गर्ने क्रममा आफ्नो हितलाई ध्यानमा राख्नका लागि युरोपेली संघ भन्दा बाहिरका विकसित मुलुकहरूले एउटा अस्थायी किसिमको गठबन्धन बनाएका थिए जसलाई छाता समूह भन्ने गरिन्छ । यो समूह जलवायु परिवर्तन सम्बन्धी वार्ताका क्रममा सक्रिय रहन्छ । यस समूहका सदस्य राष्ट्रहरूको स्पष्ट सूची छैन । यद्यपि यस समूहमा सामान्यतया अष्ट्रेलिया, क्यानडा, आइसल्याण्ड, जापान, न्यूजिल्याण्ड, नर्वे, रसियन महासंघ, यक्रेन र अमेरिका सक्रिय रहँदै आएका छन् ।

United Nation Framework Convention on Climate Change (UNFCCC) (जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२): सन् १९९२ मा हस्ताक्षरका लागि खुल्ला गरिएको यो महासन्धि १९९४ देखि कार्यान्वयनमा आएको हो । १८९ राष्ट्र सदस्य रहेको यस महासन्धिको मुख्य उद्देश्य वायुमण्डलमा हरितगृह ग्याँसलाई प्रतिबद्धता अनुसारको मात्रामा निश्चित समयभित्र स्थिर राख्नु रहेको छ । यस महासन्धिमा जलवायु परिवर्तनका सम्बन्धमा देशहरूको **क्षमता अनुसार साझा तर पृथक जिम्मेवारी** निर्वाह गर्ने, जलवायु परिवर्तनका कारण सिर्जना भएको असमानुपातिक वा असामान्य बोझ बहन र अनुकूलनका लागि विकासोन्मुख देशलाई विकसित देशबाट सहयोग उपलब्ध गराउने जस्ता सिद्धान्तहरू अङ्गिकार गरिएको छ भने अनुसची-१ र २ मा परेका विकसित राष्ट्रहरूले हरितगृह ग्याँस उत्सर्जन घटाउने प्रतिबद्धता जनाई कार्य गर्नुपर्ने कुरा उल्लेखित छ । यस महासन्धिमा गरिएका व्यवस्थाहरू दुरगामी प्रकृतिका, रचनात्मक र दिगो विकाससँग सम्बन्धित रहेका छन् । यस महासन्धिको सचिवालय जर्मनीमा रहेको छ ।

United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) (आदिवासी जनताहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा): सन् २००७ मा जारी गरिएको यस घोषणामा आदिवासी जनताका व्यक्तिगत र सामूहिक अधिकारहरू तय गरिएका छन् जस अन्तर्गत सांस्कृतिक अधिकार, पहिचानको अधिकार, भाषासम्बन्धी अधिकार, रोजगारीसम्बन्धी अधिकार, स्वास्थ्यसम्बन्धी अधिकार र शिक्षासम्बन्धी अधिकारलाई विशेष महत्व दिइएको छ । यस घोषणाले आदिवासीहरूले आफ्नो आस्था र आवश्यकता अनुसारको विकास गर्ने, आफ्ना संस्था,

संस्कार र परम्परालाई बलियो बनाउने र आफ्ना अधिकारहरूलाई मजबुत बनाउने कुरामा महत्व दिन आह्वान गरेको छ । यस घोषणाले आदिवासी जनताविरुद्ध हुने भेदभावलाई निषेध गर्दै आदिवासीहरूको सरोकार रहेका सबै विषयहरूमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागितालाई अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिएको छ । यसका साथै यस घोषणामा आदिवासीहरूको अधिकारमा प्रभाव पार्ने कुनै पनि विकास योजनाहरूमा स्वतन्त्र पूर्व सुसूचित सहमति (FPIC) दिने की नदिने भन्ने कुरा उनीहरूको निर्णयमा निर्भर रहने व्यवस्था गरेको छ । त्यसैले क्यानकुन सम्झौतामा रेडप्लस सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यो घोषणामा उल्लेखित कुराहरू विचार गर्नुपर्ने व्यवस्था गरिएको छ ।

UN-REDD+ Programme (संयुक्त राष्ट्रसंघीय रेडप्लस कार्यक्रम): संयुक्त राष्ट्रसंघीय रेडप्लस कार्यक्रम विकासोन्मूख देशहरूमा वन विनाश र वन क्षयीकरण घटाउनका लागि सञ्चालित एउटा साझेदारी कार्यक्रम हो । विश्व खाद्य तथा कृषि संगठन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको सहकार्यमा सञ्चालित यस कार्यक्रमको मुख्य उद्देश्य विकासोन्मुख देशहरूमा रेडप्लसका माध्यमबाट कार्बन उत्सर्जन कटौती गर्नु रहेको छ । यस प्रयोजनका लागि सन् २००८ मा एउटा बहुदाता कोषको स्थापना गरिएको छ जसमा विभिन्न दातृसंस्थाहरूबाट रकम जम्मा गरी विकासोन्मूख देशहरूमा रेडप्लसको तयारीका लागि नीतिहरूको विकास गर्ने र सोको कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन खर्च गरिन्छ ।

V

Validation (मान्यता): कार्बन व्यापार कार्यक्रमसम्बन्धी प्रस्तावको कुनै पनि मान्यता प्राप्त तेस्रो पक्षबाट मान्यता प्रदान गर्ने प्रक्रियालाई जनाउन यस शब्दको प्रयोग गरिन्छ । कार्बन व्यापार परियोजना अगाडि बढाउने क्रममा पुरा गर्नुपर्ने यो एउटा महत्वपूर्ण चरण हो । यस चरणमा त्यस्तो स्वतन्त्र रुपमा रहेको तेस्रो पक्षले परियोजनाको परीक्षण गरी त्यस्तो परियोजना विकास गर्दा तोकिए बमोजिम वा छनौट गरिए बमोजिमको मापदण्डका विषयवस्तुहरू र प्रक्रियाहरू पुरा गरिएको छ वा छैन भन्ने कुराको पुष्टि गर्नुपर्ने हुन्छ । यस क्रममा खासगरी वन कार्बन परियोजना विकास गर्ने आधार वर्ष र बेसलाईनमा पहिचान गरिएको यथास्थितिको तुलनामा

परियोजना लागु गर्दा कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति वृद्धि हुन्छ वा हुँदैन र अतिरिक्त लाभहरू सिर्जना हुन्छन् की हुँदैनन् भनी निकै गम्भीरतापूर्वक मान्यता दिने वा नदिने कुराको निर्क्यौल सहित निर्णय दिनुपर्ने हुन्छ ।

Vegetation Type (वनस्पतिका प्रकार): वनमा रहेको कार्बन लगायतका श्रोतहरूको सर्वेक्षण तथा मापन गर्नका लागि वनलाई वनस्पतिका प्रकारका आधारमा विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । यसरी गरिएको विभाजनका आधारमा वनस्पतिका प्रकारका साथै वनका प्रकारहरू पनि पहिचान हुन्छन् ।

Verification (प्रमाणीकरण/सत्यापन): कार्बन व्यापार परियोजनाको लागि स्वीकृत प्रस्ताव अनुसार कार्य भए नभएको बारेमा कुनै पनि मान्यता प्राप्त तेस्रो पक्षबाट प्रमाणित गर्ने अर्थात् सत्यता जाँच गर्ने कार्यलाई प्रमाणीकरण/सत्यापन भनिन्छ ।

Verified Carbon Standards (VCS) (प्रमाणित कार्बन मापदण्ड): क्योटो अभिसन्धि अन्तर्गत समावेश नगरिएका कार्बन उत्सर्जन एकाईलाई प्रमाणीकरण/सत्यापन गरी स्वयंसेवी कार्बन व्यापारको अभिवृद्धि गर्नका लागि विकास गरिएका स्वयंसेवी प्रणालीहरूलाई स्वयंसेवी कार्बन मापदण्ड भनिन्छ ।

Verified Carbon Unit (VCU) (प्रमाणित कार्बन एकाई): प्रमाणित कार्बन मापदण्ड (Verified Carbon Standards-VCS) अन्तर्गत व्यापार हुने यो एक किसिमको प्रमाणित कार्बन एकाई हो । यी कार्बन एकाईहरू कार्बन बजार अन्तर्गत जहाँसुकै बिक्री भए पनि कार्बन दर्ता सम्बन्धी प्रणालीको माध्यमबाट निगरानीमा रही रहेका हुन्छन् ।

Verified Emission Reduction (VER) (प्रमाणित उत्सर्जन कटौती एकाई): क्योटो अभिसन्धिको कानूनी व्यवस्था वा त्यसका आधारमा निर्मित मापदण्ड बमोजिम नभई कुनै स्वतन्त्र परीक्षकले हरितगृह ग्याँस उत्सर्जन कटौतीको एकाई सत्यापन गर्न सक्दछ । यस क्रममा क्योटो अभिसन्धिको कानूनी प्रक्रिया पालना गर्नुपर्छ भन्ने छैन । यसरी स्वतन्त्र परीक्षकद्वारा प्रमाणीकरण/सत्यापन गरिएको हरितगृह ग्याँस उत्सर्जन कटौतीको एकाई स्वयंसेवी कार्बन बजारमा खरिद बिक्री हुन सक्छ ।

Voluntary Commitment (स्वयंसेवी प्रतिबद्धता): महासन्धिको प्रावधान अनुसार विकासोन्मुख देशहरू र खासगरी अतिकम विकसित देशहरूले हरितगृह ग्याँस उत्सर्जन कटौतीका लागि कानूनी रुपमा बाध्य हुने प्रतिबद्धताको पालना गर्नु पर्दैन । यद्यपि यस्ता

देशहरूले स्वयंसेवी रुपमा हरितगृह ग्याँस उत्सर्जन कटौती गर्ने योजना बनाई सोको कार्यान्वयन गर्न सक्दछन् । यस्तो योजना बनाइएमा विकासोन्मुख देशका लागि न्यून कार्बन विकास प्रणालीमा जान आर्थिक स्रोत प्राप्त हुने अवसरहरू खुल्ला हुन सक्दछन् ।

Vulnerability (संवेदनशीलता वा संकटासन्नता): जलवायु परिवर्तनका कारण सिर्जना भएका जोखिम, संवेदनशीलता, संकट, खतरा, प्रतिकूल प्रभाव आदिसँग जुध्न सक्ने हैसियतमा अत्यन्त कमी आएको अवस्थालाई अति संवेदनशीलता भन्ने गरिन्छ । यस्तो अवस्थामा अनुकूलनको क्षमतामा समेत कमी आइरहेको हुन्छ । प्रकोपहरूसँग बढी संवेदनशील हुने कुनै पनि प्रणालीको गुण तथा प्रकृतिलाई जोखिम भनिन्छ । अति संवेदनशीलता पनि एक किसिमको जोखिम हो ।

Vulnerable Groups (जोखिममा परेका एवं अति संवेदनशील समूहहरू): जोखिममा परेका एवं अति संवेदनशील समूहहरू भन्नाले सुरक्षित जीविकोपार्जनको निम्ति निर्भर रहेका स्रोत र साधनहरू (जस्तैः सामाजिक, सांस्कृतिक, मानवीय, वित्तीय, प्राकृतिक, भौतिक एवं राजनीतिक आदि) माथिको सुरक्षित पहुँच कम भएका जनता एवं समुदायलाई जनाउँदछ । यस्ता जनता एवं समुदाय र उनीहरूका पूँजीमा जलवायु परिवर्तन लगायतका बाह्य दबाब र खतराको उच्च सम्भावना हुन्छ जसले त्यस्ता पूँजीहरू र सोको उपयोग गर्ने जनताको क्षमतामा प्रभाव पारेको हुन्छ । यस्ता समूहमा त्यस्ता मानिसहरू पर्दछन् जुन मानिसहरू खासगरी लैङ्गिक, जातिगत एवं समाजिक-आर्थिक हिसाबले पछाडी पारिएका हुन्छन् ।

W

Warsaw Framework (वार्सा फ्रेमवर्क): वार्सा फ्रेमवर्क UNFCCC को १९औं सम्मेलन (COP 19) सन् २०१३ मा पोल्याण्डको वार्सा सहरमा अपनाइएको निर्णयहरूको समूह हो । यसको उद्देश्य वन विनाश र वन ह्रासबाट उत्सर्जन कटौती गर्दै जलवायु परिवर्तनको प्रभावलाई कम गर्नु हो । यी निर्णयहरूले REDD+ गतिविधिहरू कार्यान्वयनका लागि विस्तृत दिशानिर्देश प्रदान गदर्छन् ।

Weather (मौसम): कुनै सानो भूगोल वा स्थानको वायुमण्डलमा छिनछिन वा दैनिक रुपमा रहेको वायुमण्डलीय गतिको अवस्थालाई नै मौसम भनिन्छ । मौसमको

सूचकको रुपमा दैनिक तापक्रम, सापेक्षित आद्रता, सूर्योदय, वायु (हावा) को गति, वर्षात् आदिलाई लिने गरिन्छ । सानो भूगोल वा स्थानको मौसममा छिनछिन वा दैनिक रुपमा हुने परिवर्तनलाई मौसम परिवर्तन भनिन्छ । मौसम क्षणिक समयका लागि हुन्छ र यसमा उतारचढाव अर्थात् फेरबदल आउनु सामान्य मानिन्छ ।

Z

Zero tilage (**शून्य खनजोत**): जमिन खनजोत नै नगरी बाली लगाउने कार्य । यसमा उत्पादन खर्च कम हुनुका साथै चिस्यान जोगाउने, ठीक समयमा बाली लगाउने र भू-क्षय कम गर्ने कार्यमा सघाउ पुग्छ ।

सन्दर्भ सामग्रीहरू

Angelsen, A., Brockhaus, M., Sunderlin, W.D. and Verchot, L.V. (eds) (2012). Analysing REDD+: Challenges and choices. CIFOR, Bogor, Indonesia

Ben Vickers, Eveline Trines and Erica Pohnan (2012). Community guidelines for accessing forestry voluntary carbon markets, Maliwan Mansion, 39 Phra Atit Road Bangkok 10200 THAILAND

Costenbader, John (Ed.) (2009). Legal Frameworks for REDD. Design and Implementation at the National Level. IUCN, Gland, Switzerland. xiv + 200 pp

Edwards, K., Triraganon, R., Silori, C. and Stephenson, J. (2012). Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives. A Training Manual. RECOFTC, IGES and Norad, Bangkok, Thailand. viii + 184 pages

GoN/MoF/IECCD. (2017). Climate Finance Glossary-Nepali Version. Ministry of Finance, International Economic Cooperation Coordination Division, Kathmandu, Nepal. Viewed at: https://www.undp.org/sites/g/files/zskgke326/files/migration/np/UNDP_NP-Climate-Finance-Glossary-Nepali.pdf

Jacob Olander and Johannes Ebeling (2010). Building Forest Carbon Projects: A Step-by-Step Guide, Version 1.0* -- November 2010

Parker, C., Mitchell, A., Trivedi, M., Mardas, N. The Little REDD+ Book (2009). Global Canopy Foundation, Global Canopy Programme, John Krebs Field Station Oxford OX2 8QJ UK

REDD Cell (2011). Forest-Carbon-Measuement-Guideline_2011, REDD-forestry and Climate Change Cell, Ministry of Forest and Soil Conservation, Kathmandu, Nepal

REDD+SES (2012). REDD+ Social and Environmental Standards, Version 2 (10th September 2012), REDD+SES Secretariate, USA

Silviculture Working Group (SW-G). (2003). Glossary of Forestry Related Terms. Tree Improvement and Silviculture Component.

UNEP (2010). Green Economy: Developing Countries Success Stories, United Nations Environment Programme, 2010

UN-REDD (2013), Guidelines on Free, Prior and Informed Consent, UN-REDD Program, Geneva, Switzerland

जलवायु परिवर्तनका प्रभावहरूको समिक्षा र अनुकूलनका उपायहरू विश्लेषणका लागि सहभागितामुलक विधि र सामग्रीहरू (अभ्यासकर्ताहरूका लागि समुदायमा आधारित सामग्री) जीविकोपार्जनका लागि वन कार्यक्रम, मार्च, २०१०

ली-बर्ड (२०६८), जलवायु परिवर्तन र कृषि : कृषकका लागि सहयोगी पुस्तिका, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखरा

अनलाइन स्रोतहरू

https://www.cifor.org/redd-case-book/glossary/

https://www.un-redd.org/resources/glossary

https://www.forestcarbonpartnership.org/sites/fcp/files/2020/April/FCPF%20Glossary%20of%20Terms_2020_Final_Posted.pdf

https://dialogue.earth/ne/3-ne/120614/

विस्तृत जानकारीको लागि सम्पर्क

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं
फोनः ९७७-१-५३३९१२६
ईमेलः info@redd.gov.np, वेबसाइटः www.redd.gov.np